## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६४ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा म्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा म्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक


**सम्पर्क**

प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४

ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np


ISSN 2661-6122

# प्रहरी PRAHARI


द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६४, अंक ६ फागुन-चैत २०७९








विभिन्न स्थानमा जनचेतनामूलक कार्यक्रम गर्दै नेपाल प्रहरी ।

**सम्पूर्ण आम नागरिकको चाहना,**
**सुरक्षित र भरपर्दो समाज नेपाल प्रहरीको परिकल्पना ।**

**- नेपाल प्रहरी**

प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६४ अंक : ६ २०७९ फागुन-चैत

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि पोषराज पोखरेल

**सल्लाहकार**
प्र.उ. दिप शम्शेर ज.ब.रा

**प्रधान सम्पादक**
प्र.ना.उ.चन्चला श्रेष्ठ

**सम्पादक**
प्र.नि.प्रशान्त श्रेष्ठ
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

**कम्प्युटर**
प्र.नि. कल्पना अधिकारी
प्र.ना.नि. संगीता कार्की

**आवरण**
प्र.नि. कल्पना अधिकारी

**प्रकाशक**
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।

सम्पादकीय . .

## सुरक्षा र साहित्यको सम्बन्ध

नेपाल प्रहरीको गतिविधि सम्प्रेषण गर्ने, प्रहरीलाई व्यावसायिक ज्ञान दिलाउने र साहित्यलाई समेत स्थान दिने उद्देश्य सहित वि.सं. २०१६ सालमा प्रकाशन आरम्भ गरी हालसम्म अविच्छिन्न रूपमा प्रकाशित हुँदै आएको 'प्रहरी द्वैमासिक' आफ्नो ६४ वर्षे यात्रामा अनवरत अगाडि लम्किरहेको छ । नेपाल प्रहरीले वि.सं. २०१२ सालमा विधिवत वैधानिकता प्राप्त गरेपछि वि.सं. २०१६ सालसम्म करिब चार वर्षको अवधिमा सुरक्षा र साहित्य एक अर्काका परिपूरक हुन् भन्ने तथ्यलाई मनन् गरी दुवैलाई सँगसँगै लैजाने अभिप्रायले 'प्रहरी' प्रकाशनको आरम्भ गरिएको हो ।

राष्ट्रमा शान्ति सुरक्षा अमनचैन कायम गर्ने र नागरिकलाई निष्पक्ष तथा जनमुखी सेवा प्रदान गर्ने प्रमुख जिम्मेवारी प्राप्त नेपाल प्रहरीका कर्मचारीहरूमा व्यावसायिक दक्षता अभिवृद्धि गर्ने दायित्व बोकेको प्रहरी द्वैमासिकले पाठकहरूको रूचि र चाहनाअनुसार साहित्यिक सामग्रीहरूलाई समेत उचित स्थान दिंदै आएको छ । साहित्यले मानव विचारको व्याख्या गर्छ । नवीन ज्ञान पस्केर समाजलाई सुसंस्कृत र सभ्य बनाउन मद्दत गर्छ । बाटो बिराएकाहरूलाई असल बाटो हिंडाउन दृष्टि दिन्छ। मानिसलाई असल सामाजिक प्राणी बनाउन सहयोगी भूमिका निर्वाह गर्दछ । कानूनको पालना गराउने, आपसी सहयोग एवम् समन्वय गराउँदै सभ्य, समुन्नत र समृद्ध समाजको निर्माण गर्न साहित्यले प्रेरित गर्दछ । जब समाज सभ्य र शिष्ट बन्छ तब अराजकता लगायतका विविध आपराधिक गतिविधि

आफै निस्तेज भएर जान्छन् भन्ने हाम्रो विश्वास छ । फलतः साहित्यमार्फत समाजमा शान्ति सुरक्षा कायम हुन उल्लेखनीय भूमिका रहन जान्छ ।

यसै क्रममा सुरक्षा र साहित्यबीच संयोजनकारी भूमिकालाई अझ प्रगाढ, खँदिलो र नियमित बनाउनुपर्ने आवश्यकता बोध गरी 'प्रहरी द्वैमासिक प्रकाशन'लाई निरन्तरतासँगै विविध विषय समेट्दै नवीन ढङ्गले अगाडि बढ्ने सोच र प्रतिबद्धता हामीले गरेका छौं । यही सङ्घर्षको दौरानमा करिब छ दशकको प्रहरी पत्रिकाको प्रकाशन अवधिमा यसले निकै आरोह अवरोह पार गर्दै आएको छ । कोरोना महामारीको कारण उत्पन्न विषम परिस्थितिको कारण पछिल्लो समय प्रहरी द्वैमासिकले आफ्नो पत्रिका वेबसाइटमा पिडिएफ फाइलको रूपमा मात्र राख्न सकेको छ । विगतमाझैं प्रिन्ट माध्यमबाट पाठकहरूको माझ लैजान नसकिए पनि यसतर्फ हाम्रो प्रयास जारी छ ।

नेपाल प्रहरी संगठनले हालै ३०औं प्रहरी महानिरीक्षकको रूपमा नयाँ नेतृत्व प्राप्त गरेको छ । जनसेवा र राष्ट्रभक्तिलाई शीरोपर गर्दै कर्तव्यपथमा अनवरत समर्पित रही नेपाल प्रहरीको सर्वोच्च पद प्रहरी महानिरीक्षकमा नवनियुक्त प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरज्यूको कुशल नेतृत्वले संगठनलाई थप सुदृढ र सक्षम बनाउँदै यसको प्रतिष्ठा र मर्यादा बढाउने अपेक्षा गर्न सकिन्छ । यसको साथै प्रहरी प्रकाशनमा प्रकाशित विचार, अनुभूति र दृष्टिकोणले संगठनका हरेक सदस्यहरूलाई व्यावसायिक दक्षता अभिवृद्धि गर्ने, कार्यक्षेत्रमा सहयोग गर्ने, लेखनशैलीको विकास गर्ने, सुरक्षामा योगदान पुऱ्याउने र करिब छ दशकदेखि अविछिन्न प्रकाशन गरी देशकै साहित्य फाँटमा एउटा इतिहास कायम गर्न सफल प्रहरी द्वैमासिक प्रकाशनलाई थप प्रभावकारी रूपमा प्रकाशन गर्न समेत नयाँ नेतृत्वले ध्यान दिनेछ भन्ने विश्वास रहेको छ । साथै विगत लामो समयदेखि आफ्ना अमूल्य लेखरचना पठाएर सुरक्षा र साहित्यको सम्बन्ध प्रगाढ बनाउन सेतूको रूपमा सहयोग गर्नुहुने सम्पूर्ण लेखकवर्गमा धन्यवाद दिंदै आगामी दिनमा समेत दिग्गज लेखकवर्गहरूबाट विशुद्ध व्यावसायिक एवम् साहित्यिक रचनाहरूको अपेक्षा गर्दछौं । स्तरीय लेखरचनालाई सदैव साथ दिने प्रतिबद्धता समेत यहाँहरू समक्ष जाहेर गर्दछौं ।

अन्त्यमा, नवनियुक्त प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरज्यू, हालै पदोन्नति हुनुभएका प्रहरी अतिरिक्त महानिरीक्षज्यूहरू सहितको नयाँ नेतृत्वलाई प्रहरी प्रकाशनको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ अभियुक्तलाई सजायमा छुट सम्बन्धी नेपाल… | ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी | १ |
| ♦ प्रशासकीय अधिकारी र न्यायिक अधिकार | ✍ सह–न्यायाधिवक्ता सोमकान्ता भण्डारी | ११ |
| ♦ नेपाल प्रहरीमा बढुवा सम्बन्धी व्यवस्था र… | ✍ प्र उ मोहन कुमार थापा | २० |
| ♦ वैयक्तिक गोपनीयता र कानूनी व्यवस्था | ✍ प्र ना उ कृष्ण खड्का | ४२ |
| ♦ कानूनको व्याख्या र प्रहरीको अपेक्षा | ✍ प्र ना उ भोजराज पाण्डेय | ५८ |
| ♦ आत्महत्याको वर्तमान अवस्था र न्यूनीकरण… | ✍ प्र नि जनार्दन घिमिरे | ७४ |
| ♦ अदालतमा दायर हुने रिट निवेदन र लिखित… | ✍ प्र व ना नि सुरेश कुमार हायु | ८४ |
| ♦ लैङ्गिक हिंसा परिचय कानूनी व्यवस्था र….. | ✍ प्र व ना नि सरस्वती बुढाथोकी | ९७ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ निश्चयात्मिक वृद्धि | ✍ पूर्व प्र ना म नि इ महेशसिंह कठायत | १७ |
| ♦ रुकुमकोटको एक साँझ | ✍ युवराज नयाँघरे | ३४ |
| ♦ सुन्नाको कथा | ✍ रेणु अधिकारी 'मौनता' | ४८ |
| ♦ श्राप | ✍ गोपाल चन्द्र भट्टराई | ४९ |
| ♦ सङ्गत | ✍ छायादत्त न्यौपाने 'बगर' | ६४ |
| ♦ गुलाफी | ✍ बिन्दु अधिकारी ढकाल | ६९ |
| ♦ तातो पानी यात्राको चिसो गन्थन | ✍ घन बहादुर थापा | ७९ |
| ♦ बाल अधिकार | ✍ ममता मृदुल | ८९ |
| ♦ दुलहाजी | ✍ राजबाबु श्रेष्ठ 'सागर' | ९० |
| ♦ व्यावसायीकरण | ✍ माधव बिडारी 'चेतनपथ' | ९१ |
| ♦ दृष्टिविहीनका दृष्टिः लुइ ब्रेल | ✍ राजेशमान के. सी | ९२ |
| ♦ फोटो | ✍ गंगा खड्का | ९४ |
| ♦ वृक्षहरूको सम्मेलन | ✍ देवकी के. सी | ९५ |
| ♦ पाना नम्बर एक सय सतहत्तर | ✍ मनिष अर्याल | १०२ |
| ♦ परिवर्तन | ✍ प्र ज प्रेमा भुषाल | १०५ |
| ♦ मनको मल्हम ! | ✍ शान्ति शर्मा | १०७ |

♦ धार्मिक महत्व रहेको बहुउपयोगी ..... ✍ श्यामकृष्ण डंगोल 'प्रतीक्षा' १०८

## गीत / कविता/ गजल

♦ विडम्बना ✍ बिर्खे अज्जान १०
♦ गजल ✍ लीलाराज दाहाल १९
♦ सज्जन ✍ मुक्तिनाथ पोखरेल ४१
♦ गजल ✍ ऐच के. थिताल ६३
♦ गजल ✍ गङ्गा कर्माचार्य पौडेल ६८
♦ माया ✍ घनश्याम नेपाल ७३
♦ गीत ✍ दिपकराज विश्वकर्मा ७८
♦ गजल ✍ टिकाराम दुलाल ८३
♦ गीत ✍ बद्री प्रसाद ढकाल ९६
♦ मुक्तक ✍ मात्रिका घिमिरे १०९

## स्थायी स्तम्भ

♦ इतिहासको पानाबाट ११०
♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी संकलन : प्र ना नि संगिता कार्की १११
♦ रसबस संकलन : प्र स नि शरणजंग भण्डारी १११
♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु संकलन : प्र स नि जनक आचार्य ११२

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# अभियुक्तलाई सजायमा छुट सम्बन्धी नेपाल कानून र यसको प्रयोगका समस्या



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

## १. परिचय

आपराधिक कार्यको अनुसन्धान र अभियोजनका क्रममा कसूरमा संलग्न व्यक्ति वा समूह स्वयम्‌को सहयोगले पनि फौजदारी न्याय प्रणालीलाई मद्दत पुग्न सक्छ । अपराधको गहिराइसम्म पुग्न सकिने र अभियोजन पक्षलाई थप प्रमाण संकलन गर्न समेत मद्दत पुग्ने आधारमा सहयोगी अभियुक्तलाई सजायमा छुट वा कमी गर्ने जिकिरको सौदाबाजी सम्बन्धी अवधारणा फौजदारी न्याय प्रणालीमा अवलम्बन हुँदै आएको छ । नेपालमा मलुकी अपराध संहिता २०७४ तथा कार्यविधि संहिता २०७४ ले सहयोगी अभियुक्तलाई कसूरमा सावित भएको वा प्रमाण संकलनमा सहयोग गरेको आधारमा सजायमा छुट दिन सक्ने सम्बन्धी अवधारणा स्वीकार गरेको छ । अभियुक्त वा प्रतिवादीले आफूले गरेको कसूर स्वीकार गरी अनुसन्धानमा सहयोग पुऱ्याएमा वा कतिपय अपराधको अनुसन्धानको गहिराइसम्म पुग्न सहयोग गरेकोमा त्यस्ता अभियुक्तलाई सजायमा छुट वा कमी हुने व्यवस्थाले फौजदारी न्याय प्रणाली छिटो, छरितो र प्रभावकारी हुन सक्छ भन्ने मान्यताअनुसार जिकिरको सौदाबाजी सम्बन्धी अवधारणाको विकास भएको हो । यो फौजदारी कानून र यसको कार्यान्वयनका सम्बन्धमा विकसित आधुनिक मान्यता हो । जिकिरको सौदाबाजी एउटा त्यस्तो प्रकृया हो जसमा अभियुक्त वा प्रतिवादीले स्वेच्छाले आफूले कसूर गरेको अभियोजन पक्षसँग स्वीकार गर्दछ र त्यसवापत अभियोजन पक्षले अभियोग वा सजायमा पूर्ण वा आंशिक छुट वा कम सजाय हुने गरी दावी प्रस्ताव गर्दछ । कसूरमा हुने सजायमा छुट वा कम सजाय हुने शर्तमा अभियुक्तले अभियोजन पक्ष समक्ष कसूर गरेको स्वीकार गरी बयान गर्ने तथा अनुसन्धानमा थप प्रमाण उपलब्ध गराउन वा संलग्न गिरोह वा समूह वा अन्य व्यक्ति पत्ता लगाउन सहयोग गर्ने प्रकृया जिकिरको सौदाबाजी हो ।

हाम्रो जस्तो फौजदारी न्याय प्रणाली प्रभावकारी नभएको देशमा अभियुक्तहरूले कसूर स्वीकार गर्ने भन्दा इन्कार हुने प्रवृत्ति ज्यादा रहेको छ । अनुसन्धानको क्रममा कसूर स्वीकार गरी बयान गरेकोमा पनि अदालतमा उपस्थित भई बयान गर्दा ठूलो संख्यामा अभियुक्तहरू इन्कार हुने गरेको पाइन्छ । अभियुक्तको इन्कारीलाई खण्डन गर्ने गरी भौतिक सबुद प्रमाण जुटाउन नसक्दा अभियुक्तले सफाइ पाउने अवस्था रहन्छ । किनकी कसूर स्वीकार गर्दा सजायमा कुनै छुट हुने अवस्था थिएन । अनुसन्धान र अभियोजनलाई थप प्रमाण संकलन गर्नुपर्ने भारबाट मुक्त गरी त्यस्ता निकायको समय, श्रम र खर्च बचत हुने, अभियुक्त अर्थात प्रतिवादीले पनि सजायमा छुट हुने विश्वासमा कसूर स्वीकार गर्ने, अभियुक्तको समय र खर्च कम हुने जस्ता कारणले फौजदारी न्याय प्रणालीमा जिकिरको सौदाबाजी सम्बन्धी कानूनी व्यवस्थालाई विभिन्न देशमा प्रचलनमा ल्याइएको छ । संयुक्त राज्य अमेरिकामा जिकिरको सौदाबाजीलाई फौजदारी न्याय प्रणालीको एक अभिन्न अङ्ग मानिन्छ । त्यहाँ ९०% फौजदारी मुद्दाको कसूर ठहर जिकिरको सौदाबाजीको आधारमा हुने तथ्याङ्क रहेको छ ।

अभियुक्तले कसूर स्वीकार गरी अनुसन्धानको क्रममा र अदालतमा साबिती भई बयान गरेकोमा त्यस्तो अभियुक्त वा प्रतिवादीलाई दावीमा वा सजायमा छुट हुने गरी अभियोक्ताले सुविधा प्रदान गर्ने कानूनी व्यवस्था हाम्रो फौजदारी न्याय प्रशासनमा स्वीकार गर्न सकिएको थिएन । नेपालको फौजदारी न्याय प्रणालीमा यो व्यवस्था अवलम्बन गर्नु पर्दछ भन्ने मान्यताका आधारमा २०७५ भाद्र १ देखि लागू भएको मुलुकी अपराध संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा सजायमा छुट दिन सकिने जिकिरको सौदाबाजी सम्बन्धी अवधारणालाई स्वीकार गरिएको छ तर जिकिरको सौदाबाजी गर्ने गरी अभियोजन पक्षलाई अधिकार भने दिएको छैन ।

## २. जिकिरको सौदाबाजीको अवधारणा

जिकिरको सौदाबाजी सम्बन्धी व्यवस्था संयुक्त राज्य अमेरिकाबाट शुरू भएको मानिन्छ । यो व्यवस्था लामो र जटिल न्यायिक प्रकृयालाई हटाई छिटो छरितो रूपमा फौजदारी मुद्दालाई अन्त्य गर्ने उद्देश्यका साथ लागू गरिएको हो । यदी फौजदारी न्याय प्रणालीमा हरेक मुद्दा अदालती कारबाहीमा लैजाने हो भने अदालतमा मुद्दाको संख्या अत्याधिक हुने र त्यसले सम्पूर्ण न्याय प्रणालीमा नकारात्मक प्रभाव पर्न जान्छ भन्ने मान्यताका आधारमा पनि यो अवधारणा

प्रचलनमा आएको मानिन्छ । जिकिरको सौदाबाजीमा वार्ताको क्रममा नै अभियुक्तउपरको अभियोग र हुने सजाय प्रस्ताव गर्ने कुरा निश्चित हुने हुँदा यसले निश्चिततामा जोड दिन्छ भने यो प्रणालीले अदालती कारबाहीमा हुने असुविधा र जटिलतालाई सरल बनाउछ । संगठित रूपमा गरिने प्रकृतिका अपराधहरू जस्तोः लागूऔषध, हातहतियार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, भ्रष्टाचारजस्ता अपराधमा सजायमा छुट हुने कुराले कुनै एक अभियुक्तबाट गिरोहको बारेमा र अन्य अभियुक्तको बारेमा जानकारी प्राप्त हुन सक्छ र अपराधको गहिराइसम्म पुग्न सकिन्छ । यी आधारमा यो प्रकृयालाई अवलम्बन गरिनुपर्छ भन्ने मान्यता विकास भएको हो । फौजदारी मुद्दामा गरिने त्यस्तो सम्झौता जसमा अभियोक्ताले अभियुक्त वा प्रतिवादीलाई कसूर स्वीकार गरेमा वा अनुसन्धानमा अन्य कसूरदार पत्ता लगाउन वा प्रमाण संकलन गर्न सहयोग गरेमा कम सजायको मागदावी लिने वा कुनै कसूरमा अभियोजन नगर्ने गरी सिफारिस गर्ने अवधारणा जिकिरको सौदाबाजी हो । यो अभियुक्त वा प्रतिवादीलाई कसूर स्वीकार गरेको वा अनुसन्धान र अभियोजनमा सहयोग पुऱ्याएको आधारमा सुविधा दिने प्रकृया हो ।

जिकिरको सौदाबाजी पूर्णतः स्वेच्छिक प्रकृया हो । किनकी कुनै पनि अभियुक्तलाई आफू विरूद्ध साक्षी हुन कर लाग्दैन र निजलाई चुप लाग्ने हक प्राप्त हुन्छ । यदि त्यो अधिकार उसले स्वेच्छाले त्याग गरी कसूर स्वीकार्दछ भने मात्रै त्यस्तो स्वीकारोक्ति प्रमाण योग्य मानिन्छ । यो अभियोक्ता र अभियुक्त बीच निश्चित शर्तमा भएको आपसी सहमति भएको हुँदा दुवै पक्षले सहमतिका शर्तहरू पालना गर्नुपर्ने हुन्छ ।

**३. नेपालमा जिकिरको सौदाबाजी सम्बन्धी कानूनी व्यवस्था**

नेपालको फौजदारी न्याय प्रणालीमा जिकिरको सौदाबाजी सम्बन्धी अवधारणालाई कानूनी रूपमा मुलुकी अपराध संहिता लागू भएपछि स्वीकार गरिएको छ । तथापि, केही अपराधहरूमा यस सम्बन्धी व्यवस्था यस अघि पनि गरिएको थियो जुन व्यवस्था हाल पनि प्रचलनमा रहेका छन् तर त्यसको प्रयोग र कार्यान्वियन सीमित रहेको थियो ।

**३.१ लागूऔषध (नियन्त्रण) ऐन, २०३३**

यस ऐनको दफा १८ (ग) ले लागूऔषध कारोबारमा स्वयम् संलग्न गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा संलग्न भए तापनि सो अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक

रूपमा सजाय छुट हुने गरी अभियोग पत्रमा उल्लेख भएमा मुद्दा हेर्ने अधिकारीले सजायमा छुट दिन सकिने व्यवस्था गरेको छ । यो व्यवस्था अनुसन्धानकर्तालाई लागूऔषध जस्तो गम्भीर फौजदारी अपराधमा सुराक दिई मुख्य व्यक्ति पक्राउ गर्न सहयोग गरेको अवस्थामा सजायमा छुट दिन सकिने गरी जिकिरको सौदाबाजीको अवधारणालाई प्रयोगमा ल्याउन खोजेको देखिन्छ । लागूऔषध गम्भीर प्रकृतिको संगठित प्रकृति अपराध हुने हुँदा त्यस्तो संगठित रूपमा भएको अवस्थामा त्यसको गिरोह वा संगठनसम्म पुग्न त्यसैमा संलग्न व्यक्ति वा अभियुक्तलाई सुराकीको रूपमा प्रयोग गर्ने र मुख्य व्यक्ति पत्ता लगाई अपराध नियन्त्रण गर्न सहयोग हुन सक्ने आधारमा यस्तो छुटको व्यवस्था भएको देखिन्छ । यो व्यवस्थाबाट अभियुक्तले guilty plea गरेको आधारमा मात्र अभियोग वा सजायमा छुट पाउने नभई अनुसन्धानमा गिरोह वा मुख्य व्यक्ति पत्ता लगाउन र पक्राउ गर्न सहयोग गरेको अवस्थामा मात्रै लागू हुने देखिन्छ । यसमा अभियोजन पक्षले पूर्ण रूपमा र आंशिक रूपमा सजायमा छुटको प्रस्ताव गर्न सक्छ र अदालतले सोही आधारमा छुट दिन सक्छ ।

**३.२ भ्रष्टाचार निवारण ऐन, २०५९**

यस ऐनको दफा ५५ मा अनुसन्धानको काम कारबाहीमा सहयोग गरेको आधारमा अभियुक्तलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सकिने व्यवस्था गरिएको छ । उक्त कानूनी व्यवस्था अनुसार भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धानको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सकिन्छ । अभियुक्तले यस्तो छुट प्राप्त गर्न अनुसन्धान अधिकारीलाई अनुसन्धान काममा सहयोग गर्नुपर्ने आवश्यकता रहन्छ । यो कानूनी व्यवस्थाबाट अभियुक्त आफू कसूरमा साबित भएर नै अनुसन्धानमा सहयोग गरेको हुनुपर्ने भन्ने पनि देखिँदैन । यो व्यवस्थामा त्यस्तो छुट पाउने अभियुक्तलाई अनुसन्धानकर्ताले साक्षीको रूपमा प्रस्तुत गर्ने हुँदा ऊ अभियोजन पक्षको साक्षी हुन्छ तर निजले गरेको सहयोग अन्य सबुद प्रमाणबाट पुष्टि नभएमा वा निजले सहयोगको प्रतिकूल हुने गरी अदालतमा बयान दिएमा पुनः मुद्दा दायर हुन सक्छ । तसर्थ, अनुसन्धानकर्तालाई गरेको सहयोगबाट सजायमा छुट पाउन त्यस्तो अभियुक्तले अदालतमा पनि सोही मिलानको बयान दिनुपर्ने हुन्छ।

**३.३ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

यस ऐनको दफा २१ मा मानव

बेचबिखन र ओसारपसारको अपराध गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल र अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा २५% सम्म सजाय छुट दिन सक्ने व्यवस्था गरिएको छ तर यस्तो छुट देहायका अवस्थामा दिन सकिँदैन ।

**(क)** मुख्य अभियुक्तको हकमा

**(ख)** बालबालिका बेचबिखन र ओसारपसार गरेकोमा

**(ग)** पटक पटक सजायको छुट पाइसकेकोमा ।

यो कानूनी व्यवस्था अनुसार सजायमा छुट पाउन त्यस्तो अभियुक्तले कसूर स्वीकार गरेको हुनुपर्छ र उक्त कसूरका सम्बन्धमा प्रमाण जुटाउन अन्य अभियुक्त वा गिरोह वा मतियार पक्राउ गर्न अभियोजन र अदालतलाई सहयोग गरेको हुनुपर्ने देखिन्छ । सजायमा छुट पाउन अभियुक्तले प्रमाण जुटाउन वा अन्य अभियुक्त, मतियार पक्राउ गर्न सहयोग गरेको हुनुपर्ने अनिवार्य रहेको छ ।

**३.४ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४**

यो ऐनको दफा ४४ मा सो ऐन बमोजिमको कसूरको अनुसन्धान एवम् तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकृतले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सक्ने व्यवस्था गरिएको छ । यस ऐनको व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को व्यवस्थासँग समान देखिन्छ ।

**३.५ बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४**

यस ऐन बमोजिमको अनुसन्धान तथा तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सक्छ तर निजले गरेको सहयोग अन्य सबुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा निजउपर पुनः मुद्दा दायर गर्न सकिन्छ ।

**३.६.संगठित अपराध निवारण ऐन, २०७०**

सङ्गठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य

अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएमा र निजले पहिलो पटक सङ्गठित अपराध गरेको देखिएमा त्यस्तो सङ्गठित अपराधमा निजलाई हुने सजायमा ७५% सम्म छुट दिने गरी मागदावी लिई मुद्दा दायर गर्न सकिने व्यवस्था गरेको छ। त्यस्तो दावी अभियोजनकर्ता सरकारी वकिलले लिनुपर्ने हुन्छ ।

**३.७ मुलुकी अपराध संहिता, २०७४**

कुनै कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन पक्ष वा अदालतलाई सघाउ पुऱ्याएकोमा कानून बमोजिम हुने सजायको बढीमा ५०% सम्म सजाय छुट दिन सकिने व्यवस्था संहिताले गरेको छ। एकपटक सजाय छुटको सुविधा पाइसकेको कसूरदार, कैद सजाय हुने कसूरमा दोषी ठहर भई कैद भुक्तान गरेको अवधि तीन वर्ष पूरा नगरेको र जुन कसूरमा सजाय छूट माग गरिएको हो सोही प्रकृतिको कसूरमा एक पटक सजाय पाइसकेको व्यक्तिले यो छुट प्राप्त गर्न अयोग्य हुन्छ। अभियुक्तलाई सजायमा छुटको दावी गर्दा अभियुक्तले अनुसन्धान वा पुर्पक्षको कुन अवस्थामा कसूर स्वीकार गरेको हो र कस्तो परिस्थितिमा त्यस्तो कसूर स्वीकार गरेको हो सो कुरालाई समेत अभियोजनकर्ताले विचार गर्नुपर्छ। अपराध संहितामा अभियोजनको सौदाबाजी भन्ने शब्दावली प्रयोग गरिएको छैन । तथापि अभियोजनको सौदाबाजीका तत्वहरूलाई समेटेर सहयोगी अभियुक्तलाई सजायमा ५०% सम्म अभियोजनकर्तले छुट दिनसक्ने कुरालाई कानूनी मान्यता दिइएको छ । कमजोर अपराध अनुसन्धान र अभियोजनको अवस्था रहेको हाम्रो मुलुकमा यसको अभ्यास र प्रयोगबाट कसूरदारलाई न्यायको रोहमा ल्याउन मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ। तर यसको प्रयोग र कार्यान्वयनमा एकरूपता कायम गर्न अनुसन्धानकर्ता र अभियोजनकर्ताले अपनाउनुपर्ने मापदण्ड बनाउन पर्ने देखिन्छ ।

**३.८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**

मुलुकी अपराध संहिता, २०७४ गरिएको सजायमा छुट दिने सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने प्रकृयाका बारेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ मा यस सम्बन्धी व्यवस्था गरिएको छ । उक्त व्यवस्था अनुसार कुनै अभियुक्तले अनुसन्धान अधिकारीलाई कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा त्यस बापत कानून बमोजिम हुने सजायमा

छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सिफारिस गर्न सक्छ । यसरी सिफारिस भई आएमा वा मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग गरेको देखिएमा सरकारी वकिलले त्यस्तो सिफारिस वा सहयोग विचार गरी सजायमा छुटको प्रस्ताव गरी शर्त सहितको मागदावी लिई अभियोगपत्र दायर गर्न सक्तछ । यस सम्बन्धमा अनुसन्धान अधिकारीको सिफारिस भई आएकोमा मात्र सरकारी वकिलले सजायमा छुटको दावी गर्न सक्ने व्यवस्था रहेकोमा हालै भएको संशोधनबाट अभियुक्तले अनुसन्धानमा सहयोग गरेको मिसिलबाट देखेमा सरकारी वकिलले सजायमा छुटको दावी गर्न सक्ने व्यवस्था गरिएको छ ।

सजायमा छुटको दावी लिदा २ प्रकारको छुटको व्यवस्था कार्यविधि संहितामा गरिएको छ । अभियुक्तले आफूले गरेको कसूर अनुसन्धान अधिकारी वा सरकारी वकिल समक्ष पूर्ण रूपमा स्वीकार गरी साबिती भएमा निजलाई हुने सजायमा २५ प्रतिशतसम्म सजाय छुटको प्रस्ताव गरी अभियोगपत्र दायर गर्न सक्तछ । यसै गरी अभियुक्तले आफू समेत संलग्न भएको कसूरमा साबित भई सो कसूरमा संलग्न अन्य कसूरदार वा गिरोह वा कसूर गराउन निर्देशन दिने मुख्य व्यक्ति वा कसूरमा संलग्न व्यक्तिलाई पक्राउ गर्न वा कुनै संगठित वा समूहगत रूपमा भएको कसूर भए सो कसूरमा संलग्न अन्य व्यक्ति वा स्थान देखाउन, कसूर सम्बन्धी दशी प्रमाण बरामद गर्न वा जफत गर्न सघाउ पुऱ्याएको भए निजलाई हुने सजायमा ५०% सम्म छुटको दावी लिई अभियोगपत्र दायर गर्न सक्छ । दुवै प्रकारको छुटको दावी गर्दा अभियुक्तले त्यस्तो सहयोग गरेको कुरा प्रष्ट रूपमा देखिनुपर्ने हुन्छ । सरकारी वकिल वा अनुसन्धानकर्ताको स्वविवेकमा यो छुटको दावी गर्न सकिदैन ।

तर एकपटक सो सुविधा पाइसकेको, कैद सजाय पाएकोमा कैद भुक्तान भएको अवधि ३ वर्ष पूरा नगरेको र त्यस्तै कसूरमा एक पटक सजाय पाइसकेको अभियुक्तको हकमा सजायमा छुटको दावी गर्न सकिदैन । साथै अभियोगपत्र दायर भई सकेपछि अभियुक्तले अदालतमा फरक बयान दिएमा वा प्रतिकूल प्रमाण दिएमा वा कसूर इन्कार गरेमा वा न्यायिक कारबाहीमा सहयोग नपुऱ्याएमा उक्त सुविधा पाउन सक्दैन। सरकारी वकिलले सजाय छुटको प्रस्ताव रद्द गरी थप सजायको मागदावी गर्नु पर्दछ ।

**४. सजायमा छुट सम्बन्धी व्यवस्थाको कार्यान्वयन**

संहितामा गरिएको सजायमा

छुटको व्यवस्था कसरी कार्यान्वयन गर्ने भन्ने प्रश्न महत्वपूर्ण रूपमा रहेको छ । जिकिरको सौदाबाजीमा जस्तो यस व्यवस्थामा अभियोजनकर्ता वा अभियुक्त वा निजको कानून व्यवसायीबिच कसूर स्वीकार गर्ने र छुट दिने गरी सम्झौता गर्ने व्यवस्था संहितामा गरिएको छैन । अभियुक्तले कसूर स्वीकार गरेकोमा २५% सम्म र अन्य प्रकारको सहयोग गरेकोमा ५०% सम्म सजायमा छुटको प्रस्ताव गर्न सकिन्छ तर अभियुक्तले यस्तो सहयोग गरेको कुरा अनुसन्धान प्रतिवेदन तथा मिसिलबाट देखिनुपर्ने हुन्छ । कसूर स्वीकार गरेकोमा पूरै २५ % छुटको दावी गर्ने वा सो भन्दा कम छुटको दावी गर्ने भन्ने कुरा पनि प्रष्ट छैन । यसमा सरकारी वकिलले कसूरको प्रकृति, अवस्था, कसूर गर्दाको परिस्थिति, कसूरबाट पर्न गएको क्षति, अभियुक्तले गरेको साबितीको विश्वसनियता समेतलाई आधार बनाउन सक्ने भए पनि यसमा सरकारी वकिललाई केही कठिनाई हुन सक्छ । यसै गरी अनुसन्धानमा सहयोग गरेकोमा के कस्तो आधारमा ५०% सम्म छुटको दावी गर्ने भन्ने विषयमा निश्चित मापदण्ड आवश्यक देखिन्छ । कानूनमा गरिएको यी व्यवस्थाको कार्यान्वयन संहिता लागू भएको ३ वर्षको अवधिमा हुन सकेको पाइदैन । यस प्रति अनुसन्धान अधिकारी, सरकारी वकिल, अभियुक्त वा निजको कानून व्यवसायी समेत जानकार हुन र यसले पार्ने सकारात्मक प्रभाव र उत्पन्न हुने चुनौतीका विषयमा सजग गराउने प्रयास हुन सकेको पाइदैन । अदालत आफैले यस्तो छुट दिन सक्ने व्यवस्था संहितामा गरिएको छैन । अदालतले केवल सजायको गम्भीरता घटाउने आधारको रूपमा यसलाई हेर्न सक्ने अवस्था छ । तसर्थ सरकारी वकिलले यसलाई सावधानीपूर्वक विचार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । अभियुक्तले साबिती बयान गरेकोमा सो साबितीलाई मात्र आधार मानी सजायमा छुटको दावी लिने कुरा जोखिमयुक्त पनि हुन सक्छ । अन्य व्यक्तिलाई बचाउन वा अन्य कसूरदार समेत संलग्न रहेकोमा सो कुरा नदेखाउन पनि कसूर स्वीकार गर्न सक्ने हुन्छ । यसतर्फ अनुसन्धानकर्ता तथा अभियोजनकर्ताले हेक्का राख्नुपर्ने हुन्छ । सजायमा छुट दिने गरी दावी लिने र दिने कार्यको उद्देश्य थप अनुसन्धान र कारबाहीमा समय कम लाग्ने, आफ्नो गैरकानूनी कार्य स्वीकार गरी पश्चाताप गर्ने अवसर दिनु हो ।

**५. सजायमा छुट दिने सम्बन्धी व्यवस्था कार्यान्वयनका चुनौती**

जिकिरको सौदाबाजी सम्बन्धी

व्यवस्थाको पक्षमा सकारात्मक कुराहरू भए पनि यसका आफ्नै सीमा, चुनौती र कठिनाइ रहेका छन् । राज्यले नै प्रमाणद्वारा उसका विरूद्धको अभियोग पुष्टि गर्नुपर्ने र चुप लाग्न पाउने संवैधानिक अधिकारलाई यसले सिमित गर्दछ भन्ने तर्क पनि रहेको पाइन्छ । साथै अभियोक्ताले यस अधिकारको व्यापक दुरूपयोग गर्न सक्ने, अभियुक्तलाई घम्की र दबाब दिई कसूर स्वीकार गर्न लगाउन सक्ने जोखिम हुने कुरा पनि रहेको छ । यसका अलावा अभियुक्तले अन्य व्यक्तिलाई उम्काउन वा बचाउन आफूले मात्र कसूर गरेको भन्ने वा अन्य व्यक्तिको कसूर आफैले स्वीकार गर्ने सम्भावना पनि रहन सक्छ । यी विषयहरू यसका चुनौतीका रूपमा रहेका छन् । जिकिरको सौदाबाजीको प्रत्यक्ष र निकट सम्बन्ध पुरस्कार, घम्की र दबाबसँग रहने हुँदा सकारात्मक कानूनी परिणाम प्राप्त हुन सक्दैन भन्ने पनि रहेको छ । भारतमा कानून आयोगले दावीको सौदाबाजी सम्बन्धी व्यवस्थालाई एकै पटक लागु गर्न नहुने र चरणबद्ध रूपमा अवलम्बन गर्नुपर्ने र त्यसको प्रयोगको अवस्था हेरेर मात्र अन्य मुद्दामा पनि यो सुविधा दिने नदिने निर्णय गर्ने भन्ने प्रतिवेदन दिएको छ । उक्त सुझाव अनुसार भारतमा निश्चित अपराधमा यो सुविधा नदिने र ७ वर्ष भन्दा कम सजाय हुने मुद्दामा पनि सीमित आधारमा यो सुविधा दिने कानूनी व्यवस्था गरिएको देखिन्छ । अन्य देशहरूको अनुभव तथा विद्यमान कानूनी व्यवस्थाका आधारमा नेपालमा यो व्यवस्था कार्यान्वियन गर्न निम्न कुरामा ध्यान दिनुपर्ने हुन्छ।

(१) कानूनको उचित प्रकृया र स्वच्छ सुनुवाइ गर्न पाउने अभियुक्तको अधिकारमा असर नपर्ने गरी स्वेच्छापूर्वक कसूर स्वीकार गर्ने र अनुसन्धानमा सहयोग गर्ने वातावरण अनुसन्धानको क्रममा निर्माण गर्नुपर्दछ ।

(२) अनुसन्धानकर्ता र अभियोजनकर्ताले कसूर स्वीकार गर्न बाध्य पार्न सक्ने र यसको दुरूपयोग हुन सक्नेतर्फ सजग हुनुपर्ने देखिन्छ । यस प्रकृयाको दुरूपयोग र जथाभावी प्रयोग हुनसक्ने कुरालाई नियन्त्रण गर्ने तर्फ प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ । यसका लागि अनुसन्धाकर्ता र अभियोजनकर्तालाई अभिमुखीकरण गर्न आवश्यक छ।

(३) अपराध पीडितलाई यस प्रकृयामा सहभागी गराउन आवश्यक छ । पीडितको सहमति वा सहभागितालाई सुनिश्चित गर्नुपर्दछ ।

(४) यसको कार्यान्वयनमा एकरूपता कायम कायम गर्न र सरकारी वकिलका लागि यसको अवलम्बन गर्न निश्चित आधार र मापदण्ड सहितको निर्देशिका

बनाई लागू गर्नुपर्ने देखिन्छ।

(५) सजायमा छुट कति प्रतिशत दिने भन्ने कुरा सरकारी वकिलको स्वविवेकमा छाडिएको छ । यस सम्बन्धी मापदण्ड नभएका कारण सरकारी वकिलको निर्णयमा एकरूपता नहुने र फरक फरक अभ्यास हुनसक्नेतर्फ ध्यान जान आवश्यक छ ।

(६) सजायमा छुट दिने कानूनी व्यवस्थाको प्रयोगले सकारात्मक प्रभाव पार्ने हुँदा यसका लागि अनुसन्धानकर्ता अभियोजनकर्ता, अभियुक्त, प्रतिरक्षी कानून व्यवसायी, अपराध पीडित पनि सजग र सचेत हुन आवश्यक छ । ♦♦

**कविता**

# विडम्बना



✍ **बिर्खे अञ्जान**

यथार्थको सङ्लो नदी
कहिल्यै आफ्नै गतिमा बग्न सक्दैन
र, धर्मराउँदै अस्तित्वको खोजमा
सत्य पनि उज्यालोकै प्रतीक्षा गरिएको हुन्छ
भो नगर्नुहोस् सवाल
बत्ती मुनि किन अँध्यारो हुन्छ ?
किन पहाड हाँस्दा पहिरो जान्छ ?
छछल्किँदा पानी
किन बगाउँछ अनेकौं बस्ती ?

जिज्ञासाको जटिलतामा
सृष्टिको रहस्य
जसरी बुझ्न कठिन छ
हो त्यसरी नै सायद जिन्दगी बुझ्न नसकेर
सम्बन्धको सौन्दर्य शास्त्र विभाजित छ ।

समयको डिलबाट
नियालेर जब हेर्न थालिन्छ–मान्छेको अनुहार
अनगिन्ती भेटिन्छ कुटिलताको चक्रव्यूह
सहजै पराजित भईरहेको देख्न सकिन्छ
आत्मीयताको न्यानो स्पर्श
बाँचेर अस्तिरपञ्जर अनुभूति
घामको बलेसीमा थापेर आँसुको रापिलो पीडा
हिंड्नैपर्छ कुल्चेर आफ्नै मुटु
र, मरेर दिनदिनै बाँचेको अभिनय गर्नुपर्छ ।

भ्रमको हाटबजारमा
विवेकलाई बन्दक राखेर
बिक्री गरिन्छ विश्वासको पनि
आफ्नैबाट रेटिन्छ प्रेमको गला
र, तानेर आफन्तकै खुट्टा
मनाइन्छ विजय उत्सव ।

# प्रशासकीय अधिकारी र न्यायिक अधिकार



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी [०]

## १. पृष्ठभूमि

सामान्य अदालतबाट मात्रै न्याय इन्साफ गरिनु पर्दछ भन्ने परम्परागत धारणामा हाल परिवर्तन आएको छ । राज्यको लोक कल्याणकारी भूमिका, नागरिकले राज्यप्रति राख्ने अपेक्षा, सरकारी सेवा प्रवाहमा आएको परिवर्तन र विविधीकरण, औद्योगिक क्रान्तिले आर्थिक गतिविधिमा पारेको प्रभाव, विश्वव्यापीकरण आदिले केही हदसम्म अव्यावहारिक तुल्यायो । त्यस कारण यसको विकल्पको खोजी हुन थाल्यो । यसका साथै प्राविधिक विषयका विवाद विशिष्ट ज्ञान प्राप्त विशेषज्ञबाट समाधान गरिनु उपयुक्त हुन्छ भन्ने अवधारणाको कारण विषयगत न्यायाधीकरण र अर्धन्यायिक निकायहरूको परिकल्पना र स्थापना हुन थाल्यो । नियमित अदालतदेखि बाहेक अन्य निकायबाट विवादको समाधान गर्ने कुरा कानूनको शासनको विपरीत मानिन्छ तर कानूनको शासनको प्रणेता ए.भी. डायसीकै मुलुक बेलायतमा अर्धन्यायिक निकाय र न्यायाधीकरणलाई आधुनिक राज्यको अपरिहार्य आवश्यकता मानिएको छ । मन्टेस्क्यूले प्रवर्तन गरेको शक्ति पृथकीकरणको सिद्धान्तले निरपेक्ष पृथकीरण अर्थात औपचारिक पृथकीकरणको अवधारणा ल्यायो जो व्यावहारिक दृष्टिले कार्यात्मक रूपमा लैजान निकै नै जटिल देखियो ।[१] त्यस कारण नियन्त्रण र सन्तुलनको सिद्धान्तको जन्म भयो । यससँगै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले गर्ने कार्यक्षेत्रमा निरपेक्ष निकायगत पृथकीकरण सम्भव, उपयुक्त र व्यावहारिक नभएको र ती निकायहरूले आफूले गर्ने मुख्य कार्य बाहेक केही

---

[०]सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाडौं ।

१. श्यामकुमार भट्टराई, शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन, सोपान मासिक, २०६७ कार्तिक वर्ष ७ अंक ५ पूर्णाङ्क ७७ पृ. ९ ।

पृथक कार्यहरू पनि गर्नुपर्ने जरूरी ठानियो । न्यायपालिका र विधायिकाले आफ्नो प्रशासनिक कार्य गर्ने, कार्यपालिका र विधायिकाले केही न्यायिक कार्य गर्ने एवम् न्यायपालिकाले प्रशासनिक र केही विधायिनी कार्य गर्ने जिम्मेवारी प्रदान गर्नु पर्ने आवश्यक ठानियो । सोही सन्दर्भमा प्रशासकीय अधिकारीलाई सिमित विषयमा न्यायिक कार्य गर्न सक्ने गरी अधिकार प्रदान गरियो । प्रशासकीय अधिकारीलाई न्यायिक अधिकार प्रदान गर्नुपर्ने आवश्यकतासँगै यसको प्रयोग हाल विश्वव्यापी रूपमा भएको देखिन्छ ।

**२. प्रशासकीय अधिकारी र न्यायिक अधिकार दिनुपर्ने आवश्यकता**

♦ बीसौं शताब्दीको शुरूवातसँगै लोक कल्याणकारी राज्य (Welfare State) को अवधारणाले विश्वव्यापी रूपमा मान्यता पाउन थाल्यो । यसले सरकारको क्षेत्रमा व्यापकता ल्यायो । राज्यले आर्थिक, सामाजिक, उद्योग, व्यापार, वाणिज्य जस्ता क्षेत्रमा पनि सरकारको उपस्थिति देखा पर्‍यो । यसको सँगसँगै मिश्रित अर्थ व्यवस्था (Mixed Economy) को अवधारणाले सरकारलाई आर्थिक क्रियाकलापमा संलग्न गरायो । निजी क्षेत्रबाट गरिने कतिपय क्रियाकलापमा सरकारको सुपरिवेक्षणमूलक र सहजकर्ताको भूमिका बढ्दै जान थाल्यो ।[२] राज्य सञ्चालनमा सरकारको भूमिका बढेसँगै सरकारलाई कानूनी सीमाभित्र राख्न सोही अनुसार कानून निर्माण हुँदै गए । राज्यका तर्फबाट सरकारले गर्ने कार्यहरूमा वृद्धि भएसँगै ती सबै कार्यहरू कार्य राजनीतिक नेतृत्वबाट सम्भव भएन । सरकारका कार्यहरू गर्न स्थायी सरकारको रूपमा कार्य गर्न सार्वजनिक अधिकारीहरूको व्यवस्था र वृद्धि भयो । यसरी सार्वजनिक अधिकारीबाट सार्वजनिक प्रकृतिका कार्यहरू सम्पादन हुँदै आयो । फलतः प्रशासनिक (administrative) र अर्धन्यायिक (quasi judicial) कार्यहरूलाई व्यवस्थित गर्न प्रशासनिक कानून विकसित हुँदै पनि आयो ।[३] प्रशासकीय अधिकारीहरूको अधिकारलाई नियमित र नियन्त्रित नगर्ने हो भने नागरिक अधिकारहरू सुरक्षित हुन सक्दैनन् भन्ने अवधारणाबाट प्रशासकीय कानूनको जन्म भएको हो ।[४] प्रशासनिक कानूनको क्षेत्रभित्र मूलतः निम्न कुराहरू पर्ने मानिन्छः[५]

♦ सरकारका विभिन्न अङ्ग र निकायको

२. https://mohanbanjade.wordpress.com
३. Ibid.
४. श्यामकुमार भट्टराई, संवैधानिक तथा प्रशासकीय कानून, सोपान मासिक, २०७५, पृ. ४२९ ।
५. https://mohanbanjade.wordpress.com

गठन सम्बन्धी

- ती अङ्ग र निकायको शक्ति, काम, कर्तव्य र अधिकार सम्बन्धी
- ती निकायमा कार्यरत अधिकारीको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व सम्बन्धी
- ती अधिकारीले निर्णयमा पुग्न अवलम्बन गर्ने कार्यविधि सम्बन्धी विषय
- प्रशासनिक शक्तिको दुरूपयोग रोक्न गरिएका नियन्त्रणात्मक व्यवस्था सम्बन्धी विषय

प्रशासकीय कानूनबाट निर्देशित भई कार्य सञ्चालन गर्ने सार्वजनिक पदाधिकारीहरू प्रशासकीय अधिकारी हुन् । सार्वजनिक प्रशासनका सम्पूर्ण गतिविधिहरूलाई नियमित र व्यवस्थित गर्ने अधिकारीलाई प्रशासकीय अधिकारीको रूपमा लिइन्छ । न्यायिक अधिकारको प्रयोग गर्ने सन्दर्भमा प्रशासकीय अधिकारीलाई भिन्न रूपमा हेर्नु पर्दछ । सबै प्रशासकीय अधिकारीले न्यायिक अधिकार प्रयोग गर्दैनन् । जसलाई कानूनले नै न्यायिक अधिकार समेत प्रयोग गर्ने गरी अधिकार प्रदान गरेको छ, ती अधिकारीहरूको यो सन्दर्भमा चर्चा गरिन्छ । प्रशासकीय अधिकारीलाई एक विधेयकमा यसरी परिभाषित गरिएको छः "प्रशासकीय अधिकारी" भन्नाले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्न पाउने अधिकार प्राप्त प्रशासकीय अधिकारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो अधिकार प्रयोग गर्न पाउने गरी खास अधिकारी नतोकी निकाय मात्र तोकिएकोमा त्यस्तो निकायको प्रमुख समेतलाई जनाउँछ ।[६]

आधुनिक राज्य सञ्चालन प्रणालीको प्रारम्भका विवादको सुनुवाइ गर्ने क्षेत्राधिकार सामान्य अदालतलाई मात्रै रहेको थियो । जब लोक कल्याणकारी राज्यको अभ्युदय र मिश्रित अर्थ व्यवस्था अवलम्बनले सरकारको दायरा र क्षेत्राधिकारमा विस्तार भयो । यससँगै देखा परेका नवीन, प्रशासनिक र प्राविधिक विषयका विवादहरूको पनि सुनुवाइ गर्ने अधिकार अदालतलाई नै प्रदान गर्ने कि सामान्य अदालतहरूबाट अपनाइने न्यायिक कार्यविधि र प्रकृयाका आधारभूत मान्यताहरूलाई अवलम्बन गर्दै यसको विकल्प खोज्ने भन्ने बहस प्रारम्भ भयो । न्याय सम्पादनका लागि विभिन्न विकल्पहरूको खोजी हुँदा खास प्रकृतिका विवादहरू सामान्य अदालतमा अपनाइने कार्यविधि र प्रकृया अनुसार

६. प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी मस्यौदा विधेयक, २०७२ को दफा २ (ग) ।

न्यायाधीकरण, मध्यस्तता, प्रशासकीय अधिकारीहरूलाई प्रदान गर्ने र ती निकायहरूबाट भएका निर्णयहरूको न्यायिक नियन्त्रण गर्न सक्ने अख्तियारी सामान्य अदालतमा नै रहने व्यवस्थाको परिकल्पना गरियो ।

सरकारको विस्तारित कार्यक्षेत्र र सोसँग सम्बन्धित कार्य सम्पादन गर्दा प्रशासनिक, प्राविधिक विषयसँग सम्बन्धित विवादहरू आउने र ती विवादको निरूपण तत्कालै र दक्ष अधिकारीबाट छिटो छरितो रूपमा फरक कार्यविधि मार्फत विवादको समाधान गर्ने उद्देश्यले अर्धन्यायिक निकायलाई न्यायिक अधिकार दिनु परेको हो । प्रशासकीय अधिकारीको विषयगत दक्षता, विशेषता र अनुभव, जनताको सोझो सम्बन्ध हुने, छिटोछरितो न्याय सम्पादन र अदालतको कार्य चाप बढी आदिका कारण समेत अर्धन्यायिक निकायको आवश्यकता र औचित्य रहेको मानिन्छ ।[७] यस्ता निकायलाई नियमन गर्ने निकाय (Regulatory Agency) पनि भनिन्छ । अमेरिकामा यस्ता निकायहरूलाई Administrative law Judge भनिन्छ ।

महाद्विपीय कानून प्रणालीमा प्रशासकीय कानूनलाई अलग्गै विधाको रूपमा लिइन्छ । प्रशासकीय अधिकारीलाई न्यायिक अधिकार दिने सुरूवात फ्रान्सबाट भएको देखिन्छ । त्यहाँ प्रशासकीय कानून (Droit Administrative) र प्रशासकीय अदालतहरू (Regular Court) नियमित अदालतहरू (Regular Court) को समानान्तर रूपमा धेरै अघिदेखि नै अस्तित्वमा आएको दृष्टान्त छ ।[८] कमन ल सिष्टमको हिमायती बेलायतले यसलाई सुरूमा कानूनको शासन विपरीत भने पनि पछि विस्तारै स्वीकार गरेको देखिन्छ । न्यायिक कार्यबाट अर्धन्यायिक निर्णयलाई बेलायतको Committee on Minister's Power, 1932 को प्रतिवेदनपछि अलग गरिएको हो ।

संयुक्त राज्य अमेरिका शक्ति पृथकीरणको सिद्धान्तको प्रयोग बढी भएको देश मानिन्छ । त्यहाँको संविधानको धारा ३ ले न्यायिक अधिकार न्यायपालिकामा निहित गरेको छ । तथापि सन् १९३० को आर्थिक मन्दी पश्चात राजश्व, कम्पनी, कर, बिमा,

---

७. अर्धन्यायिक निकायबाट हुने फौजदारी न्यायसम्पादनको वर्तमान अवस्था, अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, (२०६६) राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन ललितपुर पृ. १२, १३ ।

८. एड्भोकेसी फोरम वि. गृह मन्त्रालय समेत, नेकाप २०६८ अंक ७, नि.नं. ८६४२, पृ. १०८३ ।

औधोगिक आदि विषयमा प्रशासकीय निकायबाट विवादको निरूपणको प्रयास थालेको पाइन्छ । सन् १९४६ मा प्रशासकीय कार्यविधि जारी गरेको अमेरिकाले प्रशासकीय न्यायाधीशको सेवा शर्त सम्बन्धी कानून तर्जुमा गरेको देखिन्छ । भारतीय संविधानको धारा २२७ र १३६ ले अर्धन्यायिक निकाय मध्यस्थ, आयोग, राज्यले स्थापना गरेका अदालत र अन्य यस्तै निकायले गर्ने न्यायिक कार्यलाई समेटेको देखिँदा भारतमा समेत अदालतको संरचना बाहिर कतिपय प्रशासकीय अंगहरू न्यायिक कार्यमा संलग्न हुने देखिन्छ ।[९] यसै गरी भारतको संविधानले नै (धारा ३२३a र b) ले अर्धन्यायिक निकायको अवधारणालाई स्वीकार गरेको छ । त्यहाँ कर, रेलवे, बैकिङ्ग, श्रम, राजश्व लगायतका विषयमा अर्धन्यायिक निकायलाई क्षेत्राधिकार प्रदान गरिको पाइन्छ । भारतको न्यायिक संरचनाभित्र कार्यकारी (Executive Magistrate) र न्यायिक (Judicial Magistrare) रहेका छन् ।

### ३. प्रशासकीय अधिकारीको न्यायिक अधिकार

प्रशासकीय अधिकारीलाई कानूनमा नै न्यायिक अधिकार प्रदान गरिएको अवस्थामा निजहरूले सो अधिकारको प्रयोग गर्दछन् । यसलाई अर्धन्यायिक अधिकार भनिन्छ । अर्धन्यायिक निकायको अर्थ न्यायिक निकाय जस्तै भन्ने बुझिन्छ । प्रशासनविद् वेडका अनुसार अर्धन्यायिक कार्य भनेको प्रशासकीय कार्य हो जसमा कानूनले न्यायिक कार्यजस्तै कार्य गर्नुपर्ने व्यवस्था गरेको हुन्छ ।[१०] (A quasi judicial function is an administrative function which the law requires to be exercised in some respects as if it were judicial.) यी निकायहरू यस अर्थमा अर्धन्यायिक मानिन्छन् कि यिनीहरू मूलतः न्यायिक कार्यको लागि भनेर स्थापना गरिएका होइनन् तर सीमित विषयमा न्यायिक अधिकार पनि प्राप्त गरेका हुन्छन् । सर्वोच्च अदातलले 'प्रशासकीय अधिकारीहरूले न्यायिक मन लगाई न्यायिक तरिकाबाट गरेको निर्णयलाई अर्धन्यायिक निर्णय भनिन्छ'[११] भनी एक मुद्दामा बोलेको छ । यसै गरी नेपाल कानून समाजद्वारा प्रकाशित

९. पूर्वपाद टिप्पणी नं. ७, पृ. १२, १३ ।

१०. H.W.R. Wade & C.F. Forsytn; Administrative Law, 7th ed. P. 48, 1994.

११. यज्ञमूर्ति बञ्जाडे वि. दुर्गादास श्रेष्ठ समेत, ने.का.प. २०२७, नि.नं. ५४७, पृ. १५७ ।

दिग्दर्शनमा 'प्रशासकीय प्रकृतिका निकायहरू जसले प्रशासनिक र न्यायिक दुवै कार्य सम्पादन गर्दछन्, त्यस्ता निकायलाई अर्धन्यायिक निकाय भनिन्छ । अर्थात कुनै निकायले प्रशासनिक कार्यका अतिरिक्त न्यायिक कार्य सम्पादन गर्ने जिम्मेवारी कानूनतः प्राप्त गर्दछ भने त्यस्तो निकायलाई अर्धन्यायिक निकाय भनिन्छ' भनी अर्धन्यायिक निकायलाई परिभाषित गरिएको छ ।[१२]

प्रशासकीय अधिकारीले सीमित रूपमा न्यायिक अधिकार प्रयोग गरे पनि ती न्यायिक निकाय होइनन् । यिनीहरूको स्थापना न्यायिक कार्यको लागि भएको पनि होइन । त्यस कारण यी निकायहरूको प्रमुख कार्य (Main Job) न्याय सम्पादन गर्नु नभई प्रशासनिक कार्य गर्नु नै हो । मूलतः कार्यपालिकीय संरचना भित्रका प्रशासकीय निकाय जसले न्यायिक कार्यसमेतको जिम्मेवारी पाएका छन् भने ती निकायलाई अर्धन्यायिक निकाय भनिन्छ । यिनीहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित खास विषयका विवादहरूको मात्र न्यायिक रूपमा निरूपण गर्दछन् । कानून बमोजिम न्यायिक अधिकार प्रयोग गर्ने अधिकार प्राप्त अदालत बाहेकका प्रशासनिक निकायहरू अथवा निकाय प्रशासनिक र कार्य न्यायिक गर्ने निकायहरू नै अर्धन्यायिक निकाय हुन् ।

अर्धन्यायिक निकायले न्याय इन्साफ गर्ने अधिकार ग्रहण गर्दछन् । अर्धन्यायिक निर्णय पूर्ण न्यायिक होइन तर न्यायिक कार्यसँग मिल्दो जुल्दो हो ।[१३] यस्तो न्यायिक कार्य प्रशासकीय कार्य भन्दा भिन्न हुन्छ र न्यायिक कार्य सम्पादन गर्दा अपनाउने कार्यविधि, प्रकृया, शैली पनि न्यायिक प्रकृतिको हुनु पर्दछ । यस्तो अधिकार प्रशासनिक कार्य जस्तो प्रत्यायोजन गर्न पनि सकिँदैन । न्यायाधीश भएको अनुभूति सहित निर्णय गर्नु पर्दछ र निर्णयमा पेश भएका सबुद प्रमाणको मूल्याङ्कन गरी सम्बन्धित कानूनको आधारमा आधार कारण सहित निर्णय गर्नु पर्दछ । प्रशासकीय अधिकारीलाई न्यायिक अधिकार प्रदान गरिए पनि सो निर्णयउपर सामान्य अदालतमा पुनरावेदन दिने कानूनी व्यवस्था, अदालतमा रिट निवेदन मार्फत न्यायिक नियन्त्रण गर्ने व्यवस्था र अभ्यास रहेको छ । ♦♦♦

१२. प्रभावकारी न्याय सम्पादनका लागि अर्धन्यायिक निकायको कार्यविधि दिग्दर्शन, नेपाल कानून समाज (२०६३) पृ. ५ ।

१३. क्षमता विकास सम्बन्धी कार्यक्रमको प्रतिवेदन, न्याय परिषद् सचिवालय, २०६१ ।

# निश्चयात्मिक बुद्धि



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

गीतामा भगवानले उपदेशको आरम्भमा (गीता २१-११) श्लोकदेखि (गीता-२-३०) श्लोकसम्म मानिसहरूको मात्र अनुभव (विवेक) को वर्णन गर्नु भएको छ । यहाँ मनुष्य मात्रको अनुभव मात्र नभएर सबै जिवहरूको समेत अनुभव छ किनकी 'म हुं'-यस्तो आफ्नो सत्ता (हुनुपन) को अनुभव स्थावर-जंगम सबै प्राणीहरूमा हुन्छ । वृक्ष पर्वत आदिमा पनि यसको अनुभव हुन्छ तर उनीहरू व्यक्त गर्न सक्दैनन् । पशु-पंक्षीहरूमा त यो प्रत्यक्ष देख्नमा आउँदछ । जस्तो पशुपंक्षी एक आपसमा लड्दछन् त आफ्नो सत्ताको लागि लड्दछन् । यदि आफ्नो अलग सत्ताको अनुभव नहुँदो हो त किन लड्दथे ? मानिसलाई यसको प्रत्यक्ष अनुभव छदैछ तर मानिस न त आफ्नो अनुभवको तर्फ दृष्टि हाल्दछ, न त त्यसको आदर गर्दछ । यस अनुभवलाई नै विवेक या निज-ज्ञान भनिन्छ । यो विवेक सबैमा स्वतः छ र भागवत्प्रदत्त हो ।

इन्द्रियहरू, मन र बुद्धि प्रकृतिको अंश हो । यस कारण यिनीहरूबाट हुनेवाला ज्ञान प्रकृतिजन्य हो । शास्त्रहरूलाई पढेर-सुनेर तथा इन्द्रियहरू मन बुद्धिद्वारा जो पारमार्थिक ज्ञान हुन्छ, त्यो ज्ञान पनि एक प्रकारबाट प्रकृतिजन्य ज्ञान नै हो । परमात्मा तत्व यस प्रकृतिजन्य ज्ञान हो। अपेक्षा अत्यन्त विलक्षण छ । अतः परमात्मा तत्वलाई निज-ज्ञान (स्वयंबाट हुनेवाला ज्ञान) बाट मात्र जान्न सकिन्छ । निज-ज्ञान अर्थात विवेकलाई महत्व दिएर मात्र 'म को हुँ' ? मेरो के छ ? जड र चेतन के हो ? प्रकृति र परमात्मा के हो ? यो सबै जान्न शक्ति आउँदछ । यही विवेक कर्मयोगमा पनि काम आउँदछ । यो नै मार्मिक कुरा हो ।

कर्मयोगमा विवेकको दुई वटा कुरा मुख्य छन्: (१) आफ्नो हुनुकोपन (म हुँ) मा कुनै शंका नहुनु । (२) अहिले जो वस्तुहरू मिलेको छ उनीहरू माथि कुनै आफ्नो आधिपत्य छैन । किनकी तिनीहरू पहिले पनि आफ्नो थिएनन्

र पछि पनि आफ्नो रहने छैनन् । म (स्वयम्) निरन्तर रहन्छु र सो पाइएको शरीर, इन्द्रियहरू, मन बुद्धि आदि निरन्तर बदलिरहन्छन् र यिनीहरूको निरन्तर वियोग भइरहन्छ । जस्तो कर्महरूको आरम्भ र समाप्ति हुन्छ, यस्तै उनीहरूको फलको पनि संयोग र वियोग हुन्छ । यस कारण कर्महरूको र पदार्थहरूको सम्बन्ध संसारसँग छ । स्वयम्सँग छैन । यस प्रकार विवेक जाग्रत हुने बित्तिकै कामत्ताको नाश भइहाल्दछ । कामना नाश हुने वित्तिकै स्वतः सिद्द निष्कमता प्रकट भइहाल्दछ अर्थात कर्मयोग पूर्णत सिद्द भइहाल्दछ ।

कामनाले विवेक ढाकिन्छ । (गीता ३-३८-३९) श्लोक स्वार्थ-बुद्धि, भोग बुद्धि, संग्रह बुद्धि राख्नाले मानिस आफ्नो कर्तव्यको विषयमा ठिक ठिक निर्णय गर्न सक्दैन । मानिस उल्झनहरूबाट उल्झनलाई नै अर्थात शरीर, इन्द्रियहरू, मन-बुद्धिबाट नै सुल्झाउन चाहन्छ । यसै कारण ऊ वर्तमान परिस्थिति बदल्ने नै उद्योग गर्दछ । परन्तु परिस्थितिलाई बदल्न आफ्नो वंशको कुरा होइन । यस कारण उल्झन सुल्झनेको बदला झन-झन उल्झदै जान्छ । विवेक जाग्रत भएपछि जब स्वार्थ बुद्धि भोग, बुद्धि संग्रह, बुद्धि रहदैन तब आफ्नो कर्तव्य स्पष्ट देखिन थाल्दछ र सबै प्रकारका उल्झनहरू स्वतः सुल्झिन पुग्दछ ।

बाहिरी परिस्थिति कर्मको अनुसार नै बन्दछ अर्थात त्यो कर्मको फल नै हो । धनवत्ता-निर्धनता, निन्दा-स्तुति, आदर-निरादर, यस-अपयश लाभ-हानि, जन्ममरण, स्वस्थता-रूग्णता आदि सबै परिस्थितिहरू कर्मको अधीन छन् । शुभ र अशुभ कर्महरूको फलस्वरूप अनुकूल र प्रतिकूल समान आइरहन्छन् तर त्यस परिस्थितिसँग सम्बन्ध जोडेर त्यसलाई आफ्नो मानेर सुखी-दुःखी हुनु मूर्खता हो । यसको तात्पर्य यो हो कि अनुभव र प्रतिकूल परिस्थिति आउनु त कर्मको फल हो । तर त्यसबाट सुखी र दुःखी हुनु आफ्नो अज्ञानता मूर्खताको फल हो । कर्मको फल मेटाउन त आफ्नो हातको कुरा होइन तर मूर्खता मेटाउन त आफ्नो हातको कुरा हो । जसलाई मेटाउँदैन तर जसलाई बदल्न सक्दैनौ, त्यस परिस्थितिलाई बदल्ने उद्योग गर्दछौ, यो नै महान भूल हो । यस कारण आफ्नो विवेकलाई महत्व दिएर मूर्खता मेटाउन पर्दछ र अनुकूल-प्रतिकूल परिस्थितिहरूको सदुपयोग गर्दै उनीहरूबाट माथि उठेर अर्थात असँग हुनु पर्‍यो । जो, जुनसुकै परिस्थितिसँग सम्बन्ध नजोडेर त्यसको सदुपयोग गर्दछ अर्थात अनुकूल परिस्थितिमा अर्काको सेवा गर्दछ तथा प्रतिकूल परिस्थितिमा दुःखी

हुदैन अर्थात सुखको इच्छा गर्दैन ऊ संसार-बन्धनबाट सुगमतापूर्वक मुक्त भइहाल्दछ ।

जो मनुष्यले चाहदैनन, त्यो प्रतिकूल परिस्थिति पहिले गरेको अशुभ (पाप) कर्महरूको फल हुन्छ । अतः पाप कर्म त गर्नै हुँदैन । कसैलाई चोट पुग्ने काम त सपना पनि गर्नु हुँदैन । तर वर्तमानमा (नयाँ) पाप कर्म नगर्दा पनि पुरानो पाप कर्मको फल स्वरूप जब प्रतिकूल परिस्थिति आउँदछ, तब अन्तकरणमा चिन्ता, शोक, भय आदि पनि आउदछन् । यसको कारण यो हो कि हामीले चिन्ता-शोकलाई अधिक (धेरै) परिचित बनाइरहेका छौं। जस्तो बिक्री गरिसकेको गाई पुरानो स्थानसँग परिचित भएको कारण पटक-पटक त्यही ठाउँ आउदछ तर उसलाई पटक-पटक नयाँ स्थानमा पुऱ्याइदियो भने मात्र ऊ पुरानो स्थानमा आउन छोड्दछ । यसरी नै आज अर्थात अहिले, यस्तो दृढ विचार गरौं कि आउनेवाला परिस्थितिसँग सम्बन्ध जोडेर चिन्ता-शोक गर्ने छैनौ । तब फेरि यो चिन्ता-शोक आउन छोडिदिन्छ ।

विवेकको पूर्ण जागृति नहुँदा पनि कर्मयोगी एउटा निश्चयान्तिको बुद्धि रहन्छ कि जो आफ्नो होइन, उससँग सम्बन्धविच्छेद गर्नु पर्दछ । संसारिक सुखहरूलाई न भोगेर केवल सेवा गर्नु पर्दछ । यस निश्चयात्मिक बुद्धिको कारण उसको अन्तकरणमा संसारिक सुखहरूको महत्व हुँदैन । फेरि 'भोगमा सुख छ'-यस्तो भ्रममा उसलाई कसैले हाल्न सक्दैन । अतः यस एक निश्चियलाई अटल राख्नाले उसको कल्याण हुन जान्छ । सत्संग-स्वाध्यायबाट यस्तो निश्चयात्मिक बुद्धिलाई बल मिल्दछ । अतः हरेक साधकले कमसेकम यस्तो कल्याणकारी निश्चय अवश्य बनाउनु पर्दछ । यस्तो निश्चय बनाउनमा सबै स्वाधिन छन् । कोही पनि पराधिन छैनन् । यसमा कसैको पनि कति पनि सहायता आवश्यक छैन । किनकी यसमा स्वयं बलवान छ । ♦♦

## गजल



✍ **लीलाराज दाहाल**

तिम्रो बाचा सम्झेर कबुल सम्झेर
म टोलाएँ तिम्रो महशुल सम्झेर !

अँगालोमा टाँसी टाँसी खेलाई रहें
बिझाउने ती काँडालाई फूल सम्झेर !

शुभ होला भनेर टाँसी दिएँ त्यसै
रक्तिम त्यो टालोलाई तुल सम्झेर !

हाँसी हाँसी उसले 'लीला' गरिरह्यो
जिन्दगानी सपनाको मूल सम्झेर !

# नेपाल प्रहरीमा बढुवा सम्बन्धी व्यवस्था र न्यायिक दृष्टिकोण



✍ प्र.उ. मोहन कुमार थापा

**विषय प्रवेश :**

सामान्यतया तोकिएको पदमा काम गरिरहेको कर्मचारीलाई थप जिम्मेवारी, उत्तरदायित्व र माथिल्लो दर्जाले सम्मानित गर्ने कार्यलाई बढुवा भनिन्छ । सेवामा रहेका व्यक्तिहरू मध्ये सर्वोत्तम व्यक्तिहरूबाट माथिल्लो पदपूर्ति गर्नुलाई पनि बढुवाको रूपमा लिइन्छ । कर्मचारीलाई पुरस्कृत एवम् आकर्षित गर्ने मुख्य संयन्त्रका रूपमा पनि बढुवालाई लिइन्छ । बढुवालाई संगठन र कर्मचारी दुवैको हित अभिवृद्धिको उपायको रूपमा लिइन्छ । बढुवाबाट संगठनलाई सक्षम, योग्य र क्षमतावान जनशक्ति प्राप्त हुन्छ भने कर्मचारीको पद, सुविधा र सम्मान अभिवृद्धि हुन्छ । निष्पक्ष र वैज्ञानिक स्वरूपको बढुवा पद्धतिले कर्मचारीको सेवाप्रति अपनत्वमा अभिवृद्धि हुन जान्छ । बढुवाको उद्देश्य उपयुक्त र योग्य व्यक्तिलाई बाहिर जानबाट रोक्ने, उपयुक्त व्यक्तिलाई उपयुक्त काम दिने, उत्पादन र सेवामा विस्तार गर्ने, परिपक्व र अनुभवी जनशक्तिको सिर्जना गर्ने, नतृत्व विकास गर्ने, कर्मचारी काम छाड्ने प्रवृत्तिमा कमी ल्याउने र इमान्दार कर्मचारीको निर्माण गर्ने उद्देश्य रहेको हुन्छ । नेपाल प्रहरीको नियुक्ति, बढुवा र अवकाश लगायतका विषयमा प्रहरी नियमावली, २०७१ ले कानूनी व्यवस्था गर्दै विभिन्न प्रकारका बढुवाको व्यवस्था समेत गरेको छ ।

**बढुवाका सिद्धान्तहरूः**

बढुवा प्रणाली निष्पक्ष, औचित्यपूर्ण र न्यायसंगत हुनुपर्दछ । बढुवाको उपयुक्त सिद्दान्तको अवलम्बन गरी अपनाइएको बढुवा प्रणालीबाट प्रशासन यन्त्रलाई गतिशील र उपलब्धीपरक बनाउन सकिन्छ । माथिल्लो तहमा रिक्त हुने पदमा तल्लो तहमा कार्यरत जनशक्तिमध्येबाट पदोन्नति गरी सो रिक्त पदमा पूर्ति गरिन्छ । माथिल्लो तहका पदहरू कम संख्यामा र तल्लो तहका पदहरू अधिक संख्यामा रहने भएकोले सबै कर्मचारीहरू निश्चित

समयमा एकैसाथ बढुवा हुन सक्ने हुँदैनन् । माथिल्लो पदमा बढुवा हुने अवसर ज्यादै कम व्यक्तिहरूले मात्र प्राप्त गर्ने गर्दछन् । त्यसैले बढुवामा ठूलो प्रतिष्पर्धा हुने गर्दछ । त्यसैले बढुवालाई वैज्ञानिक र निष्पक्ष बनाउन केही सिद्धान्तहरू विकास भएका छन् ।

**(क) जेष्ठताको आधारमा हुने बढुवा प्रणाली (Principle of Seniority)**: सबैभन्दा जेष्ठ व्यक्तिलाई बढुवाको अवसर दिनु जेष्ठताको सिद्धान्त हो । यस सिद्धान्तले बढुवाका अन्य आधारहरू हेर्दैन । जसले बढी अवधि सेवा गरेको छ, उही बढुवाको लागि योग्य मानिन्छ । यसबाट सबैले पालैपालो बढुवा पाउँछन् तसर्थ, यो निष्पक्ष र न्यायोचित मानिन्छ । बढुवा अनुमानयोग्य हुन्छ, वृत्ति विकास सुनिश्चित हुन्छ, दबाब र हस्तक्षेपबाट मुक्त हुन्छ तर सधैं र सबै अवस्थामा जेष्ठ कर्मचारीहरू योग्य नहुन सक्दछन् । यस सिद्धान्तलाई योग्यताविहिन र परम्परावादी सिद्धान्तको रूपमा हेर्ने गरिन्छ ।

**(ख) योग्यतामा आधारित बढुवा प्रणाली (Merit Principle)**: यस सिद्धान्त अनुसार कार्यसम्पादनको सिलसिलामा उत्कृष्ट, योग्य र क्षमतावान कर्मचारीको छनौट गरी बढुवा गरिन्छ । यो सिद्धान्त कर्मचारीको क्षमता र योग्यतालाई बढुवाको आधार बनाउनु पर्छ भन्ने कुरामा आधारित रहेको छ । यस प्रणाली अनुसार बढुवा हुन कर्मचारीको योग्यताको मापन गर्न ज्यादै गाह्रो हुन्छ । योग्यताको मापन वस्तुपरक नभई आत्मपरक हुन सक्दछ ।

**(ग) मिश्रित बढुवा प्रणाली (Mixed Promotion Principle)**: यस सिद्धान्त अनुसार कर्मचारीको अनुभव, शैक्षिक योग्यता, तालिम, भौगोलिक क्षेत्रको अनुभव जस्ता पक्षहरूको विश्लेषण गरिन्छ । अनुभव र योग्यतालाई आधार मानी बढुवा गरिएमा एकातिर अनुभवी कर्मचारीको कदर हुन्छ भने अर्कोतिर योग्य व्यक्तिले पनि उचित अवसर प्राप्त गर्दछन् । नेपाल प्रहरीमा यस सिद्धान्तको अवलम्बन गरिएको पाइन्छ ।

**नेपाल प्रहरीमा बढुवाका प्रकारहरू र कानूनी व्यवस्था** :

प्रहरी नियमावली, २०७१ मा बढुवा सम्बन्धी व्यवस्था गरेको छ । जसअनुसार देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छ ।

**कार्यक्षमताको आधारमा हुने बढुवाः** प्रहरीमा कार्यक्षमताका आधारमा बढुवा गर्दा विभिन्न आधारहरू निर्धारण गरिएका छन् । प्रहरी नियमावली, २०७१ को नियम ३० मा बढुवाका आधारहरू उल्लेख गरिएको छ । जसअनुसार बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अंकको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ । कार्य क्षमताको मूल्याङ्कन देहाय बमोजिम

बढीमा १०० अंक दिइने व्यवस्था रहेको छ ।

(**क**) कार्यसम्पादन मूल्याङ्कन वापत- **४० अंक**

(**ख**) ज्येष्ठता वापत- **२२ अंक**

(**ग**) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव वापत- **८ अंक**

(**घ**) शैक्षिक योग्यता वापत- **१० अंक**

(**ङ**) तालिम वापत- **७.५ अंक**

(**च**) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वापत- **५ अंक**

(**छ**) बढुवा समितिले दिने - **७.५ अंक**

**बढुवा सम्बन्धी विशेष व्यवस्थाः** प्रहरी नियमावली, २०७१ को नियम ३९ मा "राष्ट्र तथा आफू सेवारत प्रहरी कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सिर्जनात्मक र लगनशील कार्य गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र सङ्गठनको छवि उच्च राख्न विशेष योगदान पुऱ्याउने र कर्तव्य निर्वाह गर्दाको सिलसिलामा शारीरिक रूपमा अशक्त भई सेवाबाट अवकाश लिनु पर्ने अवस्थाका प्रहरी कर्मचारीलाई नीति निर्माण समितिको सिफारिसमा प्रहरी महानिरीक्षकले श्रेणी विहिन बाहेक राजपत्र अनङ्कित पदसम्म एक आर्थिक वर्षमा दश जना सम्मलाई एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्ने" व्यवस्था रहेको छ ।

**प्रहरी महानिरीक्षक पदमा बढुवाः** प्रहरी नियमावली, २०७१ को नियम ४१ मा प्रहरी महानिरीक्षक पदमा बढुवा सम्बन्धी व्यवस्था गरेको छ । "प्रहरी अतिरिक्त महानिरीक्षकहरू मध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षकहरू मध्येबाट जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा मन्त्रालयले नेपाल सरकार, मन्त्रीपरिषद्मा प्रस्ताव पेश गर्नुपर्ने र नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ" भन्ने व्यवस्था रहेको छ ।

**एक तह पदोन्नती गरी अवकाश दिइनेः** प्रहरी नियमावली, २०७१ को नियम १२९(२) मा "निवृत्तिभरण पाउने सेवा अवधि पुगेको, एउटै पदमा कम्तीमा आठ वर्ष बहाल रहेको प्रहरी नायब उपरीक्षक वा सो भन्दा मुनिका कुनै प्रहरी कर्मचारी नियम १२७ बमोजिम अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा एक तह पदोन्नति गरी अवकाश दिइने" व्यवस्था रहेको छ ।

**न्यायिक दृष्टिकोणः**

प्रहरी सेवाका पदहरूमा बढुवा

गर्दा, नियुक्ति गर्दा वा कुनै प्रकारको सुरक्षा जिम्मेवारी प्रदान गर्दा Chain of Command को स्थिति कायम रहने, यसमा कुनै प्रकारको गडबड पैदा नहुने तर्फ सचेष्ट रहनु पर्ने मान्यता आम रूपमा प्रचलनमा रहेको पाइन्छ । यो Chain of Command कायम गर्ने एउटा महत्वपूर्ण प्रणालीको रूपमा कार्यसम्पादन मूल्याङ्कन, योग्यता, तालिम, वरिष्ठताको आधारमा अवसर दिने तथा जिम्मेवारी वा जवाफदेहिता वहन गराउने कुरालाई लिने गरिन्छ । यो स्थापित मान्यता प्रतिकूल बढुवा गरियो भने शान्ति सुरक्षा खलबलिने सम्भावना रहन्छ र सुरक्षा व्यवस्थापन प्रभावकारी हुन सक्दैन । अतः प्रहरी नियमावली, २०७१ ले बढुवालाई वृत्ति विकासको मुख्य आधारको रूपमा प्रस्तुत गरेको छ । बढुवा समिति र नियुक्त गर्ने अधिकारीहरूबाट बढुवाका सम्बन्धमा भएका विभिन्न निर्णयहरू विवादरहित हुन नसकी केही विवादहरू अदालती प्रकृयामा गएका देखिन्छन् । नेपाल प्रहरीको बढुवा सम्बन्धी केही विवादमा सर्वोच्च अदालतले गरेको महत्वपूर्ण फैसलाहरू निम्न रहेका छन्:

**तत्कालीन प्र.म.नि. अच्युतकृष्ण खरेल विरूद्ध श्री ५ को नेपाल सरकार, मन्त्रिपरिषद् समेतः**[1]

- अर्का व्यक्तिलाई बढुवा गर्न आवश्यक परेको भन्ने जस्ता सामान्य आधार लिई कानून बमोजिम उक्त पदमा बहाल रही रहने योग्य भई रहेका व्यक्तिलाई हटाई अन्यत्र नियुक्त गर्ने गरी गरिएको निर्णय सदविवेक पूर्ण र कानूनमा आधारित रहेको देखिन आउँदैन ।
- प्रहरी प्रमुखलाई सरकार परिवर्तन हुना साथ उपयुक्त आवश्यकता र औचित्य नदेखाई परिवर्तन गर्नाले प्रहरी सेवाको मनोबल (Morale) मा प्रतिकूल असर पर्ने र प्रहरीको आफ्नो पेशागत गुण (Professional Quality) तथा क्षमता र निपूणता (Capacity and Efficiency) मा प्रतिकूल असर पर्न जाने हुन्छ ।
- राजनैतिक कृपाको भरमा प्रहरी प्रशासन निर्भर रहने हो भने प्रहरी सेवाको निष्पक्षता र कर्तव्य परायणतामा ह्रास आई देशको आन्तरिक अमनचैन (Law and Order) को स्थिति, बिग्रन जान्छ । यस्तो परम्परा रहेमा भयावह स्थिति उत्पन्न हुने अवस्था आउँछ । प्रस्तुत विवादमा गरिएको निर्णय हचुवा मनोमानी र राजनैतिक उद्देश्य पूर्तिको लागि मात्र गरिएको

१. नेकाप २०५५, अंक ११, निर्णय नं. ६६२४, (फैसला मिति २०५५।०३।१९ गते, उत्प्रेषण, अधिकारपृच्छा, परमादेश)

हो भनी सार्वजनिक विवादको घेराभित्र परेको देखिनु दुर्भाग्यपूर्ण रहेको ।

**मिन प्रसाद पाण्डे विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद् समेतः**[२]

- सरकारले बनाएको नियम हजारौको संख्यामा रहेका सबैलाई चित्त नबुझ्न सक्छ कानूनको संवैधानिकता परीक्षण (Constitutionality test) सबैलाई चित्त बुझ्ने गरी होइन कत्तिको Fair, Reasonable र Non–Discriminatory छ भन्ने हेरिन्छ ।
- निवेदकले प्रहरी नियमावलीको नियम २६ को खण्ड (छ) अनुसार बढुवा समितिले दिन सक्ने ५० अंकको सम्बन्धमा विवाद उठाएकोले निजको सो जिकिर माथि उल्लेख गरे बमोजिम स्वीकारयोग्य नभएको र अन्य आफूले प्राप्त गर्नु पर्ने अंक नपाएको भन्ने पनि देखिन आएको छैन ।
- रिट निवेदन विचाराधीन हुँदाकै बखत सो पदमा बढुवा पदस्थापन भई कार्य गरी आएको भन्ने देखिँदा र जेष्ठताको विवाद समेत नहुँदा निवेदकले जिकिर लिएको बढुवा समितिको सिफारिस र सो अनुसारको नेपाल सरकार (मन्त्रीस्तर) को बढुवा सम्बन्धी निर्णय तथा तत्सम्बन्धी कामकारबाही बदर गरिरहन पर्ने अवस्था देखिएन ।

**दिनकर शम्सेर ज.ब.रा. विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद् समेतः**[३]

- बढुवामा वरिष्ठताको साथै क्षमता र सामर्थ्यलाई समेत महत्वपूर्ण आधारको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । सार्वजनिक प्रशासन अन्तर्गतको सामान्य बढुवा प्रकृया हेर्दा तल्लो तहको पदमा वरिष्ठतालाई अनिवार्य र महत्वपूर्ण आधारको रूपमा अपनाउने गरिन्छ तर माथिल्लो पदको बढुवामा वरिष्ठताको महत्व क्रमशः कम हुँदै जाने हुन्छ । माथिल्लो पदको बढुवामा वरिष्ठताका साथै क्षमता र सामर्थ्यलाई पनि महत्वपूर्ण आधारको रूपमा ग्रहण गर्नु पर्ने हुन्छ । किन भने तलदेखि माथिसम्मको सबै पदमा वरिष्ठतालाई एकमात्र आधार मान्ने हो भने सक्षम र सामर्थ्यले उचित स्थान नपाउने हुन्छ । त्यस कारण वरिष्ठता र कार्यक्षमताका अन्य मापदण्डको आधारमा बढुवा भई सकेका अधिकृतहरूको व्यक्तिगत क्षमता र सामर्थ्य (Personal Efficiency and competence) लाई माथिल्ला पदहरूमा बढुवाको लागि बढी महत्व दिनुपर्ने हुन्छ । यस सिद्धान्तलाई नेपालको निजामती र प्रहरी प्रशासनमा पनि अवलम्बन गरिएको पाइन्छ ।

२. रिट नं.०६३-WS-००१८, फैसला मिति, २०६४।११।०२, मुद्दा नं.५६३११

३. रिट नं. २०६८-WO-०४६४, फैसला मिति २०६९।०४।१५

**अधिवक्ता सुनिलरन्जन सिंह विरूद्ध कुवेरसिंह राना समेतः**[४]

- बढुवा विशुद्ध सेवासम्बन्धी कानूनको प्रशासनिक विषय भएकोले सोको सम्बन्धमा सेवा सम्बन्धी कानूनबमोजिम आफ्नो स्वार्थ वा सरोकार रहेको व्यक्ति बाहेक अरूले प्रश्न उठाउन नसक्ने ।
- कोही व्यक्ति कुनै पदमा बहाल रहेकै कारणले मात्रै अपराध अनुसन्धान हुन नसक्ने देखिँदैन । त्यसैले बढुवालाई कसूरको दायित्वबाट मुक्तिको रूपमा लिन नमिल्ने ।
- कसूरको अनुसन्धानका लागि लेखी पठाउने कार्य स्वयम्मा अभियोजन वा न्यायिक निर्णय हुँदैन । अपराध अनुसन्धानको लागि लेखिएको राष्ट्रिय मानव अधिकार आयोगको पत्रलाई नै आधार मानी बढुवा बदर गर्न वा अन्य अयोग्यता तोक्न वा त्यस्तो गर्न सकिन्छ भन्ने ठान्नु समेत कानून, न्याय र विवेकसम्मत देखिन नआउने ।
- प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोकसेवा आयोगको परामर्श लिनुपर्नेछ भन्ने संवैधानिक र कानूनी व्यवस्था रहेको, अब आइन्दा उक्त प्रावधान अनिवार्य रूपमा अपनाई लोकसेवा आयोगसँग परामर्श लिई मात्रै नेपाल प्रहरी सेवाको पदमा नियुक्ति वा बढुवा सम्बन्धी कार्य अघि बढाउनु ।

**रवि प्रताप राणा विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं समेतः**[५]

- सबै आधारहरूमा सर्वोत्तम् अङ्क प्राप्त गर्नेले मात्र बढुवा पाउने स्थितिमा जेष्ठ कर्मचारीले प्राथमिकता पाउनु पर्ने भन्न कानूनतः नमिल्ने ।
- योग्य देखिएको भन्ने आधारमा बढुवाको लागि सिफारिस गरिएको कानूनले तोकेको निश्चित शर्त उल्लङ्घन गरेको प्रमाणित नभएसम्म तथा मूल्याङ्कन गर्दा कसैका उपर बद्नियत चिताएको भन्ने स्पष्ट तथ्ययुक्त प्रमाणबाट स्थापित गरेमा बाहेक अङ्कको आकार सानो वा ठूलो हुँदैमा बद्नियत अनुमान गर्न नमिल्ने ।
- तजबिजी अधिकारको मूल्याङ्कनमा र यान्त्रिक मूल्याङ्कनबापत दिइने अङ्कमा समानता हुनुपर्छ भन्न मिल्ने हुँदैन । नियन्त्रित अधिकार तजबिजी अधिकारको परिभाषामा समायोजन हुन नसक्ने ।

४. नेपाल कानून पत्रिका, २०६९, अंक १२, निर्णय नं. ८९३३, (फैसला मिति २०६९।४।२८)
५.नेपाल कानून पत्रिका, २०७०, अंक ७, निर्णय नं. ९०३२, (रिट नं. ०६९-WO-०६३६, फैसला मिति २०७०।०२।०५)

- बढुवा समितिले आफूलाई प्राप्त अधिकार अन्तर्गत कसरी स्वचछ एवम् जिम्मेवार ढङ्गले मूल्याङ्कन गरी अङ्क प्रदान गर्ने भन्ने कुरा उसैको जिम्मेवारीको विषय भएकोले अमुक व्यक्ति वा अङ्कको हकमा हस्तक्षेप गर्न नमिल्ने ।
- बढुवाको लागि उम्मेदवार भएको व्यक्तिको हकमा प्रहरी ऐन नियमले निर्धारण गरेको मापदण्ड र कार्यविधिलाई आधार मानी व्यक्तिपिच्छे छुट्टाछुट्टै मूल्याङ्कन गरिने हुँदा एक जनाको मूल्याङ्कन अर्काको भन्दा किन घटी वा बढी भयो भनी तुलना गर्न र त्यसै आधारमा नागरिक हस्तक्षेप गर्न युक्तिसङ्गत र कानून सङ्गत नहुने ।

**मदन बहादुर खड्का विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं समेतः**[६]

- प्रहरी ऐन, २०१२ जुन परिवेशमा आएको थियो, सो सन्दर्भमा र परिवेशमा हाल व्यापक परिर्वतन भई वर्तमानमा भएको परिवर्तनको नयाँ आलोकमा प्रहरी कर्मचारीहरूको सेवा शर्तका व्यवस्थाहरू हेर्न जरूरी देखिने ।
- प्रहरी ऐन, २०१२ मा विषयमा स्पष्ट कुनै व्यवस्था गरिएको देखिँदैन । नियमावली मार्फत गरिएका व्यवस्थालाई पटक-पटक संशोधन वा संशोधन प्रयास अनि मुद्दा मामिलाले पनि चित्त बुझाउन सकेको नदेखिँदा यस्तो स्थितिको अन्त्यका लागि प्रहरी सेवाको सारभूत विषयअन्तर्गत पर्ने नियुक्ति योग्यता, निवृत्तिभरण, अवकाश सम्बन्धी व्यवस्था आदि कुराहरू नियमावलीको व्यवस्थाअन्तर्गत नराखी ऐनकै व्यवस्थाअन्तर्गत राखिएमा कानूनमा स्पष्टता र निश्चितता रहने भई कार्यान्वयनमा प्रभावकारिता रहन सक्ने अपेक्षा गर्न सकिने हुँदा प्रहरी ऐनमा नै विधायिकी हिसाबले पुनरावलोकन गरी उपरोक्त सबै कुराहरूको सम्बोधन गर्ने व्यवस्था गर्न जरूरी हुने ।

**यादव अधिकारी विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतः**[७]

- जुन निर्णयले Merit लाई नै मान्यता दिँदैन, त्यो निर्णय न्यायपूर्ण भएको भनी अदालत चुप लाग्ने हो भने

६. नेपाल कानून पत्रिका, २०७१, अंक १, निर्णय नं. ९०९९, (रिट नं. ०६९-WS-००११, फैसला मिति २०७०।१२।२१)

७. ने.का.प.२०७१, अंक ९, नि.नं. ९२४८, (रिट नं. २०७१-WO-००७८, फैसला मिति २०७१।०६।०८)

सङ्गठनको मनोबल व्यक्तिपरक मात्र हो भन्न पर्ने हुन्छ ।

- सुस्पष्ट कानूनको परमाधिकारी कानून मात्र हो, कसैको तजबिजी होइन, तसर्थ समान अवस्थामा प्राप्त अङ्कको गणना भइरहेको नं. १३ को हकसम्ममा विशेष दरबन्दी सिर्जना भएकोमा सो भन्दा अधिका अङ्कमा देखिएकाहरूलाई त्यस्तो सुविधाबाट वञ्चित राख्नु न्यायपूर्ण हुन नसक्ने ।
- मन्त्रिपरिषद्को २०७१।०४।२९ को निर्णयमा बढुवाको उजुरी सुन्ने समितिको सिफारिसको क्रम संख्या १३ मा परेका व्यक्तिलाई विशेष पद सिर्जना गरी बढुवा गरेको तर बढुवाको उजुरी सुन्ने समितिले गरेको सिफारिसमा निज भन्दा बढी अंक प्राप्त गर्ने यी निवेदकहरूको हकमा कुनै उपयुक्त कारण नै नजनाइएको देखिँदा सो बढुवा निर्णयलाई कानूनसंगत र उचित मान्न सकिने अवस्था देखिएन । हाल आएर मन्त्रीपरिषद्को २०७१।०४।२९ को निर्णय बदर गर्ने निर्णय भएमा यी निवेदकहरू बढुवाको अवसरबाट वञ्चित हुन जाने अवस्था भएको, मिति २०७१।०४।२९ गते लागू हुने गरी प्रहरी अतिरिक्त महानिरीक्षक पद रिक्त भए सोही पदहरूमा र रिक्त नभएमा विशेष पद सिर्जना गरी प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नु गराउनु ।

**गणेशराज राई विरूद्द नेपाल सरकार, मन्त्रिपरिषद् समेतः**[८]

- निवेदक मदनबहादुर खड्का र विपक्षी नेपाल सरकार भएको २०६९ सालको रिट नं. ००११ (ने.का.प. २०७१, अंक वैशाख, नि.नं. ९०९९) मा सेवाको शर्तहरू सम्बन्धी सारवान व्यवस्था ऐनमा नै समावेश गर्नु भनी यस अदालतबाट मिति २०७०।१२।२० मा नेपाल सरकारको नाममा निर्नेशनात्मक आदेश जारी भएको भए पनि सो अनुसार हालसम्म नगरी राखेको तर्फ सरकारको ध्यानाकर्षण गराउने समेत ठहर्छ ।
- प्रहरीको योग्यता, छनौट प्रकृया, अवकाश, सेवाको गणनाजस्ता विषय सेवा सम्बन्धी कानूनको सारभूत व्यवस्था हुनाले सारभूत व्यवस्थाहरूलाई प्रहरी ऐनको निश्चित अधिकार अन्तर्गत बाहेक प्रत्यायोजित विधायनको अंश बनाउन समेत नमिल्ने हुनाले उपरोक्त बमोजिम गर्न गराउनका

८. फैसला मिति २०७२ पौष १७, रिट नं. ०७२-WO-०२९४

लागि समेत सरकारको नाममा निर्देशन दिने ठहर्छ ।

**नवराज सिलवाल विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद् समेतः**[९]

- प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा (क) जेष्ठता (ख) कार्यकुशलता (ग) कार्यक्षमता (घ) उत्तरदायित्व बहन गर्न सक्ने क्षमता (ङ) नेतृत्व प्रदान गर्न सक्ने कुशलता, तथा (च) आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्य भएका व्यक्तिलाई नियुक्त गर्नुपर्ने गरी योग्यता निर्धारण गरिएको पाइयो । प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा कानूनद्वारा निर्धारित उल्लिखित छ वटा योग्यताको वस्तुगत आधारमा परीक्षण गरिनु अनिवार्य देखिन्छ । उल्लिखित योग्यतामध्ये कुनै कुरालाई नहेर्न वा अनदेखा गर्न मिल्दैन ।
- प्रहरी महानिरीक्षक पदमा "नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई" बढुवा गरिने कुरा प्रहरी नियमावली, २०७१ को नियम ४१ मा प्रष्ट र किटानीरूपमा उल्लेख भएको छ । प्रहरी महानिरीक्षक पदमा नियुक्ति (बढुवा) गर्ने अधिकार नेपाल सरकारको हो तर यो अधिकार प्रयोगका सीमाहरू छन् । सरकारलाई प्राप्त यो अधिकारको प्रयोग स्वेच्छाचारी र निरङ्कुश तवरबाट गर्न मिल्दैन ।
- प्रहरी महानिरीक्षक पदमा नियुक्तिका लागि जेष्ठता वा वरिष्ठताको खास महत्व रहने ।
- पदीय सोपानको सिद्धान्त (Doctrine of Hierarchy), नियन्त्रण प्रणाली (Chain of Command) जस्ता कुराको युक्तियुक्त व्यवस्थापनको लागि पनि सुरक्षा निकायहरूको उच्च पदमा नियुक्ति गर्दा जेष्ठता (वरिष्ठता) लाई प्राथमिकताका साथ महत्व दिनुपर्ने हुन्छ ।
- मूल्याङ्कन गरिने तरिका वा आधार विविध प्रकारका हुन सक्दछन् । त्यसमध्ये प्रहरी नियमावली, २०७१ को नियम ३१ बमोजिम गरिएको कार्यसम्पादन मूल्याङ्कनलाई एक महत्वपूर्ण आधार (Indicator) को रूपमा लिइनु पर्दछ ।
- प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा सम्भावित उम्मेदवारको जेष्ठता वा वरिष्ठता र कार्यसम्पादन मूल्याङ्कनको अवस्थातर्फ समुचित दृष्टि दिनु अनिवार्य देखिने ।

**नवराज सिलवाल विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद् समेतः**[१०]

९. नेपाल कानून पत्रिका २०७३, अंक १२, निर्णय नं. ९७२३, (फैसला मिति २०७३।१२।०८, रिट नं. ०७३-WF-००२२, उत्प्रेषण/परमादेश)

- कर्मचारी बढुवा जस्तो नितान्त व्यक्तिगत हक र सरोकारको विषयमा साधिकार निकायबाट निर्णय नहुँदै वेसरोकारको उनाउ व्यक्तिबाट निवेदन दर्ता भएको स्थितिलाई सामान्य रूपमा ग्रहण गर्न मिल्दैन । व्यक्तिगत रूपमा अमुक प्रहरी नायब महानिरीक्षकले बढुवा हुन पाउने वा नपाउने विषय कुनै पनि दृष्टिले संविधानले परिकल्पना गरेको सार्वजनिक सरोकारको विषय हुन सक्दैन ।
- प्रधानमन्त्रीय प्रणालीको उपरोक्त सैद्धान्तिक अवधारणा र नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बाट प्रधानमन्त्रीको इच्छा र सहमतिमा सबैभन्दा बढी अंक प्राप्त गर्नेलाई प्रहरी महानिरीक्षक पदमा नियुक्ति गर्नु भनी यस अदालतबाट भएको आदेश कार्यान्वियन गर्ने सन्दर्भमा मन्त्रिपरिषद् पेश भएको प्रस्तावलाई विभागीय मन्त्रालयले प्रस्ताव नलगेकै आधारमा गैर कानूनी भएको भन्न मिल्ने देखिएन ।
- निवेदकको वैद्य अपेक्षा समेततर्फ दृष्टिगत गरी प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नु भनी प्रत्यर्थी मन्त्रिपरिषद्लाई निर्देशित गरेको पाइन्छ । सबै सम्भाव्य उम्मेदवारहरूको माथिल्लो पदमा बढुवा हुने अपेक्षा हुन्छ । यस्ता अपेक्षा भएका प्रतिष्पर्धीहरू मध्ये विधि र प्रकृयाका आधारमा जसले उच्च अंक प्राप्त गर्छ, उसैले बढुवा पाउनु कानूनसम्मत हुन जान्छ । निवेदक बाहेक अन्य प्रतिष्पर्धी उम्मेदवारमा उक्त पद प्राप्त गर्ने वैध अपेक्षा नहुने भनी अर्थ गर्न न्यायको रोहमा मिल्ने हुँदैन । प्रस्तुत विवादमा बढुवाको मूल्याङ्कनमा सहभागी हुन पाउनु निवेदक समेतका सम्भाव्य सबै उम्मेदवारले वैध अपेक्षा राखि राखेको हुन्छ तर मूल्याङ्कनबाट कुनै उम्मेदवार बढुवा भएपछि बढुवामा नपर्ने उम्मेदवार पनि सोही पदमा बढुवा हुनुपर्छ भन्ने निजहरूको वैध अपेक्षा हुन सक्दैन ।
- प्रहरी ऐन र नियम अनुरूप मूल्याङ्कन गरिएको विगत चार वर्षको कार्यसम्पादन मूल्याङ्कनको गणनामा विपक्षी प्रकाश अर्यालले सबैभन्दा बढी उच्च अंक प्राप्त गरेको र प्रहरी नियमावलीको नियम ४१ बमोजिम तोकिएका सम्पूर्ण आधारहरू विपक्षी प्रकाश अर्यालसँग रहेको भनी नेपालको संविधानको धारा ७५ बमोजिम मुलुकको कार्यकारिणी अधिकार निहित रहेको मन्त्रिपरिषद्ले ठहर गरेको

१०. फैसला मिति २०७४।०५।२७, रिट नं. ०७३-WF-००२३, उत्प्रेषण/परमादेश

विषयलाई वस्तुगत आधार प्रमाण बिना अन्यथा मान्न उचित हुँदैन । कार्यसम्पादन मूल्याङ्कनबाट देखिएको वस्तुगत आधार र अधिकार प्राप्त निकाय कार्यकारिणीले उचित ठहऱ्याई प्रतिष्पर्धी मध्येका कुनै उम्मेदवारलाई बढुवा गर्नुपर्ने रिक्त एक पदमा बढुवा गर्ने निर्णय गरिसकेपछि अन्य प्रतिष्पर्धी उम्मेदवारहरूको सोही पदमा बढुवा पाउने वैध अपेक्षा रहिरहन्छ भनी सम्झन न्यायोचित हुन जाँदैन ।

- अधिकारप्राप्त अधिकारीले अंक प्रदान गर्दा लिइएका आधारहरू हेर्दा जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता, आफू भन्दा मुनीको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्य समेतका आधारमा मूल्याङ्कन गरेको पाइयो । उपरोक्त आधारहरू र प्रहरी नियमावली, २०७१ को नियम ४१ को कानूनी व्यवस्था समेतलाई विचार गरी नेपाल सरकारले मिति २०७३।१२।२८ मा प्रहरी नायब महानिरीक्षक प्रकाश अर्याललाई प्रहरी महानिरीक्षक पदमा गरेको बढुवा निर्णयमा संविधान सम्बन्धित कानून तथा प्रहरी नियमावली समेतको त्रुटी नदेखिएकोले उक्त निर्णय बदर गरी निवेदक प्रहरी नायब महानिरीक्षक नवराज सिलवाललाई प्रहरी महानिरीक्षक पदमा नियुक्ति दिनु भनी विपक्षीहरूको नाममा माग बमोजिमको आदेश जारी गर्न मिलेन ।
- यी निवेदकले निवेदनसाथ पेश गरेको कार्यसम्पादन मूल्याङ्कन फारामको अंक र लोकसेवा आयोग लगायतका निकायबाट प्राप्त कार्यसम्पादन मूल्याङ्कन फारामको अंक भिन्न भिन्न रहेको देखिएकोले अख्तियार प्राप्त अधिकारीले कानून बमोजिम मूल्याङ्कन गरी गोप्य राख्नुपर्ने कार्यसम्पादन मूल्याङ्कन फारम र निवेदककले पेश गरेको कार्यसम्पादन मूल्याङ्कन फारामको अंक फरक पार्ने कार्यमा के कसको संलग्नता रहेको छ भन्ने सम्बन्धमा अनुसन्धान गरी दोषी देखिएका उपर कारबाही चलाउन सम्बन्धित निकायमा लेखि पठाउनु ।

**यादव राज खनाल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतः**[११]

- पदपूर्ति समिति वा बढुवा समितिले निर्वाह गर्ने कानूनी दायित्व स्वेच्छिक वा सुविधायुक्त नभई अनिवार्य दायित्व हो । कानूनबमोजिम अनिवार्य रूपमा गर्नुपर्ने निर्णय गरे पनि हुने, निर्णय

११. ने.का.प.२०७६, अंक १, नि.नं. १०१८१

नगरे पनि हुने, वा विलम्ब गरी निर्णय गरे पनि हुने भन्ने नहुने ।

- जिम्मेवार निकायले अख्तियारीको दुरूपयोग गर्ने वा विलम्बपूर्ण कार्य गर्ने प्रवृत्तिमा नियन्त्रण कायम गर्न बढुवा समिति र यसका पदाधिकारीहरूको अकार्य (Omission) लाई पनि जवाफदेहिताको विषय बनाउनु आवश्यक देखिने ।
- प्रहरी प्रशासन देशमा शान्ति सुरक्षा कायम गर्नुपर्ने संगठन सुचारू रूपले सञ्चालित हुनुपर्ने संस्था हो । यस्तो निकाय सुचारू रूपले चल्न संस्थाको विभिन्न तहका लागि आवश्यक मानव संसाधन (Human Resources) को व्यवस्थापन गर्न समयमा नियुक्ति, बढुवा, प्रतिस्थापनको आवश्यकता रहन्छ । प्रहरी अधिकृत/कर्मचारीहरूको वृत्ति विकासको हकमा समयमा सम्पन्न गर्नुपर्ने भई बढुवालगायतको निर्णय गरी पाउने निजहरूको वैध र कानूनी अपेक्षा (Legitimate expectations) हो भने योग्यता पुगेका व्यक्तिहरू प्रतिस्पर्धामा भाग लिन पाउने प्रहरी अधिकृत/कर्मचारीहरूको कानून प्रदत्त अधिकार पनि हो । पदपूर्ति समिति वा बढुवा समिति र सोको पदाधिकारीको अकर्मण्यता कुनै पनि प्रहरी अधिकृत/कर्मचारीहरूको भाग्यमा प्रहार गर्ने संयन्त्र बन्न हुँदैन । बढुवा समितिले आफ्नो जिम्मेवारी समयमा पूरा नगर्दा प्रहरी संगठनले किटान गरेको लक्ष्य प्राप्ति पनि नहुने संस्थाको हितको अनुकूल पनि नहुने हुँदा अब प्रहरी ऐन नियमअन्तर्गत बढुवाको सन्दर्भमा जिम्मेवार पदपूर्ति समिति र बढुवा समिति लगायतका निकायहरूले आफ्नो काम कर्तव्य र अधिकारहरूको प्रयोग पूर्व तयारीका साथ क्यालेण्डर बनाएर कार्यतालिका अनुसार आवश्यक सिफारिस वा सम्भाव्य उम्मेदवारको लागि प्रतिस्पर्धा लगायतका आवश्यक प्रकृया अगाडि बढाई समयमा बढुवासम्बन्धी निर्णय गरी अनिवार्य रूपमा क्यालेण्डर पूर्ण रूपमा लागू गर्न नियमावलीले तोकेको अवधिमा नै बढुवासम्बन्धी कार्य सम्पन्न गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । यसका अतिरिक्त बढुवाको प्रकृया पूरा गर्न अनुचित विलम्ब गरी बढुवाको लागि सम्भावित उम्मेदवार सहभागी हुन नपाई बढुवाको अवसरबाट वञ्चित हुन पुगी त्यसबीच उमेरको कारणले अवकाश ग्रहण गर्नुपर्ने अवस्था सिर्जना भएकोमा क्षतिपूर्तिबापत अतिरिक्त सुविधा दिने वा उपयुक्त व्यवस्थाहरू मिलाउनु दिलाउनु भनी

विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

**अन्य सुरक्षा निकायको बढुवा सम्बन्धी सर्वोच्च अदालतबाट भएका महत्वपूर्ण फैसलाहरू :**

**सशस्त्र प्रहरी बल :**

**कृष्णकुमार तामाङ विरूद्ध मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतः**[१२]

- प्रष्ट रूपमा अंक तोक्ने र गणना गर्ने आधारहरू नभएको विषयहरूमा कुन उम्मेद्वारहरू उत्कृष्ट थिए वा थिएनन् भन्ने विषय सम्बन्धित मूल्याङ्कनकर्तामा निर्भर हुने भएकोले यसलाई मूल्याङ्कनकर्ताको सन्तुष्टिमा निर्भर रहेको मान्नुपर्ने ।
- सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरूको पनि कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेकोमा विवाद देखिदैन तर उक्त कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गरेको अंकको आधारमा बढुवा हुने कानूनमा प्रष्ट व्यवस्था नभएकोले कार्यसम्पादन मूल्याङ्कनलाई कार्यक्षमताको सूचकको रूपमा विचार गर्न सकिने भएपनि कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त अंकको आधारमा बढुवा दिनुपर्छ भनी अदालतले विधायीकाको स्थान ग्रहण गरी भन्न मिल्ने देखिदैन । यस्तो अवस्थामा बढुवा नगरिएका निवेदक र बढुवा हुनु भएका अन्य तीन जना विपक्षीहरू कार्यकुशलता, क्षमता, सामर्थ्य आदि कुराहरूमा बढुवा गर्ने व्यक्तिको मूल्याङ्कनमा समान थिए वा थिएनन् भनी अदालतबाट अनुमान गर्न सकिने विषय भएन । अतः कानूनले तोकेको अन्य योग्यता र आधारहरूमा समान रहेको अवस्थामा वरिष्ठले प्राथमिकता पाउने हुँदा निजलाई बढुवा नगरी निजभन्दा कनिष्ठ व्यक्तिहरूलाई बढुवा गर्ने गरी भएको निर्णय कानून विपरीत छ भन्ने निवेदकतर्फका विद्वान अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन ।
- सरकारले कार्यकारी अधिकारको प्रयोग गरी गरेको निर्णयमा क्षेत्राधिकार तथा कानूनद्वारा निर्धारित प्रकृया र मापदण्डको प्रत्यक्ष त्रुटि नदेखिएको तथा नेतृत्व प्रदान गर्ने क्षमता, कार्यकुशलता तथा सामर्थ्य जस्ता आधारहरूमा नेपाल सरकारले गरेको निर्णयको औचित्य भित्र अदालतले प्रवेश गर्न नमिल्ने ।

**नेपाली सेनाः**

**प्रदीप प्रताप वम मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः**[१३]

१२. रिट नं. ०६८-WO-०४३३, फैसला मिति २०६८।१२।२२ गते

- कुनै कानून कसैलाई लागू हुने र कसैलाई नहुने गरी वर्गीकरण गर्दा त्यस्तो वर्गीकरण औचित्यपूर्ण र विवेकपरक हुनु पर्दछ, अन्यथा त्यस्तो वर्गीकरण स्वेच्छाचारी भई अन्यायपूर्ण हुन जाने ।
- संशोधित नियम लागू हुँदाका दिनमा ३ वर्षको सेवा अवधि पूरा गरेका व्यक्तिहरूको हकमा एक किसिमको र ३ वर्ष सेवाअवधि नपुगेका तर पछि सो सेवाअवधि पूरा गर्ने उपरथीहरूलाई अर्को किसिमको वर्गमा राख्नु समानताको हकको सिद्धान्त विपरीत हुन जाने ।
- नियम लागू भएका दिन समान तह र पदमा रहेका व्यक्तिहरूलाई उनीहरूले पूरा गरेको सेवाअवधिका आधारमा गरिने वर्गीकरण स्वेच्छाचारी र अन्यायपूर्ण हुने हुँदा त्यस आधारमा गरिने नियमको असमान प्रयोग संविधानद्वारा प्रदत्त समानताको हक अनुकूल मान्न नमिल्ने ।
- शाही सैनिक नियुक्ति र प्रमोशन नियमहरू, २०२० को नियम १८ (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को व्यवस्था संशोधित नियम लागु हुँदा ३ वर्ष सेवाअवधि पुगेका उपरथीलाई लागु हुने तर तत्काल उपरथी पदमा बहाल रहेका र पछि ३ वर्षको सेवा अवधि पुग्ने व्यक्तिहरूलाई लागु नहुने भनी व्याख्या गर्न नमिल्ने ।
- कानूनमा प्रयुक्त शब्दहरूको प्रयोजनयुक्त व्याख्या गर्नुपर्छ । कुनै पनि शब्द निष्प्रयोजन हुने गरी व्याख्या गर्न नमिल्ने।

**निष्कर्ष** :

कर्मचारीको मनोबल, उत्प्रेरणा र निष्ठापूर्वक गरेको कार्यलाई पुरस्कृत गर्ने महत्वपूर्ण माध्यमको रूपमा बढुवालाई लिइने हुँदा इमान्दारीपूर्वक काम गरे वापत कर्मचारीलाई बढुवा जस्तो आकर्षक पुरस्कार नपाउने वा नदिइने हो भने कर्मचारीमा उत्तरदायित्व, जिम्मेवारी, तत्परता जस्ता गुणहरू हराउदै जान्छन् र कर्मचारीमा कामप्रति नैराश्यता उत्पन्न हुन्छ । सम्मानित सर्वोच्च अदालतले बढुवा गर्दा वस्तुपरक स्पष्ट आधारहरू हुनुपर्ने, कार्यक्षमता, कार्यसम्पादन मूल्याङ्कन, जेष्ठता र योग्यता समेतको आधारमा गर्नुपर्नेमा जोड दिएको देखिन्छ । त्यसैले नेपाल प्रहरीमा बढुवा प्रणाली नियमित र अनुमान योग्य बनाउनु पर्ने देखिन्छ । कार्यसम्पादन मूल्याङ्कन पद्दतीलाई वस्तुपरक बनाई बढुवाका स्पष्ट आधारहरू तयार गरी बढुवालाई बैज्ञानिक र निष्पक्ष बनाउनु पर्दछ । ♦♦

१३. ने.का.प. २०६३, अंक ८, नि.नं. ७७४४

**नियात्रा**

# रूकुमकोटको एक साँझ



✍ **युवराज नयाँघरे**

पश्चिम रूकुमकोटलाई बाई–बाई !'

मैले हात हल्लाएँ मुसीकोटलाई । तातो घाम, उज्यालो ज्योति र खल्ला मौसममा खुलिरहेको खलङ्गासँग पश्चिम रूकुमको नाता छ, आँतभेउ छ र हिसाबकिताब छ ।

बिहानै खलङ्गामा खाना खाएथ्यौं नसा चुँडिने गरी । मनलाल वलीका परिवारले बेलुकासम्मलाई पुग्ने गरी भोजनको तारतम्य मिलाएका रहेछन् । त्यै खाएर शीतल पोखरी पुग्दा बिहानको घाम काँधमाथि पुगेर खित्खिताइरहेथ्यो ।

जाने धेरै, बोक्ने गाडी सानो । एकछिन अलमल्ल पर्‍यौं । गिरिप्रसाद बुढा, मुकुन्द शर्मा, पूर्ण वली र सिर्जना शर्मासँगै हाम्रो हुल छ ठूलै । सबै हौसेर रौसिएपछि गाडीका चालक बेला–बेलामा पड्किन्छन्– 'भरे मोटरले तानेन भने के गर्ने नि ?'

'जाँसम्म जान्छ, जाने । अनि पैदल हिंड्ने ... !'

'फर्काउने बाटै नभए .....! त्यै भएर गाडी कुदाउने र गाडी चढ्नेका कुरा मिल्दैनन् ।'

स्टेरियङ घुमाउँदै चालक गनगन गरिरहेथे । वलीले कानमा के भनेर फुसफुसाए कुन्नि– बल्ल गाडी शीतल पोखरीबाट उकालियो ।

खलङ्गा, खारा र रूकुमकोट जाने दोबाटो हो– शीतल पोखरी ।

धूलो उडाउँदै बेगियौं हामी । पूर्वतिरका पहाड, कइनेटा, मोडसँग बाक्लै भेट हुन थाल्यो । आँगनमा पार तापिरहेका बूढाबूढी र बाटो छेउमा धूलो थुपारेर रमाइरहेका केटाकेटीहरू मनग्गे देखिन्थे । उज्यालो दिनले पानी नपारोस् भनेर वली बेलाबखत अकासतिर हेर्छन् । किनभने कालो बादल, हावा र लेकको चालामाला निको मानेका छैनन् पूर्णले ।

'यो अलिक उत्ताउलो देखिंदैछ । बर्सिइहाल्यो भने त बित्यासै पार्छ कि !'

खारा, खौला भएर उडिरहेको

बादलमा पूर्णका आँखाले शंका गरिरहेथे । हामी ठाडढुङ्गा, भन्डारीकाँडा, कानेबाङ भएर साँख पुग्यौं । साँखको फाँट, तोरीबारी र पर-परका मलिला गरा देखेर बुर्कुसी मार्न खोजिरहेको थिएँ म ।

बाटो धुलाम्मे छ । धूलोले अगाडि र पछाडिका पचास हातसम्म केही चिनोचपेटो देखिन्न । बरू दायाँ र बायाँ हेरे पहाड, फाँट र बस्तीको रूप छर्लङ्गिन्छ । एकै छिन भए पनि फोहोर थिग्रिन पाउँदैन मनमा ।

दक्षिणतिर बस्ती, वन र खेतीपातीको झिलमिल देखिरहेको छु । त्यसैको पूर्वी फन्कोमा थुम्कैथुम्का बुर्कुसिएका छन् हामीसँग । पहाडका चुलीका लहरहरू कुदिरहेको लाग्छ । बाटोमा झुलुक्क बातचित हुन्छ- रोटेपानी, चथरी, किटेनी भन्ज्याङसँग । किटेनी भन्ज्याङ उता सडक झन् धुलाम्मे भेटिन्छ । ढुङ्गा फुटाउने, बालुवा थुपार्ने र भीर सम्याउनेको ताँती छ जतातती ।

'यै बाटोको आशामा रूकुमेलीहरूले गर्धन छिनाले धेरैको । छिन्ने र छिनाल्नेको मूल्य हेर्ने हो भने याँ धेरै विकास हुनु पर्थ्यो । तर अकासको फल भो त्यो नि !'

अगाडिको छलफल आइपुग्छ मेरो कानसम्म ।

किटेनी भन्ज्याङबाट बाटो पूर्वतिर ओर्लिन्छ । हिलो, चिप्लो, पानीको झरझरले बाटो हो कि सिमखेत– मुस्किल परेको छ छुट्याउन ।

उत्तरतिर रूखा, कालाम्मे र उराठिला पहाडको ताँती देखिन्छ । स-साना खोल्सा र छहरासँग हाम्रो हुलले भेटघाट गरिरहन्छ । तल सानी भेरी बगिरहेको देख्छु । नदी वारिपारि बस्तीहरू बसेका छन् झुरूप्प-झुरूप्प ।

जताभावी खनिएका बाटोले रूख, ढुङ्गा र बस्तीसम्म ताकेको देख्दा हाम्रा विकासमा विनास बढी घोलिएको लाग्छ । लामो सोच, गहिरो मन्थन र भविष्यको भरथेग नहुने विकास भनेको माकुरा जाले विकास हो- त्यसलाई सानो हावाको झोँका र केटाकेटीका औँलाले नि छिनभरमा भताभुङ्ग पार्छन् ।

घोरखानी, खोबी बजार पुग्दा दिन खुले पनि घाम र बादलको लुकामारी देखिरहेथैं म । जे भए पनि पानीसम्म नदर्किदिए पुग्थ्यो भन्ने छ मनभरि ।

भल खोलाबाट पूर्वी रूकुम सुरू भएछ ।

'पानी अचाउन त !'

मैले चार पाङ्ग्रे रोक्ने आँट नगरे पनि रहर भने देखाएँ । किनभने बाटोले सबैका अनुहार ध्वाँसो दलेको हालतमा छन् । अत्यासको अँध्यारो सबैका अनुहारमा देख्दा मै नि बोली गुमाएर मौन भइरहेथैं ।

साँघुरो बाटो, पहिरिएका बडेमानका ढुङ्गा, तलतिर छाँगाछुर भीर-आँखा, मन र चेतना बलियो पार्न गाऱ्हो भइरहेको छ निकै । बेला-बेलामा चारपाङ्ग्रे नै डराउँछ । हामी त हुनसम्मको भयले पिल्सिएका छौं ।

भिरैभिरको बाटो । बाटो नि के भन्नु र यसो मान्छेका पैतालाले कोरकार गरेजस्तो मात्र । ठाउँ-ठाउँमा ढुङ्गा, बालुवा बिच्छाएर केही खुकुलो भइरहेको छ ।

'यो लोकमार्ग पूरा भएपछि सजिलो होला बल्ल !'

बोलिरहेका छन् वली ।

'अहिले बल्ल नेताबाट ठेकेदारमार्ग भएको रहेछ । जनमार्ग भएका दिनमा बल्ल मुटु कम काम्लान् ।'

भिर छेउमा ओर्लिएर गाडी ठेल्दा भनेको थिएँ मैले ।

रानीकोट, पाखा गाउँसम्म पुग्दा हामी आधा मासु भइसकेका थियौं । भिर, बित्ते बाटो र अजङ्ग-अजङ्गका चट्टानले छेकेको सडकमा लम्किन सजिलो थिएन । फेरि बेलुकी बास बस्न खलङ्गा नै पुग्नुपर्ने पिरलोले सबैका सातोपुत्लो उडिसकेका थिए ।

'चौध अञ्चल बाँचे, पचहत्तर जिल्ला मरे !'

'हो नि त्यो त !'

मलाई सघाउने थिए पूर्ण र गिरिप्रसाद ।

भर्खरै त हो पचहत्तर जिल्ला टुक्राएर सतहत्तर जिल्ला बनेका । टुक्रिनेमा रूकुम भए दुई-पूर्वी रूकुम र पश्चिम रूकुम ।

रूकुमको सदरमुकाम रूकुमकोट र मुसीकोटमा सार्ने र राख्ने कथाले बल्ल मत्थर पाएको रहेछ । पहाड, विकट, दुर्गम र सम्पर्कका हिसाबले रूकुम निकै नै असहज जिल्ला हो । यसको सरकारी अड्डा राख्ने किचलो लामै समय चलेछ ।

शक्ति हुनेले घरी रूकुमकोट त घरी मुसीकोट पारेछन्- सदरमुकाम । रूकुमकोटमा अड्डा अदालत र सरकारी कार्यालय बस्दा पश्चिमकालाई हुनसम्म गाऱ्हो भयो । फेरि पश्चिम मुसीकोटमा अड्डा अदालत सारेपछि रूकुमकोटका मनमा नुनचुक दले झैं हुने नै भयो । लामै समय मुख नचलेर हातपाउ नै चल्दा थुप्रै ज्यान ढलेछन्, परेछन् र गिँडिएछन् । जेल परेर तङ्ग्रिनेहरूले फेरि उही मुद्दा समाज, राजनीति र संस्कृतिमा गाँसेर बोल्न छोडेनछन् । अनि बल्ल रूकुम दुई चिरामा चिरिएछ-पूर्वी रूकुम र पश्चिम रूकुम ।

पूर्वी रूकुम भर्खरै नयाँ जिल्लाको रूपमा मान्यता पाएपछि यसका सेना, प्रहरी, उद्योगवाणिज्य, शिक्षा, यातायात, खेतीपाती, वन, स्वास्थ्य

र संस्कृतिसम्बद्ध कार्यालय बन्दै गरेको जानकारी दिए पूर्णले ।

बाटाभरि गफ चलिरहेको छ । बेला-बेलामा झुल्किने पुथा हिमालसँग मन साटिरहेका छौं हामी ।

रानीकोट पुग्दा दिउँसो भइसकेको छ । बिहानको खान्कीले ठाउँ छोडिसकेको छ । आँखामा भुँडीको असर बेला-बेलामा उर्लिएर आउँछ । चोट सुनाउने ठाउँ वली बाहेक अरू चौतारो छैन ।

पाखा गाउँ पुगेपछि रूकुमकोटको सुन्दरता नजिकियो । पछि हेरूँला भनेर मन जतिसुकै रोके पनि आँखाले छक्याएर मबाट गइरहन्थ्यो । तल बेंसीबाट माथि लेकतिर लहसिएको पहाडी टारमा लोभलाग्दा घरहरू उभिएका थिए । मैले हृदयमा तिनको रूप, आकार र संरचनालाई खिचेर थन्काएँ । पहाडमा घरहरूको रूप अलिक भिन्न हुन्छ, अलिक फरक र अलिक समृद्ध हुन्छ । यी भिन्नता, बेग्लो र अलगमा पहाडी सुवासको आलोक पोतपात भएको हुन्छ । रूकुमकोटका अग्ला टाँडे घरहरूले मलाई अर्कै मिठास र पूर्ण हार्दिकतामा बाँधिरहेका थिए ।

रूकुम जिल्लाको अर्को नाम रहेछ- 'बाउन्न पोखरी, त्रिपन्न टाकुरी !'

त्यसो त रूकुमकोटमा मात्रै बाउन्न पोखरी रहेछन् । त्यसै गरी सानाठूला गरी त्रिपन्न टाकुरा रहेछन् ।

हामी दिउँसोतिर कमल दह पुग्यौं- रूकुमकोटको मुख्य सदरमुकाम । बाटातल छिप्रि दह थियो । बाटामा स्तिरको कमल दहमा कमलका सेता-बैजनी फूलपातले भरिभराउ थिए ।

कमलका जरा र दाना अचार खानका लागि निकै लोभ गरिँदो रहेछ यतातिर । वलीले भरे त्यसको जोहो गरिदिउँला भने नि मलाई ज्ञानकै अचारले तताएको थियो । ओठको भन्दा नि मस्तिष्ककै अचार बढी तिख्खर हुन्छ भनें मैले ।

गिरि, सिर्जना, पूर्ण र मुकुन्द हाँसे ।

भोक राम्रै लागेको रहेछ । छिप्रि दह छेवैको भान्सामा पलेंटी कसेर भुँडी उकासियो । ढिँडो र सिस्नो खोजे पनि यहाँ भने जुरेको थियो दालभातै ।

रूकुमकोट कान्छो जिल्ला नेपालको । पूर्वी रूकुम यसको पछिल्लो चिनारी भएको छ । जम्माजम्मी तीनवटा गाउँ विकास समितिले ओगटेको भूभाग पाएर आफ्नो अस्तित्व स्थापित भएको रहेछ यो जिल्ला ।

महाभारत कालमा रूक्मिणी महारानीको आदिकथासँग जोडिएको यो जिल्ला पुग्दा बेग्लै संसारमा पुगेर नेपाल पढेको भावना सल्बलाइरह्यो ।

कमल दह मास्तिरको विद्यालय

गइरहँदा पूर्ण, गिरि, मुकुन्द र सिर्जनालाई भनें- 'तपाईंहरू चार जनाले बाउन्न पोखरीको नाम भन्नुपर्‍यो ।'
वलीले हात उठाए ।

'मै पहिला भन्छु- पोधर्ना पल्लो पोखरी, पोधर्ना उत्तर पोखरी, पोधर्ना दक्षिण पोखरी, पोधर्ना बीचको पोखरी, सानो कल्लापाटा पोखरी, उपल्लो कल्लापाटा पोखरी, साउने पानी पोखरी, ठूलास्वाँरा पोखरी, गैराखेत पोखरी, लुस्पाघारी तल्लो स्वाँरा पोखरी, उपल्लो स्वाँरा पोखरी, राङकोट पोखरी, मूलपानी पोखरी, भैंसेखाल पोखरी, अम्प्राईबोट पोखरी मैले यति तालका नाम जानेको छु ।'

बाटोमा सिर्जना कुरेर बसेकी थिइन् । उनले औंला भाँच्दै अरू तालका नाम टिपाइन्-'गैरी गाउँ पोखरी, गैराबारी पोखरी, बीचको गैराबारी पोखरी, ओख्राबाङ घारी पोखरी, रातमाटा गैरी पोखरी, दक्षिण गैराबारी पोखरी, तल्लो सिम पोखरी, उपल्लो सिम पोखरी, रूलीखोला पोखरी, दाङ्चा पल्लो खारा पोखरी, ओल्लो खारा पोखरी !'

उकालोमा देब्रेतिर उभिएका गिरिप्रसादले अरू थपे- 'छिप्रि दह पोखरी, जुगेना पोखरी, मङ्ग्रा पोखरी, आग्री गाउँ पोखरी, सुँगुरदारे पोखरी, बाग्दुला पोखरी, मटीखन्नी पोखरी, चिउरेनी पोखरी, डाँडा पोखरी, चिउरेनी गैरी पोखरी !'

गिरिप्रसादले त्यसपछिका नाम भट्याउन थाले- 'गोस्वारा पोखरी, काजिन्दा पोखरी, टिकेखारा पोखरी, चोकबजार पोखरी, मष्टाथान पोखरी, बाहुन्थाना गैरी पोखरी, मेल बिसाउना पोखरी, बजु पुज्ने पोखरी, जोखिनपुर पोखरी, किमुखारा पोखरी !'

मुकुन्दले अघि नै हात उठाए पनि बल्ल उनको पालो आयो ।

'रूलीखोला घारी पोखरी, पाखागाउँ धारामुनि पोखरी, आलापाखा पोखरी, सिलिङ्गीबोट पोखरी, बोराबोरी पोखरी र कमल दह पोखरी ।'

'म त अल्मलिन्छु कि भन्ठानेको थिएँ- जे होस् बाउन्न तालका नाम पूरा भए हैन त ?'
यति भनेर उकालो लागे मुकुन्द ।

रूकुमकोटका सबै तालका नाम जान्न पाएर म खुसी थिएँ । तलको कमल दहमा फक्रेका गुलाफी कमल फूलका केसर हरिया पातमा सरर्र खसिरहेथे । साँझको हावाले तालमा बैंसालु मादकता पोखिइरहेथ्यो ।

उत्तरबाट दक्षिणातिर फैलिएको कमल दह निकै ठूलो ताल रहेछ रूकुमकोटको। इतिहासका अनेक घामछायाँ भोगेको यो तालसँग द्वन्द्वका अनगिन्ती चित्र पनि टाँसिएर रहेको बाटैमा भेटिएका लोकेन्द्र बुढाथोकीले सुनाए ।

हामी विद्यालय पुग्दा जाडोमा लुगलुगाएका छात्रछात्राहरू बसिरहेका थिए चौरमा । अनेक शिक्षक, विद्यार्थी, वरपरका जनप्रतिनिधि, जिल्ला शिक्षा अधिकारी, सेना प्रहरीका ठूलाठालुले हाम्रो ठूलै मानखातिर गरे । झमक्क साँझ परून्जेलसम्म कविता, गीत, नाच र स्वागतका सुरताल घन्किरहे ।

हाम्रा घाँटी सयपत्रीका मालाले भरिइरहे, निधार अबीरले रङ्गिइरहे, छातीभरि खादा थपिइरहे । माया, मान र आत्मीयताको रङ्ग छरिइरह्यो ।

जीवनमा साहित्यले दिएको यो माला, यो ताली र यो स्यालुटले मलाई झनै धर्ती हुन सिकायो, फूल बन्न सिकायो, कपास हुन सिकायो ।

साँझ परेपछि विद्यार्थीका हुल र विद्यार्थीको अँगालोबाट भँगालिएर छिप्रि दहतिर लाग्यौँ हामी । नौलो जोस, जाँगर र जमर्को साँचेर रूकुमकोटको सदरमुकाम छिप्रि दह वरपर निर्माण भइरहेथ्यो । अनेक पसल, बजार, कार्यालयले वाणिज्य, सम्बन्ध र सक्रियताको साइनो गाँसिरहेथे ।

मानिसहरू जिल्ला टुक्रिएकोमा स्तब्ध थिएनन्- बरू हर्षित थिए । रूकुमबाट छुट्टिएर पूर्वी रूकुमको भिन्न परिचय पाएकोमा सन्तप्त थिएनन्- बरू उमङ्गित थिए ।

नन्दलाल शर्माले दह्रो हात मिलाएर छुट्टिँदा भनेका थिए- 'मरी, मरी के बाँच्नु ? एकै पटक बाँच्नु र मर्नुको स्वाद पाउनु पर्छ !'

रूकुमकोटका घर-गाउँलेले अड्डा सारिएको पीडाबाट भर्खरै उन्मुक्ति पाएछन् । नयाँ परिचय र नौलो पहिचानमा एउटा सुदुर पीडा पनि त छ-द्वन्द्वमा अथाह घाउ र मृत्युको श्रृङ्खला ।

'भोलि विद्रोहले मुन्टो नउठाओस् भनेर भूगोलै बाँडिएको होइन ?'

भित्र कहाँ हो कहाँ प्रश्नका कमल फूल कोपिलिए । तर ती कोपिलाले फक्रिनु अघि नै समयका धेरै हिउँदबर्खा, घामपानी र असिनाहुरीमा मैले उत्तर हुर्काउन सकिनँ ।

पर-पर देखिने मधुरो पुथा हिमालको धमिलो छायाँमा इतिहासको त्यो बदलिँदो खसखससँग भाग्नु पर्‍यो मैले । किनभने यतिखेर म सिस्ने हिमालको चिसो, कठोर र लेकाली ठिहीसँग लुगलुगाइरहेको थिएँ ।

साँझको स्याँठमा मैले त्रिपन्न टाकुरीको नाम जान्न खोजें । जाडोले कान, ओठ र गालामा पटक-पटक दर्फरायो । ताता, न्याना र बाक्ला लुगा हामीले खलङ्गामै छोडेका थियौँ ।

'पश्चिम रूकुममा लुगा थन्काउने, पूर्वी रूकुममा जाडो भो भन्न मिल्छ ?' पूर्ण च्याँट्ठिए ।

तर मैले उनको गम्काइलाई

माया, स्नेह र आत्मीयताको गनगन मात्र ठानें । किनभने केही अघि उनकै अगुवाईमा विद्यालय परिसरमा हामी सबैका गलामा ओडाइएको थियो तातो न तातो रातो खास्टो । त्यही बेरेर छिप्रि दहतिर बरालिइरहेको थिएँ म । राति बास बस्ने मेसो राम्रैसँग भएछ । त्यही ठाउँमा तातो चिया सुर्काउँदा गिरि र वली टाकुरीका नाउँ टिपाउन बसेथे ।

धेरै टाकुराहरू भत्काएर, खनजोत गरेर, डोजर चलाएर अनि सम्याएर सकिसकेछन्- रूकुमकोटमा । फलफूल, तरकारी, र धानमकैका लागि उर्बर रूकुमकोट रोल्पा, बाग्लुङसँग नजिक रहेछ । साँच्चिकैको दुर्गम र कन्दरामा बसेको यो भुइँबाटै मुलुकमा ढ्याङ्ग्रो ठोक्ने परिवर्तनको बोली चर्किएथ्यो ।

मलाई कागज थमाएर वलीले भट्याए टाकुरीका नाम ।

'पोधर्ना उत्तर टाकुरी, पोधर्ना बीचको टाकुरी, पोधर्ना दक्षिण टाकुरी, पोधर्ना टाकुरी, कल्ला पाटा टाकुरी, कल्ला पाटा घारी टाकुरी, साउने पानी टाकुरी, राङकोट टाकुरी, अम्राईबोट टाकुरी, सानो राङकोट टाकुरी, भैंसेखाल टाकुरी, धौलेगरा टाकुरी, तल्लो सिम टाकुरी, उपल्लो सिमपानी कुटी टाकुरी, दाङचा टाकुरी, ब्रह्मथान टाकुरी, खल टाकुरा टाकुरी, सिम्लाम रूख टाकुरी, उपल्लो सिम बीचको टाकुरी, सिमा पाखाघारी टाकुरी, बाउन टाकुरी, आला नायकडेरा टाकुरी, लामकाने थान टाकुरी, मङ्ग्रा टाकुरी, जुगेना टाकुरी, बाँरा रूख टाकुरी, चिउरेनी टाकुरी, खिरखिरे डाँडा टाकुरी- यी अट्ठाइस् वटा टाकुरीको नाम मैले भट्याएँ । मेरो स्वर सुक्यो । अरू पच्चीस वटाको नाउँ उहाँले भनिदिनु हुनेछ ।'

वली चुप लागेपछि गिरिप्रसाद बोल्न थाले ।

मैले अरू टाकुरीका नाम टिपें ।

'काजिन्द्रा टाकुरी, उधिनढुङ्गा टाकुरी, बजु पुज्ने टाकुरी, शिवलाथान घारी टाकुरी, मेल बिसाउना टाकुरी, शिवलाथान पश्चिम टाकुरी, अस्पतालघारी टाकुरी, दहपातल टाकुरी, धुपीरूख टाकुरी, बाहुनथाना टाकुरी, मष्टाथान टाकुरी, चिउरापाटा टाकुरी, जोखिनीपुर टाकुरी, वरलाँकुरी टाकुरी, टिकेखारा चौतारा टाकुरी, बाहुनथाना चौतारा टाकुरी, बोराबोरी टाकुरी, बाग्दुला टाकुरी, भदेपानी टाकुरी, पाखागाउँ टाकुरी, बराहथानघारी टाकुरी, उपल्लो कल्लापाटा टाकुरी, पोखरीडाँडा टाकुरी र सर्पकोट टाकुरी ।'

गिरिप्रसादले सबै टाकुरीको नाम टिपाएर तातोपानी सुरूप्प पारे । अघिदेखि पानी सुर्काइरहेका पूर्णले भोलि

बिहान चाँडै मुसीकोट जानुपर्ने खैखबर नि गरिरहेथे ।

'बाउन्न पोखरी र त्रिपन्न टाकुरीबाट मिसिएर आएको पवित्र वायुले मेरो फोक्सो भरिएको छ । म चैं लट्ठिएर सुतेपछि हत्तपत्त उठ्नै सक्तिनँ होला । घच्घचाएरै बोलाउनु होला !'

मैले यति भनेपछि हाँस्न थाले उनी । उनको हाँसोलाई पूर्णले नि सघाए ।

मध्य रात भएपछि बल्ल आङ तात्यो । सिरकमा घुस्रे पनि वल्लोपल्लो कोठाको गफगाफले आँखामा परेली झिम्किनै सकेनन् ।

झ्याल छेवैको खाटमा म सुतेथेँ । घरको माथ्लो तल्लामा सुतेकाले वरपर देखिन्थ्यो जम्मै । डाँडाकाँडाले घेरिएको लाग्थ्यो रूकुमकोटलाई ।


ठूलो, उज्यालो र झलझलाकार जून रूकमकोटको अकासमा आइरहेथ्यो वर-वर । त्यो सफा, सङ्लो र सुकिलो जून देखेर निकै उल्लसित भएँ म, पुलकित भएँ म र हर्षित भएँ म ।

पूर्वी रूकुमका घर-आँगनमा यस्तै जून कसो नआउला ? रूकुमकोटको विश्वासमा डोर्रिएर म निदाएँछु कति बेला-कति बेला ! ♦

**कविता**

# सज्जन

✍ **मुक्तिनाथ पोखरेल**



सिक सज्जन बन्न मनुष्यहरू
कुविचार बढाउँछ रोष बरू
जति होस पुऱ्याउँछ मानवले
त्यति छाड्दछ दुच्छर दानवले ।१।

मन स्वस्थ हुँदा तन स्वस्थ हुने
मन खिन्न भए तन खल्बलिने
जब मानव लड्दछ आपसमा
अनि शत्रु रमाउँछ नित्य त्यहाँ ।२।

नव इन्द्रियको बस पर्दछ जो
त्यसको मति भ्रष्ट भएर गयो
पछि थाल्दछ गर्न कुकृत्य जति
वय वृद्ध भएपछि रुन्छ अति ।३।

मन चञ्चल बन्दछ दुर्जनको
दिल कञ्चन रम्दछ सज्जनको
यति भेद छ सज्जन दुर्जनमा
तर जित्न सकिन्न छ मोह यहाँ ।४।

मन भित्र दुराशय राख्दछ जो
अति दुच्छर दूषित दुर्जन हो
जसको मन स्वच्छ र शान्त भयो
त्यसको सब लक्षण सज्जन हो ।५।

शठ दुर्जन शासन गर्छ जहाँ
छलछाम हुनेछ सदैव त्यहाँ
यदि सज्जन गर्दछ राज भने
सुखशान्ति समुन्नत राष्ट्र हुने ।६।

# वैयक्तिक गोपनीयता र कानूनी व्यवस्था



✍ प्र.ना.उ. कृष्ण खड्का

**विषय प्रवेशः**

विज्ञान र प्रविधिको चरम विकास भएको वर्तमान अवस्थामा वैयक्तिक गोपनीयताको सुरक्षा र संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ । राज्यले हरेक नागरिकको वैयक्तिक गोपनीयताको प्रत्याभूति विभिन्न कानूनी व्यवस्थाको माध्यमबाट गरेको हुन्छ । व्यक्तिले आफ्नो व्यक्तिगत, पारिवारिक, धन-सम्पत्ति इज्जत, प्रतिष्ठा, मान-सम्मान आदि निजी विषयमा कसैले हस्तक्षेप र अतिक्रमण नगरोस् भन्ने चाहना गरेको हुन्छ । कुनै व्यक्ति, समूह वा राज्यबाटै किन नहोस् कानूनबमोजिम बाहेक व्यक्तिको निजी गोपनीयताको विषयमा अनावश्यक चासो राख्ने, अतिक्रमण गर्ने वा गोपनीयताको हक हनन् गर्ने जस्ता कार्यहरू कानून विपरीत हुन जान्छ । व्यक्तिको गोपनीयता सम्बन्धी विषयलाई सम्वेदनशिल मान्दै नेपालको संविधानको धारा २८ मा मौलिक हक अन्तर्गत गोपनीयताको हकलाई समावेश गरिएको छ। वर्तमान संविधानमा मात्र नभएर २०४७ सालको संविधानको धारा २२ मा समेत गोपनीयताको हकलाई स्थान दिइएको पाइन्छ। विश्व परिवेशलाई हेर्ने हो भने पनि १५० भन्दा बढी देशहरूले आफ्नो संविधान/कानूनमा गोपनीयताको हकलाई कुनै न कुनै रूपमा अनुबन्धित गरेको भन्ने उल्लेख भएको पाइन्छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८(Universal Declaration of Human Rights - UDHR)मा गोपनीयताको हक नै भनि उल्लेख नगरिएको भए तापनि धारा १२ मा-कुनै पनि व्यक्तिको गोपनीयता, घरपरिवार वा पत्र व्यवहारको सम्बन्धमा मनोमानी ढंगले हस्तक्षेप गरिने छैन र कसैको सम्मान वा ख्याति माथि कुनै चोट पुऱ्याइने छैन, त्यस्तो हस्तक्षेप र हानि नोक्सानी विरूद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ।

तसर्थ आफ्नो वैयक्तिक मामिला वा कुराहरूलाई गोप्य राख्न पाउने विषय

व्यक्तिगत स्वतन्त्रता र अधिकारको सवाल हो । व्यक्तिको निजी मामिलामा हस्तक्षेप वा अतिक्रमण कानून विपरीतको कार्य हुन गई प्रचलित कानून अनुसार दण्ड-सजायको भागिदार बन्नु पर्ने हुन सक्दछ । त्यसैले नेपालको संविधान र अन्य प्रचलित कानून समेतमा व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र लगायतको विषय कानूनबमोजिम बाहेक अनतिक्रम्य हुने भनी उल्लेख गरेको पाइन्छ।

खास गरी वैयक्तिक गोपनीयताको हकसँगै दुई पक्षहरू रहेको मानिँदै आएको पाइन्छ-सकारात्मक पक्ष र नकारात्मक पक्ष । सकारात्मक पक्षले गोपनीयताको हक अधिकारको सही प्रयोगले अन्यबाट बिना हस्तक्षेप र बाधा-अवरोध आफ्नो व्यक्तित्व, सिप र क्षमताको विकास विकास गर्न भूमिका खेल्दछ भने नकारात्मक पक्षले कुनै व्यक्ति, समूह वा राज्यले व्यक्तिको निजी मामिला र गोपनीयताको विषयमा अनधिकृत दखल पुऱ्याउनबाट रोक्दछ ।

वैयक्तिक गोपनीयताको हक माथि दुई पक्षबाट अतिक्रमण वा हस्तक्षेप हुन सक्ने सम्भावना रहन्छ।

(**क**) राज्यद्वारा र

(**ख**) व्यक्ति वा समूहद्वारा ।

राज्यले नै अन्य हक अधिकारको अतिरिक्त व्यक्तिको गोपनीयताको हकलाई प्रत्याभूति दिएको हुन्छ । राज्यले नै व्यक्तिको हक अधिकारको प्रत्याभूति गर्ने र संरक्षण गर्ने कार्य सँगसँगै गरिरहेको हुन्छ । कानूनबमोजिम बाहेक राज्यले पनि वैयक्तिको निजी सरोकारको विषयमा अतिक्रमण वा हस्तक्षेप गर्न मिल्दैन। राज्य वा राज्यका कुनै अंगबाट व्यक्तिको निजी तथा गोप्य कुरामा अनावश्यक, अनधिकृत घुसपैठ र अतिक्रमण भएमा व्यक्तिले कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्दछ । तथापि, कतिपय विषम र फरक अवस्थामा राज्यले गोपनीयताको हकमाथि निषेध (Restriction) गर्न सक्दछ । जस्तोः देशको आन्तरिक वा बाह्य सुरक्षामा प्रतिकूलताको विश्वसनीय अवस्था सिर्जना हुने देखिएमा गोपनीयताको हक (Right to privacy) लाई नियन्त्रण वा प्रतिबन्धसमेत लगाउन सक्दछ।

वर्तमान सूचना प्रविधिको युगमा व्यक्तिको गोपनीयताको हक विभिन्न माध्यमबाट अतिक्रमित र असुरक्षित हुँदै गएको पाइन्छ । कानूनबमोजिम र स्वयं व्यक्तिले मञ्जुरी दिएमा बाहेक व्यक्तिका निजी र पारिवारिक विषयमा दखल दिने, घुसपैठ गर्ने वा गोपनीयताको हक हनन गर्ने अधिकार कसैलाई पनि हुदैन। वर्तमान सन्दर्भमा विभिन्न बहाना र स्वार्थमा व्यक्तिको घर, परिवार र सम्पत्ति समेतमा गैरकानूनी र अनधिकृत प्रवेश गरि वैयक्तिक विषयलाई सार्वजनिक

गरेको परिदृष्य सबैको सामु छर्लङ्ग छ । कानूनको अनभिज्ञता क्षम्य हुदैन भनिन्छ; कतिपय व्यक्ति वा समूहले जानेर वा अन्जानमै व्यक्तिको गोपनीयताको हकलाई ठाडै अतिक्रमण गर्ने गरेको कार्य कानून विपरीत हुन गई सजायको भागीदार बन्नुपर्ने निश्चित प्राय छ।

नेपालको सन्दर्भमा वैयक्तिक गोपनीयताको हक-अधिकारलाई संविधान तथा अन्य कानून समेतमा समावेश गरी प्रत्याभूत गरिएको पाइन्छ । राज्यले पनि कानूनबमोजिम मात्र व्यक्तिका गोप्य कुराहरूलाई सोधी खोजी गर्न, प्राप्त गर्न, छानविन र अनुसन्धान गर्न सक्दछ। व्यक्तिको अनुमती बिना कसैले पनि निजी विषयवस्तुको सोधिखोजी गर्ने, निग्रानी गर्ने, बाध्य तुल्याउने, बलजफ्ती गर्ने, प्राप्त गर्ने र अतिक्रमण गर्ने लगायतका कार्य कानून विपरीतको कार्य हुन गई दण्ड-सजायको व्यवस्था समेत गरिएको पाइन्छ । मूलतः कानूनमा व्यक्तिको जिऊ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र समेतका विषयहरू कानूनबमोजिम बाहेक अनतिक्रम्य रहने भनि उल्लेख भएको पाइन्छ।

**नेपाल कानूनमा वैयक्तिक गोपनीयता**

वैयक्तिक गोपनीयताको संरक्षण र सुनिश्चतताको लागि नेपालको विभिन्न कानूनमा व्यवस्था गरेको पाइन्छ । देशको मूल कानून नेपालको संविधानमै मौलिक हकको रूपमा गोपनीयताको हक समावेश गरिएको छ । खास गरी निम्न लिखित कानूनमा वैयक्तिक गोपनीयताको बारेमा उल्लेख गरिएको पाइन्छ ।

**(१)** नेपालको संविधान,
**(२)** मुलुकी अपराध संहिता ,२०७४ र
**(३)** वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५

नेपालको संविधानको धारा २८ मा मौलिक हक अन्तर्गत गोपनीयताको हक समावेश गरिएको माथि नै उल्लेख गरिएको छ । त्यसै गरी मुलुकी अपराध संहिता २०७४ को भाग-३ परिच्छेद-१ मा गोपनीयता विरूद्धका कसूर अन्तर्गत दफा २९३ देखि दफा ३०४ सम्म विभिन्न कानूनी व्यवस्था गरिएको पाइन्छ । यसै गरी वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५ विशेष कानूनको रूपमा जारी गरेको पाइन्छ । वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५मा देहाय बमोजिमका सूचनाहरू वैयक्तिक सूचना हुने र सो बमोजिम वैयक्तिक गोपनीयताको हक कायम हुने भन्ने समेत उल्लेख भएको पाइन्छ ।

**(क)** व्यक्तिको शारीरिक/जिउको गोपनीयता,
**(ख)** आवासको गोपनीयता,
**(ग)** सम्पत्तिको गोपनीयता,
**(घ)** लिखतको गोपनीयता,
**(ङ)** तथ्याङ्कको गोपनीयता,

(**च**) पत्राचार र

(**छ**) चरित्र सम्बन्धीको गोपनीयता ।

**(क) व्यक्तिको शारीरिक/जिउ र पारिवारिक गोपनीयताः**

प्रत्येक व्यक्तिको शारीरिक र मानसिक अवस्था सम्बन्धी विषयको गोपनीयता अनतिक्रम्य हुने; कानूनबमोजिम बाहेक वा व्यक्तिको मञ्जुरी बिना निजको शारीरिक, जैविक वा यौनिक गोपनीयताका (यौन, प्रजनन, शारीरिक रोग आदि) कुराहरू लेखेर, बोलेर वा कुनै माध्यम प्रयोग गरेर सार्वजनिक गर्न गराउन पाइँदैन ।

प्रत्येक व्यक्तिलाई पारिवारिक जीवन कायम राख्न वा पारिवारिक अखण्डता तथा गोपनीयता कायम राख्न पाउने अधिकार हुने साथै श्रीमान् श्रीमती बिचको गोपनीयताको कुरा कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ। कानूनबमोजिम वा अधिकार प्राप्त अधिकारीले बाहेक व्यक्तिको मन्जुरी नलिई निजको शरीर वा निजको साथमा रहेको चिज बस्तुको अनधिकृत तलासी लिन नहुने भन्ने समेतको कानूनी व्यवस्था रहेको छ।

**(ख) आवास सम्बन्धी गोपनीयताः**

प्रत्येक व्यक्तिलाई निजको आवासको गोपनीयताको अधिकार हुनेछ। आवास भन्नाले कुनै पनि व्यक्तिले बसोबास गर्ने घर, डेरा, अपार्टमेन्ट, कोठा वा बासस्थान सम्झनुपर्छ र सो शब्दले निजले रात बिताउने गरी बसेको होटल, रिसोर्ट, लज, पाहुना घर वा शिविरको कोठा वा त्यस्तै प्रकृतिको अन्य कुनै ठाउँलाई समेत जनाउँछ भनी उल्लेख भएको पाइन्छ ।

कानूनबमोजिम बाहेक कुनै व्यक्ति वा निजको परिवारको गोपनीयता भंग हुने गरी आवासमा प्रवेश गर्न र खानतलासी गर्न कानूनले निषेध गरेको छ । आवासको खानतलासी गर्नु पर्दा पूर्व सूचना दिनुपर्ने र कानूनबमोजिमको शर्त अनिवार्य रूपले पालना गर्नुपर्ने हुन्छ । कसैको आवास क्षेत्रको सूचना संकलन वा निगरानी हुने गरी सि.सि क्यामेरा समेत जडान गर्न नहुने उक्त ऐनमा उल्लेख छ ।

**(ग) सम्पत्तिको गोपनीयताः**

प्रत्येक व्यक्तिलाई निजको सम्पत्ति र सम्पत्ति सम्बन्धी विवरण गोप्य राख्न पाउने अधिकार रहेको हुन्छ । कानूनबमोजिम बाहेक कसैको सम्पत्तिमा अनधिकृत पहुँच वा प्रवेश गर्न र अनुमति बिना अर्काको सम्पत्ति विवरण सार्वजनिक गर्न कानूनले निषेध गरेको छ तर अनुसन्धानको क्रममा वा परेको मुद्दाको सिलसिलामा अधिकार प्राप्त व्यक्ति वा निकायलाई त्यस्तो विवरण उपलब्ध गराउनु पर्नेछ।

**(घ) लिखत सम्बन्धी गोपनीयताः**

कानूनबमोजिम वा व्यक्तिको

मन्जुरी बिना निजको शैक्षिक, चिकित्सकीय, व्यक्तिगत परिचय खुल्ने परिचयपत्र, बैंकिङ्ग प्रणालीसँग सम्बन्धित विवरण, सम्पत्तिसँग सम्बन्धित कागजपत्र, सवारीसँग सम्बन्धित प्रमाणपत्र, वायोमेट्रिक, नोकरीसँग सम्बन्धित कागजपत्र आदिको गोपनीयता अनतिक्रम्य रहने कानूनी व्यवस्था रहेको छ ।

**(ङ) तथ्याङ्क सम्बन्धी गोपनीयताः**

व्यक्तिमा व्यक्तिगत विवरण वा तथ्याङ्कहरू गोप्य राख्न पाउने अधिकार रहन्छ। कसैले पनि व्यक्तिको मन्जुरीबेगर वा कानूनबमोजिम बाहेक व्यक्तिको वा परिवारको सम्पत्ति, स्वास्थ्य, परिवार, राजनीति, व्यवसाय आदिको सूचना वा तथ्याङ्कमा अनधिकृत पहुँच र सार्वजनिक सम्प्रेषण गर्न पाइने छैन।

**(च) पत्राचारको गोपनीयताः**

प्रत्येक व्यक्तिलाई आफ्नो निजी पत्राचार, चिठ्ठीपत्र, विद्युतीय सञ्चारका माध्यमबाट सञ्चालित इमेल, एस.एम.एस आदिको गोपनीयता राख्न पाउने अधिकार रहेको हुन्छ। कानूनबमोजिम बाहेक कसैको पनि चिठ्ठीपत्र, इमेल वा विधुतीय पत्र व्यवहार आदि खोल्न, सार्वजनिक गर्न कानूनले निषेध गरेको छ।

**(छ) चरित्र सम्बन्धी गोपनीयताः**

व्यक्तिको आचरण, चरित्र र व्यवहार नितान्त व्यक्तिगत कुरा हुन। कानूनबमोजिम काम कारबाही गर्दा बाहेक कुनै व्यक्तिको मान-सम्मान तथा आचरणमा ठेस पुग्ने, मानहानी हुने, पारिवारिक जीवनमा आँच पुग्ने कार्य गर्ने अधिकार अरू कसैमा रहेको हुन्न । कानून विपरीत व्यक्तिको चरित्र र आचरण सम्बन्धी विषयमा अतिक्रमण गर्ने र त्यस्ता कुरा सार्वजनिक गर्न-गराउन कानूनले निषेध गरेको छ।

कुनै व्यक्तिको अनुमति बिना चरित्र र प्रतिष्ठामा आँच आउने गरी निजको वा निजको परिवारको तस्विर खिच्न, निजको तस्विरलाई बदनाम गर्ने मनसायले अरूको तस्विरसँग पूरै वा केही भाग जोडी अर्को तस्बिर बनाउन, प्रकाशन गर्न वा सार्वजनिक गर्न कानूनले निषेध गरेको छ। सार्वजनिक स्थानको कुनै तस्विर लिंदा/खिच्दा अरू कसैको तस्बिर खिचिन गएमा बाहेक कसैले कुनै व्यक्तिलाई हैरान पार्ने, सताउने, कुनै अनुचित फाइदा लिने र मन्जुरी बिना प्रकाशन, खरिद-बिक्री र सार्वजनिक समेत गर्न गराउन कानूनले निषेध गरेको छ। त्यसै गरी पक्राउ परेको कुनै व्यक्तिलाई लागेको कसूर सम्बन्धमा सम्बन्धित निकायमा अभियोगपत्र दायर नभएसम्म निजलाई कुनै पनि तरिकाले सार्वजनिक गर्न-गराउन हुदैन भन्ने व्यवस्था समेत भएको पाइन्छ ।

**(ज) विद्युतीय माध्यमको गोपनीयताः**

वर्तमान आधुनिक विकासको परिवेशमा व्यक्तिको विद्युतीय माध्यमको गोपनीयता कायम राख्न चुनौतीपूर्ण भएको छ। विद्युतीय माध्यममा रहेका वैयक्तिक विवरणहरू, पत्राचार, सूचना सम्प्रेषण लगायतको विवरण गोप्य राख्न पाउने हक व्यक्तिमा रहेको हुन्छ । कसैले पनि कानूनबमोजिम बाहेक वा व्यक्तिको मन्जुरी बिना व्यक्तिगत पत्राचार, सूचना, तस्विर आदि अनधिकृत ढंगले प्राप्त गर्ने, प्रयोग गर्ने, प्रचारप्रसार गर्ने जस्ता कार्यलाई कानूनले निषेध गरेको छ । सार्वजनिक स्थानको बाहेक विद्युतीय माध्यममा रहेका संवाद, कुराकानी आदि यान्त्रिक उपकरण प्रयोग गरी सुन्न, रेकर्ड गर्न समेत पाइन्न । सार्वजनिक स्थानमा सि.सि. क्यामेरा जडान गर्ने, आवास तथा कार्यालयको निगरानी गर्ने, फोटो खिच्ने, जासुसी गर्ने कार्य समेत कानून विपरीत कार्य हुन जान्छ।

**ऐनबमोजिम देहायका सूचनाहरूलाई वैयक्तिक सूचना मानिने छैनः-**

**(क)** निज कुन सार्वजनिक निकायमा बहाल रहेको पदाधिकारी हो भन्ने विषय, **(ख)** निजको पद र सो हैसियतमा सम्पर्क गर्न सकिने कार्यालयको ठेगाना, फोन नम्बर, इमेलको ठेगाना, **(ग)** सार्वजनिक निकायले जारी गरेको वा लेखेको कुनै पत्र वा लिखतमा हस्ताक्षर गर्ने व्यक्तिको नाम र निजको पद, **(घ)** निजले सम्पादन गर्ने कामको कार्य विवरण र त्यसको प्रकृति र **(ङ)** निजको सेवा शर्त सम्बन्धी विषय ।

सार्वजनिक निकायले व्यक्तिको व्यक्तिगत सूचना समेतलाई कानूनबमोजिम बाहेक प्रकाशमा ल्याउनु हुन्न । व्यक्तिको जात, जाति, उत्पत्ति, राजनितिक र धार्मिक विश्वास, शारीरिक वा मानसिक अवस्था, सम्पत्ति र यौन सम्बन्धी कुरालाई कानूनले सम्वेदनशील वैयक्तिक सूचना मानेको छ।

वैयक्तिक गोपनीयता विरूद्धको केही कसूरलाई कानूनले सरकारवादी फौजदारी कसूर र केही कसूरलाई व्यक्तिवादी फौजदारी कसूरको रूपमा लिई अधिकतम तीन वर्षसम्मको कैद सजाय र जरिवाना हुने व्यवस्था गरेको पाइन्छ।

वर्तमान परिवेशमा वैयक्तिक वा पारिवारिक गोपनीयताका विषयमा अतिक्रमण गरेका घटनाहरू दिन-प्रतिदिन बढ्दै गएको पाइन्छ। सार्वजनिक निकायले होस् वा मिडिया वा सामाजिक सञ्जाल आदिबाट व्यक्तिका नितान्त गोप्य, पारिवारिक र निजी विषयहरूलाई अनुमती बिना सार्वजनिक गर्ने, टिका-टिप्पणी गर्ने र सामाजिक गाली बेइज्जत एवम् मानहानी गर्ने गरेको पाइन्छ, जो कानून विपरीत कार्य हो । जानिबुझी होस् वा अन्जानमै किन नहोस् यस्ता कानून

विपरीत हुने कार्यले व्यक्तिको मान-सम्मान र प्रतिष्ठामा आघात त पुऱ्याउछ नै, त्यस्तो कार्य गर्ने जो कोही कानूनले गर्ने सजायबाट उन्मुक्ति पाउन सक्दैन । ♦

लघुकथा

# सुन्नाको कथा



✍ **रेणु अधिकारी 'मौनता'**

हेर ! भाइ बहिनी हो आज म तिमीहरूलाई तिमीहरूको गणितमा नम्बर कति आएको छ भनेर सुनाउँदिनँ । सबै जनालाई कपि बाँडिदिन्छु । आफ्नो कपी आफैं हेर्नु अनि मनन गर्नु आफ्नो कमीकमजोरीहरू कहाँ कति रहेछ भनेर ।

त्यस भन्दा पहिला म तिमीहरूलाई एउटा कथा भन्छु, सुन- उहिले परापूर्व कालमा एकदेखि नौसम्मको अंक मात्र थियो रे । मानिसहरूले गन्नु पर्दा एक, दुई, तीन गर्दै नौसम्म गन्दै ढुङ्गा थुपार्दै राख्ने प्रचलन थियो रे । पछि जनसंख्या वृद्धि हुँदै गयो । मानिसहरू विकसित हुँदै गए । मानिसका आवश्यकताहरू बढ्दै गए । अनि यो प्रणालीबाट गणना गर्न अप्ठेरो परेको महसुस हुन थाल्यो । त्यसैले सजिलो उपायको खोजीको क्रममा नौभन्दा पछाडि एकलाई राखेर एउटा सुन्ना झुन्ड्याई दिएर दस भन्ने नाम दिएर नौभन्दा ठूलो बनाइदिएछन् । अनि एकलाई एक राखेर एघार, फेरि एकलाई दुई राखेर बाह्र गर्दै उन्नाइस पछि दुईलाई पछाडि लगेर फेरि एउटा सुन्ना थपेर बीस, दुईलाई एक राखेर एक्काइस, दुईलाई दुई राखेर बाइस गर्दै लाँदा सय, हजार, लाख, करोड, अरब गर्दै संसारका अनगिन्ती कुराहरू गन्न सकिने भयो ।

ठूलाठूला हिसाब किताब राख्न सकिने भएछ र आज विश्वमा आविष्कार भएका ज्ञान र विज्ञानका सूत्रहरू पनि गणितमै आधारित छन् । त्यसैले सुन्नालाई हामीले सानो सोच्नु हुँदैन । सुन्ना त हो नि भनेर हेंला गर्नु पनि हुँदैन । त्यही सुन्ना नहुँदा एक हुन्छ, सुन्ना थप्दा दस र सय हुँदै जान्छ । लक्ष्मी प्रसाद देवकोटा सर आज अलि भावुक मुद्रामा आफ्नो कथा सकेर कक्षा आठको विद्यार्थीहरूलाई कपि बाँडिदिनुभयो । अघि कथा सुनाउँदा सरले उषालाई घरिघरि हेर्दै हुनुहुन्थ्यो । कपि हेरेर तुरुक्क आँसु झारिन् उषाले । गणितमा उनको नम्बर पनि सुन्ना नै आएको रहेछ ।

कथा

# श्राप



✍ गोपाल चन्द्र भट्टराई

हिजो बेलुका ६ बजे काठमाडौंबाट हिंडेको बस, विभिन्न ठाउँका जामहरू पार गर्दै ठ्याक्कै बिहान १० बजे तम्घास पुग्यो । बसबाट ओर्लने बित्तिकै दुर्गादेवीले जिउ मर्‍याक् मुरूक् पारिन्, आङ तानिन् र ठूलो श्वास फेरिन् । डिकीमा राखिएको सामान पहिचान गरी लिने उपक्रममा उनका श्रीमान् भने खलासीको पछि पछि बसको पछाडितिर गए र एकछिनमा एउटा ठूलो ब्याग झुण्ड्याउँदै श्रीमतीको छेउमा आए ।

"ल जाऊँ, मलाई त कस्तो जिउ दुखेर, टाउको दुखेर कतिखेर घर पुगौं र डङ्रङ्ग ओछ्यानमा लडौं जस्तो भाको छ" दुर्गादेवीले भनिन् ।

"हँ, के भन्छे यो, कोरोनाको लक्षण बताउँछे त, कि सर्‍यो ए तँलाई पनि ? यती लामो यात्रा, बसमा कति जनालाई लागेको थियो होला, सर्न पनि के बेर !" शशिधरले शंका व्यक्त गरे ।

"हैन हो, त्यस्सै नचाहिंदो कुरा सोच्नुहुन्छ, मलाई काठमाडौंबाट बसमा आउँदा जहिल्यै यस्तै हुन्छ," दुर्गादेवीले बाटो लाग्दै भनिन् ।

"हैन, कालबेला यस्तो छ, डर त हुने नै भो नि । ल छिटो हिंड त्यसो भए," शशिधरले बसपार्कको छेउछेउ भएर आफ्नो घर तर्फ लम्कँदै भने ।

उनीहरू एक महिना काठमाडौंमा छोरा बुहारी कहाँ बसेर फर्कंदै थिए । छोराले हतार नगर्नलाई कति सम्झाए पनि मानेनन् उनीहरूले । 'कही नभाको तपाईंहरूको घर, बजारका कुकुरहरू भेला भएर घर खाइदिने त हैनन् होला, किन मरिहत्ते गरेर त्यो बुढो घर कुर्न जानु पर्‍यो ?' भनेर छोराले रिसाएरै भन्दा पनि मानेनन् बुढाबुढीले । काठमाडौंको बिरानो वातावरणमा सानो चौघेरा भित्र थुनिएर बस्न सकस भयो उनीहरूलाई । शशिधर भन्दा पनि उनकी श्रीमतीले बढी जोड गरिन् घर फर्कनलाई र अन्तमा फर्के उनीहरू ।

बसपार्कबाट पाँच मिनेटको पैदल दूरीमा छ उनीहरूको घर तम्घास

बजारमा । तीन तिर जाने बाटोको केन्द्र पर्ने र व्यापारिक प्रयोजनको लागि उपयुक्त ठाउँमा भए पनि उनीहरूको घर पुरानो ढाँचाको छ । सटरहरू बनाएर भाडामा लगाउने हो भने राम्रै आय आर्जन हुने खालको भए पनि पुरानो घरलाई भत्काएर नयाँ निर्माण गर्न बुढाबुढीले आँट नगरेकाले र छोरा बुहारीहरूले चासो नदेखाएकाले त्यत्तिकै छ । दुवै जना डाक्टर भएका छोराबुहारीले राम्रै कमाइ गर्ने भएकाले घरबाट प्राप्त हुन सक्ने अतिरिक्त कमाइ पट्टि उनीहरूको ध्यान नगएको हो । पुरानो खालको भए पनि चिटिक्क पारेर रंगरोगन गरिएको घर बजारमा राम्रै देखिन्छ । घरको कम्पाउण्डलाई घेरेर पर्खाल बनाइएको छ र बाटोसँगै सटाएर गाडी प्रवेश गर्न सक्ने गरी गेट बनाइएको छ ।

हो यही गेटको अगाडि शशिधर दम्पतीले परैबाट देखे कि भुइँमा प्लास्टिक बिछ्याएर त्यसमाथि राखिएका केही सामानहरू बेच्न एक जोडी मान्छे ग्राहक पर्खेर बसिरहेका छन् । आफ्नो गेटमै सटाएर र अझ गेटबाट हुने आवत जावतलाई नै अवरूद्ध हुने गरी बिछ्याइएको यो दृष्यले आश्चर्यचकित भएका उनीहरू हतार हतार त्यसतर्फ बढे ।

दृष्य नजिकिँदै गएपछि अझ स्पष्ट हुँदै गयो । निलो रंगको त्रिपाल जस्तो गरी बिछ्याइएको प्लाष्टिक माथि स–साना पोलिथिन ब्यागमा चार पाँच किसिमका रंग अबिरहरू, केही देवी देउताका तस्बिरहरू, महिलाहरूले लगाउने केही सस्ता फुली, झुम्का, टिका र चुराहरू लगायतका सामानहरू बेच्न राखिएका छन् । सामानहरू बेच्न बसेको जोडी उनीहरूको आफ्नै जोडी भन्दा केही बढी उमेरको र हेर्दा तराइबासी जस्तो देखिन्छ । दुई मध्ये आइमाई चाहिँ साँवली वर्णकी छे । असाध्यै दुब्ली, पातली, चुच्चो अनुहार परेकी त्यो आइमाई अनुहारमा अस्वभाविक रूपमा खडा भएको ठूलो नाक लिएर आफूतर्फ आउँदै गरेको जोडी तिर आशालाग्दो नजरले हेरिरहेकी छे । पुरानो रंग उडेको सारी र चोलोमा बेरिएकी उसले सानो टाउकोमा कपाल छोपिने गरी सारीको सप्को ओढेकी छ र उसको नाकको दाहिने पट्टी चाँदीको नटल्किने खालको फुली छ । त्यहीं निर फिँजाइएका सामानहरू यताउता मिलाउँदै बसेको लोग्नेमान्छे चैं कालो वर्णको, होचो, पेट अलिकति अगाडि निस्केको तर अत्यन्त साना हातखुट्टा भएको देखिन्छ । अधिकांश कपाल फुलेको, झुस्स सेता दारीको बिचमा फुस्रो अनुहार लिएको त्यो मान्छेले सेतो तर मैलो कुर्ता र खैरो रङको पाइजामा लगाएको छ । उसले पनि जब आफूतर्फ आउँदै गरेको जोडीलाई

देख्यो, उत्सुकतापूर्वक उनीहरूलाई निहार्न थाल्यो ।

सबै दृष्य छर्लङ्ग भए पछि शशिधर खिसिक्क हाँसे तर दुर्गादेवीको भने रिसले पारा तात्यो । अझ आफ्नो लोग्नेले समेत स्थितिको गम्भीरतालाई मनन् नगरी हल्का रूपमा लिएर हाँसेको देखेपछि त उनी झन् बढी आवेगमा आइन् ।

"हाँसिराख्नुस् तपैं चैं, केही मतलब छैन है आफ्नै घर अगाडि यो तमास देख्दा पनि, लोग्नेमान्छेको जात त परिगो" दुर्गादेवी लोग्नेलाई आँखा तर्दै र भुत्भुताउँदै छिटो छिटो पाइला चालेर आफ्नो घर अगाडि पुगिन् र ठिङ्ग त्यो लगाइएको बिस्कुन अघि उभिइन् ।

"के दिउँ हजुर ?" पसल थापेकी महिलाले ठूला ठूला आँखाले अपलक दुर्गादेवीलाई हेर्दै सोधिन् ।

"अझ के दिउँ रे, को हो तिमेरू ? कसैको घर अघिल्तिर यसरी मनपरी गर्न पाइन्छ ? तुरून्त हट्छौ याँट कि फाल्दिउँ यो सब ?" दुर्गादेवीले खाउँला झै गरेर त्यो दुब्ली आइमाइलाई कराइन् ।

"ल भैगो, अहिले सम्म बसिहाल्यौ, अब जाऊ तिमेरू, अर्कै ठाउँमा गएर थाप आफ्नो पसल" बोकिराखेको ब्याग भुइँमा बिसाएर शशिधरले श्रीमतीको आवेगलाई कम गर्न त्यो जोडीतर्फ हेरेर शान्त स्वरले भने ।

आफ्ना ग्राहक होलान् भनेर आशा गरिएका मान्छेले त अचानक कडा स्वरमा उनीहरूलाई हट्नलाई आदेश दिएको देखेर छक्क परे पसलवाला जोडी । मधेशी सम्प्रदायका मानिसहरूलाई यस्तो पहाडी बस्तीमा हुने दुत्कार, फड्कार र उनीहरू प्रति गरिने रूखो बोली व्यवहारसँग परिचित र भुक्तभोगी यो जोडीले त्यस्तै बोली व्यवहार मध्येको एउटा नमुनाको रूपमा लिए शशिधर दम्पतीको आदेशलाई । आखिर जो कसैले, बिना कुनै कारण हेप्न सक्छन्, त्यसै निहुँ खोज्न सक्छन्, उनीहरूलाई दुई चार गाली वा कटुबचन बोल्न सक्छन्- यो सामान्य नै हो उनीहरूका लागि । यस्तो बेलामा आफूले पनि जोरी खोज्ने, अन्यायपूर्ण बोली व्यवहारको ठाउँ प्रतिकार गर्ने वा ठूलो स्वरमा बोल्ने गर्नुहुँदैन बरू जे जे भने पनि गरे पनि सहनुपर्छ, आफ्नो आत्मसम्मानमा चोट परे पनि डिच्च हाँसिदिनुपर्छ र आफू उपर दयाको लागि याचना गर्नुपर्छ भन्ने कुरा उनीहरूको अहिलेसम्मको अनुभवले सिकाएको ज्ञानको निश्कर्ष हो । प्राप्त ज्ञानको सदुपयोग गर्दै मसिनो स्वरमा पसलवालीले शशिधर दम्पतीसँग आफूले जानेजतिको नेपाली भाषा प्रयोग गरेर बोली, "काहे हुजुर, ये घर कति दिनसे बन्द पडा है, देखिहाल्नुस् बड्का ताला लगा है गेटमे, हम इस जगामे बैठके थोडा बेपार गरेछौं त के बिगडी

हाल्छ, हुजुर ?"

"ए तेसो पो ? घरमा मान्छे रैनछन्, ताला फोरेर भित्रै पसेको भे हुन्थ्यो नि, किन बाहिरै बसेको त ? बढ्ता बोल्छेस् बुढी, यो हाम्रो घर हो, अर्काको घर पस्ने बाटोसमेत छेकेर बेपार गर्ने तिमेरू ? धेर मुख चलाउने हैन, तुरून्त भाग् याँटी !" दुर्गादेवीले खाउँला जस्तो गरी कराइन् ।

बल्ल पसलवाला जोडीलाई स्थितिको गम्भीरताको बोध भयो । बुढी अब भने अलिकती डराई र के भनौभनौ भएर अकमक्क परी । यतीबेरसम्म शान्त रहेको बुढो चैं स्थितिलाई सामान्यीकरण गर्न अघि सऱ्यो र भन्यो, "यो औरत कुरा बुझे छैन हुजुर, माफी गर्दिनुस् । ये घर हुजुरको छ, हामीले थाहा भएन, जगा खाली देखेर दु हप्ता देखि हामी यहाँ बसेछ, अरू कतै बस्ने जगा छैन, जहाँ जगा छ तेहाँ बेपार छैन, यो जगा बेपारको लागि ठिक लागेर बसेछु, अबतक कोनो आद्मीले हामीलाई रोकटोक करेको थिएन, तेहीले यहाँ बसेछ......."

"ल धेरै बक्बक् गर्ने हैन, हाम्लाई तिमेर्को गन्गन् सुन्ने फुर्सद छैन, मैले भनिसकें, याँट अइले को अइले तिमेर्को के के हो पोको पारेर हिंडिहाल्, नत्र म हुऱ्याइदिन्छु" दुर्गादिवी बुढाले कुरा नसिध्याउँदै चिर्बिराइन् । थकान, टाउको र शरीरको दुखाइले त्यसै दिक्दारी लागिरहेको बेलामा यो नचाहिंदो कुरामा अल्झिनु परेकोले झन् चिड्चिडाएकी उनी रिसले तिल्मिलाइरहेकी थिइन् ।

"ठिक छ हुजुर, हामी दुकान यो गेटबाट थोडा साइडमा सारेर बस्छु, हुजुरलाई आवन जावनमा कुनै तकलिफ हुँदैन । के गर्ने हुजुर, बेपारको लागि सही जगा अरू छैन, जहाँ जगा छ, त्यहाँ बेपार छैन, हामीलाई यो मेहरबानी गरिदिनुस्, थोरै जगामा यही साइडमा बस्नेको दिनुस् , दु तीन महिनाको बात् हो हुजुर, बरषात् लागे पछि त हामी खेतीबडीको लागि गइहाल्छु अपने घर । दिनमे थोडा टाइम बस्ने हो, साम त हामी अपने कोठामे गइहाल्छु, यति मेहरबानी गरिदिनुस् हुजुर, अल्लाह हुजुरको उपर मेहरबान हुनेछ ।"

दुर्गादेवीको रिस अरू बढ्यो, उनले आफ्नो लोग्ने तर्फ फर्किएर ठूला आँखा पार्दै क्रोध मिश्रित हैरानी व्यक्त गरिन्, "हैन के भन्छ यो मान्छे, तपैं किन लखेट्नु हुन्न यीन्लाई ? तुरून्त हट् भनिराछु, के-के नचाहिंदो कुरा गरेर बसिराछ, अब दिनभरि यसको गलफत्ति सुनेर बस्ने कि तुरून्तै घोक्र्याएर पठाउनुहुन्छ ?"

"नरिस कर्नुस्न हुजुर, बरू यो औरतले हुजुरको केही काममा हात बटाइहाल्छे, म एकैले यो बेपार गरिहाल्छु, थोडै साइडमा राखिहाल्छु" पसलवालाले विनम्र भएर अनुनय गऱ्यो ।

अब भने दुर्गादिवीलाई खपिनसक्नु भयो, क्रोधको तीव्र आवेगले भाउन्न भएर आँखै देखिनन् उनले । शशिधरले उनलाई रोक्न खोज्दैथे, उनले ओछ्याइएको प्लास्टिक सीटमा लात हानिहालिन्, प्लास्टिक आंशिक रूपमा दोब्रियो र एउटा पोलिथिन ब्यागमा राखिएको रङ्ग भुइँमा पोखियो । दुर्गादिवीको यो अचानकको व्यवहारले अलिकति तर्सिएको र डराएको पसलवाला के कस्तो प्रतिकृया दर्शाउने भनेर छक्क परेर उभिरहेको थियो, दुर्गादिवीले आफ्नो रिसको उच्च आवेगमा उसलाई दुवै हातले धकेलिन् । पसलवालाले आफूलाई सम्हाल्नै भ्याएन र ऊ लड्खडाउँदै लड्यो, उसको टाउको नजिकैको पर्खालमा अलिकति ठोक्कियो पनि र उसको जिउ भरि त्यहाँको धुलो लाग्यो, ऊ निरीह भएर त्यहीं लडिरह्यो ।

एउटा अनपेक्षित र अप्रत्यासित दृष्य यतीखेर के देखियो भने त्यो दुब्ली पातली पसलवाली अचानकसँग दुर्गादिवीको अगाडि ठिङ्ग उभी र हाँक दिएर बोली, "औरत होकर मेरा मरद पे हाथ उठाएगी, क्या बिगाडा था रे उस्ने, अमीर हो तो क्या गरिबको वैसे ही मारेगी ?" उसले यसपटकको बोलीमा नेपाली भाषाको प्रयोग गरिरहने झन्झट पनि गरिन । दुर्गादिवी र पसलवाली आमनेसामने भए । दुर्गादेवी यो पिलन्धरे आइमाइको दुस्साहस् देखेर छक्क परिन् तर यही दुस्साहसको कारण उनको रिस पनि ज्वालामुखी जस्तै भएर भड्कियो र उनी कराइन् "मसँग जोरी खोज्न खोजेकी, मलाई पिट्न आकि तँ, तुरून्त भाग्छेस् कि जगल्टा छरौं तेरो हँ, काँ काँट आर हाम्रा घरद्बार छेक्ने घर न थरका देशीहरू, अर्काको घर अघिल्तिर तिमेर्को दाईं चल्छ ? अझ तुरून्त जाऊ भनेर राम्रो मुखले भनेको त झन् टाउकोमा पो टेक्न खोज्छन् ए, हाम्लाई हेपेको तिमर्ले ? अझ आँखा तर्छेस्, पख् आज मार्दिन्छु तँलाई...." रिसको आवेगमा उच्च आवाजमा बोलेकोले होला, दुर्गादिवीलाई खोकी नै लाग्यो, उनले अगाडि बोल्न सकिनन् एकछिन तर एकैछिनको शक्ति सञ्चय पछि उनी भित्रकी दुर्गा जागिहालिन् र पसलवालीलाई बडो जोडले पर्खालमै चेप्ट्याउने गरी धक्का मारिन् तर आश्चर्य, त्यो दुब्ली आइमाईले आफ्नो सुकेको शरीरमा लुकेको बलको परिचय दिँदै नहल्लिकन स्थिर भएर खडा रही । उसले आफ्ना कठोर अनुहार र आँखा लिएर प्रतिद्वन्द्वीलाई ताकिरही । दुर्गादिवीको अहम् एक किसिमले घाइते भयो र यही झोंकमा उनले त्यो महिलालाई पछार्ने मनसायले कपालमा समातिन् । अब पसलवालीले पनि आफ्नो रिसलाई रोकिराख्नु पर्ने भएन, छोडी उसले पनि बेलगाम आफ्नो आवेगलाई । एकैछिनमा त्यहाँ कपाल भुतलाभुतलको संग्राम उठ्यो ।

वरिपरिका छिमेकीहरू र अन्य मानिसहरू अचानक छेडिएको यो युद्धको तमासा हेर्न झुरूप्प भेला भए । दुवै महिलाका लोग्नेहरू घटनाले अप्रत्यासित रूपमा नयाँ स्वरूप ग्रहण गरेकोले एकछिन सम्म त के गर्ने भन्ने विषयमा अन्योलमै रहे तर एकैछिनमा उनीहरूले आ-आफ्ना श्रीमतीहरूलाई समातेर ताने र छुट्याए । दुवै महिलाहरू उत्तेजना र आवेगले थरथर काँपिरहेका थिए, उनीहरूले एक अर्कालाई ठाउँको ठाउँ भष्म पारौँला झैं गरेर क्रोधले बलेका आँखाहरूले घुरिरहे ।

यहाँ बसिराख्नु सुरक्षित नहुने ठानेर पसलवालाले हत्तपत्त त्रिपालजस्तो प्लाष्टिकको चारै कुना एकै ठाउँमा पारेर समात्यो, आफ्नो सबै सामान पोको बनाएर काँधमा भिर्‍यो र स्वास्नीको हात समातेर भन्यो, "चल रे फातिमा" । पसलवालाले एउटा हातले पोको समात्यो र अर्को हातले स्वास्नीको हात समातेर तान्दै तुरून्तै त्यहाँबाट हिँडिहाल्यो । उसकी स्वास्नीले तानिँदै तानिँदै भए पनि पछाडि फर्केर ठूलो स्वरमा कराउन भ्याई, "साली कुतिया, मेरे मरदपे हाथ उठाती है, मेरा बद-दुवा लगे, किडे पडे तुझे ओर मरे तुँ"

दुर्गादेवीलाई पसलवालीको कुराले झन् रिसले पागल झैं बनायो, उनले लोग्नेले समातिराखेको हातबाट आफूलाई फुत्काउन जोड गर्दै कराइन्, "सराप्छेस् डङ्किनी, तँ मधिसिनीको सरापले मेरो भुत्लो पनि झर्दैन, बुझिस् ? तैं कुक्कुर्नीलाई किरा परोस्, तैं मरेस् !" एकैछिनमा पसलवालाको जोडी दृष्यबाट ओझेल भयो तर उनीहरूको कारण उत्पन्न भएको घटनाले त्यहाँ जम्मा भएको भिडमा केही बेर सनसनी मच्चाइरह्यो । उपस्थित सबैले बाहिरीयाहरूको यो दुस्साहसको निन्दा गरे, यो टोलमा अब उप्रान्त तिनीहरूले पाइला टेके खुट्टा भाँचिदिने प्रण गरे, कसैले 'दिउँसो व्यापार गरेजस्तो गरेर वरपरको चियो चर्चो गर्ने र रात परेपछि चोर्ने यस्तै मान्छे हुन्' भने । अझ कसैले 'यो घर खाली देखेर चोर्ने मनसायले यहाँको बस्तुस्थिति बुझ्न नै यहाँ पसल थापेर बसेको' पनि भने तर छिमेकी दयाराम पन्थीले विशेष कुरा भने, "यिनेरू उपल्लो तम्घासमा हाम्रै काकाको टहरोमा भाडामा बस्छन् १५/२० दिन देखि, म काकालाई भनेर यिनेलाई त्यहाँबाट हटाउन भन्छु, यस्तालाई बस्नै दिनुहुन्न अनि आफैं साइड लाग्छन् ।"

केही बेरको हल्ला खल्ला र तातो सम्वाद पछि भिड तितरबितर भयो र शशिधर दम्पती पनि गेटको ताला खोलेर घर भित्र पसे ।

घर पस्ने बित्तिकै सुतौंला भन्ने थियो दुर्गादेवीलाई तर यत्तिका दिन छोडेको

घर यतै फोहोर, उतै माकुराको जालो, बाटोमा सटेको घर, झ्यालढोकामा धूलै धूलो । महिलालाई कहाँ फुर्सद हुन्छ र ! सरसफाइ, थान्को मुन्को गर्दागर्दै समय गयो । फेरि बाटोमा त्यती राम्रो खाना नखाएकोले भोक लागिरहेको थियो, तरकारी दुधलगायतका सामग्रीहरू किनमेल गर्न बाहिर निस्कनै पर्‍यो, केलाइकुलाई गर्नुपर्‍यो, पकाई तुल्याई गर्नु पर्‍यो-गर्दा गर्दै दिन गएको पत्तै भएन । बेलुका त उनी लखतरान नै परिन् ।

राती सुत्ने बेलामा त उनलाई हनहनी ज्वरो नै आयो । शरीर दुख्ने र टाउको दुख्ने त बिहानै देखि भइरहेकै थियो, बिस्तारै अलि अलि खोकी पनि लाग्न थाल्यो । शशिधरलाई शंका लाग्यो यो कोरोना नै हुनसक्छ । उनले छोराबुहारीलाई सम्पर्क गरे, उनीहरूको सल्लाह अनुसार आफूलाई अलग्याएर राखे, श्रीमतीको लागि सिटामोललगायतका औषधीहरूको व्यवस्था गरे, तातोपानी तथा अन्य घरेलु उपचारका विधिहरू पनि गरे । भोलि नै कोरोना परीक्षण गरेर यकिन गर्ने पनि सल्लाह भयो । बिहान सम्ममा दुर्गादेवी निकै गलिसकेकी थिइन् । पिसिआर परीक्षणका लागि श्रीमान् श्रीमतीकै स्वाव दिने कार्य भयो, तर बुटवलमा मात्र परीक्षण ल्याब भएको र भोलि शनिबार परेकोले आइतबार बेलुका मात्र रिजल्ट थाहा हुने भयो ।

छोराबुहारीको छिनछिनको भिडियो कल र फोन सल्लाह बमोजिम परीक्षणको रिजल्ट तत्काल नआए पनि कोरोना नै हो भन्ने मानेर लक्षणहरूको उपचार जारी राखियो तर कोरोना लाग्यो भनेर जति परिवार डराएको थियो, त्यती गाह्रो पारेन दुर्गादेवीलाई । बेला बेला ज्वरो आउने, शरीर दुख्ने र खोकी लाग्ने भइरहे पनि उनी हाँसी हाँसी श्रीमान् र छोरा बुहारीहरूसँग कुरा गरिरहेकै थिइन् ।

विभिन्न कारणले आइतबार पनि नभएर सोमबार बेलुका मात्र ल्याब रिजल्ट प्राप्त भयो र रिजल्ट बमोजिम दुर्गादेवीलाई कोरोना पोजिटिभ र शशिधरलाई नेगेटिभ देखियो । रिजल्ट पूर्वानुमान अनुकूल नै भएकोले यसले परिस्थितिमा तात्विक असर पारेन, जे चल्दै थियो, त्यही चलिरह्यो । यद्यपि परिवार एवम् नातागोताभित्र चिन्ता र एउटा बोझिलो असहज वातावरण भने कायम नै रह्यो ।

तर परीक्षण रिजल्ट आएको तेस्रो दिन बेलुका तिर भने दुर्गादेवीले आफूलाई श्वास फेर्न गारो भएको कुरा बताइन् । शशिधर एक किसिमले आत्तिए तर छोरा बुहारीले नआत्तिन र आमालाई तुरून्त अस्पताल भर्ना गर्नलाई सल्लाह

दिए । सल्लाहबमोजिम उनलाई त्यसै रात जिल्ला अस्पताल भर्ना गरियो । अक्सिजन सप्लाई पाए पछि दुर्गादेवीलाई गाह्रो भएन । त्यसको भोलिपल्ट छोरो पनि काठमाडौंबाट आएपछि त शशिधर समेतलाई धेरै राहतको अनुभव भयो ।

तम्घास बजारको लगभग मध्य भागमा पुतलीबजार भन्ने स्थान छ । यहाँ प्रहरीको एउटा पुरानो जिर्ण परित्यक्त भवन छ । झण्डै एक दशक अघि प्रहरी अर्को ठाउँमा सरिगए पछि खाली रहेको यो भवनमा त्यसयता आक्कल झुक्कल घरबारबिहिन मानिसहरू, हिँडडुल गर्न नसक्ने गरी लड्डिएका जँड्याहाहरू, बहुलाएर घर छोडेका मानिसहरू वा अन्यत्र बास नपाएका बटुवाहरू बाहेक कोही पनि बस्दैनन् । सामान्यतया खाली नै रहन्छ यो ।

शनिबारको रात गस्ती गर्दै जाने क्रममा यसै भवनमा देखिएको एउटा दृष्यले प्रहरीको ध्यान आकृष्ट गऱ्यो । त्यस भवनको एक छेउमा अँध्यारोमा बसेर एउटा बुढो मानिस रोइरहेको थियो । प्रहरीले सोधपुछ गर्दा थाहा भयो, त्यो बुढो मान्छे उसकी श्रीमती सहित ५/६ दिन देखि त्यही बस्दै आएका रहेछन् ।

कपिलबस्तु तिर घर भई केही समयदेखि तम्घासमा स-साना खुद्रा सामानहरू बेच्दै हिँड्ने यो जोडीलाई बसिरहेको कोठाबाट घरबेटीले निकालिदिएपछि यहाँ बस्न आएका रहेछन् तर अचानक श्रीमती सिकिस्त बिरामी भएपछि यिनीहरूको बिचल्ली भएको रहेछ । बुढाले भन्यो, "शरीर आग जैसे गरम छ हजुर और खाँसी पनि बहुतै छ, कइ दिन से खाना पिना पुरा बन्द पडेको छ......" लक्षणहरूको आधारमा यो कोरोना नै हुन सक्छ भनेर प्रहरीले सहज अनुमान लगायो ।

जिल्ला प्रहरीले जिल्ला प्रशासन र जिल्ला प्रशासनले अस्पताल तथा नागरिक समाजका व्यक्तिहरूसँग समन्वय गरेपछि भोलिपल्ट बिहानै त्यो महिलालाई लिन एम्बुलेन्स त्यो जिर्ण घरमा आइपुग्यो र यसरी सबैको सहयोगमा त्यो महिलालाई जिल्ला अस्पताल भर्ना गरियो ।

नियतीले कालान्तरमा जिल्ला अस्पतालको आइसियु कक्षमा भएका दुईवटा मात्र बेडमा दुर्गादेवी र फातिमालाई आमने सामने पारेर सुतायो । वर्गीय, क्षेत्रीय, धार्मिक, भाषिकलगायत सबै विभेदका रेखाहरू मेटेर उनीहरूबिच समान हैसियत कायम गरिदियो कालक्रमले ।

दिनभरि डाक्टर र नर्सहरू त्यो आइसियु कक्षमा ओहोर दोहोर गरिरहे । कक्ष भित्र पस्ने अनुमति नपाएर

बाहिरै कुरिबसेका दुवै महिलाहरूका आफन्तजनहरूलाई बेलुकीपख डाक्टरहरूले भने, 'बोथ केसेस आर क्रिटिकल' ।

आमने सामने रहेका दुर्गादेवी र फातिमाका बेडमा ओल्टे कोल्टे फेर्ने सिलसिलामा आँखाहरू जुधे । अक्सिजन मास्कले मुख थुनिएका उनीहरू न केही बोल्न सक्थे न उनीहरूसँग बोल्ने सामार्थ्यो नै बाँकी थियो । तर दुवैका आँखाहरूले एकअर्कालाई हेरेर मुस्कुराए र दुवै जोर आँखाहरूले ठट्टाको शैलीमा एउटै संवाद बोले 'देख्यौ त बुढी मेरो श्रापको शक्ति !' फेरि दुवैका आँखाहरू तुरून्तै द्रबित भए र मसिना अश्रुधारहरू बगे । दुवैले सम्झे, 'मैले नै सारेकी हुँ आफ्नोबाट उसको शरीरमा यो ज्यानमारा किरो' ।

दुवैलाई लाग्यो जुरूक्क उठौं र अंगालो मारेर एक अर्कासँग माफी मागौं । दुर्गादेवीलाई मन लाग्यो कि फातिमालाई आफ्नो घर लैजाऊँ, मिठा मिठा परिकार बनाएर खुवाऊँ, राम्रा राम्रा लुगा किनेर लगाइदिऊँ र यो मिलनको उत्सव मनाउँदै संगिनी गाऊँ, नाचौं र फातिमालाई पनि सिकाऊँ । फातिमालाई मन लाग्यो दुर्गादेवीलाई मेथी फुराएको तोरीको तेल दलेर पूरा शरीर मालिस गरिदिऊँ, तनमन पूरा चङ्गा बनाइदिऊँ, धेरै बेर लगाएर कपाल कोरिदिऊँ र दुवै जना चिटिक्क परेर चुराबजार घुम्न जाऊँ ।

बिस्तारै बिस्तारै उनीहरू दुवैको शारीरिक दुखाइ र पीडा हराउँदै गयो । उनीहरू प्रफुल्ल र आल्हादित भएर कल्पनाको उडान भर्दै गए । श्वास प्रश्वास, मुटुको धड्कन, रक्तसञ्चार जस्ता जैविक बन्धनहरू जब बिस्तारै बिस्तारै खुकुला हुँदै गए, उनीहरूलाई अत्यन्त उल्लासमय उन्मुक्तिको अनुभूति भयो । शरीरमा बाँधिएका ठूला ठूला बोझहरू क्रमैसँग झर्दै गए जस्तै, आफू एकदमै हल्का हुँदै गएजस्तै र आफू सुतिराखेको बेडबाट उचालिँदै उचालिँदै गए जस्तै महसुस भयो उनीहरूलाई । एकैछिनमा आइसियु कक्षको छानो समेत पार गरेर उनीहरूलाई विशाल र उन्मुक्त आकाशमा विचरण गर्दै गरेको महसुस भयो । सूर्य अस्ताइसकेको तर उज्यालो अझै बाँकी रहेको रङ्गीन, सुरम्य, शान्त र शीतल आकाशमा पुगेपछि उनीहरूलाई अचानक मृत्युको अद्भुत सौन्दर्यबोध भयो । अहिले पो उनीहरूलाई छर्लङ्ग भयो-माया, मोह, अहंकार, तृष्णा, घृणा, द्वेषलगायतका यावत सांसारिक तत्वहरू कति तुच्छ रहेछन् । आहा, हेर मृत्युको अवर्णनीय र अद्वितीय सौन्दर्य-विराट, भव्य, एकछत्र समान र सबैका लागि उत्तिकै आनन्दमय ! ♦♦♦

# कानूनको व्याख्या र प्रहरीको अपेक्षा



✍ प्र.ना.उ. भोजराज पाण्डेय

नेपालको संविधान, प्रहरी ऐन तथा अन्य सम्बद्ध ऐन कानूनहरूले नेपाल प्रहरीको अलावा समाजमा शान्ति सुव्यवस्था कायम गर्ने कार्यलाई तीन तहका सरकारहरूमध्ये स्थानीय सरकारलाई पनि उत्तिकै रूपमा जिम्मेवार बनाएको छ । देशमा रहेका तीन तहकै सरकारहरूको पहिलो दायित्व भनेकै आफ्नो इलाकालाई कसरी पूर्ण रूपमा शान्त, समुन्नत र विकसित बनाउन सकिन्छ भन्नेमा ध्यान केन्द्रित रहेको पाइन्छ । यथार्थ के पनि हो भने जुन समाज शान्त समुन्नत र सभ्य छ त्यहाँ विकासको गति पनि अत्यन्त उच्च रहेको पाइन्छ । आज युरोपेली देशहरू किन अन्य राज्यहरूको तुलनामा बढी विकसित छन् भन्दा त्यहाँको सरकारले आन्तरिक सुरक्षामा खासै ध्यान दिनु पर्दैन किनकी त्यहाँका नागरिकहरूको राज्यद्वारा निर्मित कानूनको पालनाको स्तर शतप्रतिशत छ ।

राज्यले बनाएको नियमको शतप्रतिशत पालना गर्नु त्यहाँका मानिसहरूले आफ्नो सबैभन्दा ठूलो कर्तव्य ठान्दछन् । कानून पालनाको स्तरले त्यहाँको शान्ति सुरक्षाको उत्कृष्ट अवस्थालाई दर्साउँछ, जुन यथार्थ पनि हो ।

जहाँ कानूनको सम्मानपूर्वक पालना हुन्छ त्यहाँको समाज शान्त हुनका साथै विकासको गति पनि अत्यन्त फराकिलो हुन्छ । यदि देशलाई समुन्नत रूपमा विकासको गति दिने हो भने नागरिकलाई अधिकारको साथ साथै कर्तव्यको बारेमा पनि प्रशिक्षण गराइनु अत्यन्त जरूरी रहेको छ । सामान्य उदाहरणको रूपमा हामी युरोप तथा अमेरिकाको देशहरू हेरौं, सडक जताततै सफा र सुग्घर देखिन्छन् । त्यहाँका नागरिकहरू सडक तथा सार्वजनिक स्थललाई आफ्नो घर जत्तिकै प्यारो ठान्छन् । आफूले गाडी चलाउने सडक आफ्नै घरको आँगन ठान्छन् त्यस कारण त्यहाँ कुनै किसिमको फोहोर देखिदैंन, सडक सफा देखिन्छ । हामी आफ्नो घर माथिल्लो तलादेखि बढार्दै आँगनमा पुगेर

जम्मा भएको फोहोर सडक वा सडक छेउमा मिल्काउँछौ । एकछिनमा हावा हुरी आउँछ, अघि भर्खर बढारेर फालेको फोहोर सबै हावाहुरीले घरको आँगनमा ल्याई पुऱ्याउँछ । अनि झाडु हातमा लिई पुनः घर सफा गर्नु परेको झोँकमा राज्य र समाजको नेतृत्व गर्नेलाई सत्तो सराप गर्छौं । यहाँ निर त हाम्रो कर्तव्यको तहलाई कहिँकतै पनि मेल खाँदैन । तसर्थ नियम कानूनको पालनालाई सबैको साझा प्रतिबद्धता हुन सकेको खण्डमा समाजमा शान्ति सुव्यवस्था कायम गर्ने कार्यले सार्थकता पाउन सक्दछ र निर्धक्क रूपमा नागरिकले आफूलाई सुरक्षित महसुस गर्दछ ।

राज्यले व्यवस्थापिका संसद मार्फत राज्य सञ्चालनको लागि आवश्यक पर्ने कानूनहरूको निर्माण गरेको हुन्छ । त्यसरी निर्माण भएका कानूनहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हुन्छ भने निर्मित कानूनको शतप्रतिशत पालना गर्नु नागरिकहरूको कर्तव्य रहन्छ । कानूनको कार्यान्वयन गर्ने सवालमा देशको संविधानसँग बाँझिने खालका कुनै कानूनहरू वा नियमहरू भएको अवस्थामा त्यसको निरोपणको लागि व्यस्थापिका मार्फत कानूनको निर्माण गर्दछ । विधायिकाले एउटा निश्चित मनसाय राखेर कानूनको निर्माण गरेको हुन्छ । कार्यपालिकाले त्यसलाई व्यवहारमा कार्यान्वयन गर्दछ भने त्यसमा रहेका असमझदारी र अस्पष्टता हटाउने काम न्यायपालिकाले गर्दछ । संविधान वा कानूनको व्याख्या गर्ने कार्य न्यायपालिकाको हो। व्यवस्थापिकाले निर्माण गरेको कानून राज्यमा बसोबास गर्ने हरेक नागरिकले जान्नु नागरिकको कर्तव्य हुन आउँछ । नागरिकले मलाई कानूनको बारेमा थाहा थिएन, राज्यले मलाई यो कानूनको बारेमा जानकारी गराएको थिएन भनेर उसले गरेको अपराधबाट कदापि उन्मुक्ति पाउन वा छुट पाउन सक्दैन ।

नागरिकले कानूनको बारेमा न्यायपालिका मार्फत प्रश्न उठाउन सक्दछ । विधायिकाले निर्माण गरेको कानून उसलाई चित्त बुझ्छ भन्ने पनि छैन तर राज्यले बनाएको कानूनको बारेमा कानूनी रूपमा मात्रै नागरिक वा कुनै संस्थाले विमति राख्न सकिन्छ । कानूनमा अस्पष्टता हुन सक्छ तर त्यसलाई हटाउने काम न्यायपालिकाले गर्दछ । विधायिकाले सरकारको उद्देश्य अनुरूप कानूनको निर्माण गरेको हुन्छ । जुन उद्देश्यलाई ध्यानमा राखेर निर्माण गरिएको हो त्यही हुबहु कानूनमा व्याख्या नभएता पनि विधायिकाको वास्तविक मनसाय पत्ता लगाउनु न्यायपालिकाको कर्तव्य हुन आउँछ । नेपालमा मादक पदार्थ सेवन गरी सवारी

साधन चलाउन नपाइने नियम नआउनु पूर्व वा ट्राफिक प्रहरीले मादक पदार्थ सेवन गरी सवारी साधन चलाउनेलाई सचेतना कक्षा सहित जरिवाना गर्ने व्यवस्था गर्नु भन्दा अगाडि सवारी दुर्घटनाको अवस्था विकराल थियो । उक्त व्यवस्था लागू गरी नियमन गर्न थाले पश्चात लगभग सवारी दुर्घटनाको स्तर आधामा झरेको थियो । दैनिक रूपमा सवारी दुर्घटनाबाट मृत्यु हुनेको संख्यामा समेत उल्लेख्य मात्रामा कमी आएको थियो । कतिपयले मादक पदार्थ सेवन चेकिङ्गलाई हैरानीको रूपमा लिए भने कतिपयले होटेल व्यवसाय बन्द हुने नाममा आन्दोलनको धम्की पनि दिए । कतिपयले सचेतना कक्षा लिनु परेको पिरले जिन्दगीको सबैभन्दा ठूलो अपमानको महसुस गरे ।

नेपाल प्रहरीले जुनसुकै व्यवधान, अवरोध र विरोधका बिच पनि आज पर्यन्त यसलाई निरन्तरता दिँदै आइरहेको छ । जसको मनसाय केबल चालकलाई सुरक्षित रूपमा घरमा पुऱ्याउनु र मानिसको जीवनको सुरक्षा गर्नु बाहेक अन्य थिएन र छैन पनि । कतिपयले यसलाई राजस्व संकलनको लागि गरिएको अभियान पनि भने तर त्यो पनि कदापि थिएन । हुन त यसको विरूद्धमा अदालतमा रिट नपरेको पनि होइन तर यो विषय हैरानीको विषय नभएको र मानिसको जीवन रक्षासँग जोडिएको विषय भएको कारण यसले अझ परिष्कृत र वैज्ञानिक प्रविधिको साथ निरन्तरता पाइरहेको छ । राज्यले तत्कालीन आवश्यकतालाई मध्येनजर गरी दीर्घकालीन र अल्पकालीन खालका कानून ऐन तथा नियमहरूको तर्जुमा गरेको हुन्छ । ती नियमहरूको पालना गराउनु राज्यका निकायहरूको प्रमुख दायित्व र कर्तव्य हुन आउँछ ।

नेपाल प्रहरी अन्तर्गतको ट्राफिक प्रहरीले पनि राज्यको जिम्मेवारीलाई जिम्मेवारपूर्वक पालना गराएको मात्र हो । समाजमा भएका खराबीहरूलाई हटाउन राज्यले कानून मार्फत भरमग्दुर प्रयास गरेको हुन्छ तर कानूनमा भएका कतिपय शाब्दिक अस्पष्टताले गर्दा र वास्तविक मनसायलाई अनुशरण नगर्दा त्यसले कानून कार्यान्वयनमा समेत यदाकदा समस्या उत्पन्न हुन्छ । तसर्थ कानूनमा लेखिएको अक्षर र त्यसमा लुकेको मनसायलाई समष्टिगत रूपमा बुझ्नु अपरिहार्य हुन्छ । जसको लागि कानून व्याख्याका नियमहरूको यथार्थ अध्ययन गरी अनुशरण गरिनु वाञ्छनीय हुन्छ ।

विधायिकाको मनसाय अनुरूप कानूनको व्याख्या गर्नु न्यायपालिकाको दायित्व हो । यसका केही निश्चित नियमहरू छन् । कानून व्याख्याका

नियमहरू मध्ये शाब्दिक नियम, दुष्कृती नियम र स्वर्णिम नियम प्रमुख मानिन्छन् । कहिलेकाहीं न्यायाधीशले कानूनमा लेखिए भन्दा पनि फरक किसिमले कानूनको व्याख्या गर्नुपर्ने हुन्छ । कानूनका दफाहरू लामो परिभाषा सहित लेखिएका हुँदैनन् । कानूनका वाक्यहरू छोटा छोटा हुन्छन् । त्यसको लागि पर्याप्त कानूनी अध्ययन र अनुभव आवश्यक पर्दछ । कानूनको शब्दमा उल्लेख नभए तापनि विधायिकाको मनसाय पत्ता लगाई त्यसको व्याख्या गर्नु न्यायपालिकाको लागि आफैमा चुनौती पनि हुन्छ ।

कानूनको जननी बेलायतमा कानूनको व्याख्या गर्ने क्रममा विभिन्न नियमहरूको यथार्थ रूपमा प्रयोग भएका छन् । त्यहाँको अदालतले विभिन्न कानून व्याख्याका नियमहरूको प्रयोग गरी कानूनको व्याख्या गरी कानून प्रति रहेका अस्पष्टता हटाउने कार्य गरेको छ । दुष्कृती नियमको अनुशरण गरी व्याख्या गरिएको बेलायतको एउटा मुद्दा आजपर्यन्त प्रसिद्ध रहेको छ । सन् १९६० मा Smith Vs Hughes को मुद्दामा The Street Offences Act 1959 को Section1(१) मा Prostitutes ले बाटोमा वा सडकमा हिँडडुल गर्ने पैदल यात्रीहरू लगायतका मानिसहरूलाई विभिन्न तरिकाबाट आकर्षित गरी अवरोध नगरून भनि प्रतिबन्ध लगाइएको छ । यस मुद्दामा वेश्यावृत्तिमा लागेका स्वास्नी मानिसहरूले आफ्नो घरको Balconies वा Windows बाट बाटोमा हिँडडुल गर्ने यात्रुहरूलाई विभिन्न किसिमबाट आकर्षित गरेमा उक्त ऐनको दफा १ (१) आकर्षित हुने की नहुने भन्ने प्रश्न उठेकोमा Lord Parker CJ ले आफ्नो विचार व्यक्त गर्दै भनेका छन् की "विधायिकाको मनसाय वेश्यावृत्ति एउटा घृणित एवं समाज विरोधी कार्य भएकोले यस्तो खराबी वा दुष्कृती हटाउन वा दबाउन खोजेकोले ऐनमा In The Street भनी उल्लेख भए तापनि balconies वा Windows बाट गरिएको कार्यलाई समेत जनाउने" भनि व्याख्या गरिएको थियो ।

नेपालमा सवारी दुर्घटनाको अवस्था विकराल छ । विभिन्न कारणहरूले गर्दा दैनिक रूपमा सवारी दुर्घटनाहरू भइरहेका छन् । जसको कारण ठूलो मात्रामा धनजनको समेत क्षति भइरहेको अवस्था छ । साँघुरा सडक, अदक्ष चालक र मादक पदार्थ सेवन गरी सवारी साधन चलाउनु र सवारी साधनहरू पुराना हुन्जेल सम्म चलाउनु आदि यसका प्रमुख कारणहरू मानिन्छन् । सडकमा पर्याप्त मात्रामा सिसी क्यामेराहरू जडान हुन नसकेको कारण भएका सवारी

दुर्घटनाहरूको बारेमा यथार्थ पत्ता लगाउन मुस्किल हुने गर्दछ । चालकहरू आफ्नो गल्ती स्वीकार्न किमार्थ मान्दैनन् । मानिसहरूको ज्यान जाने गरी भएका कतिपय सवारी दुर्घटनाहरूमा वास्तविक र यथार्थ प्रमाण जुटाउन कठिनाई भएको कारण चालकहरू सहज रूपमा रिहाई हुने गरेका छन् । घटनालाई अन्य मोड दिन खोज्नु र कानूनको सम्मानपूर्वक पालना नगर्नु यसका कारणहरूमध्ये पर्दछन् । चालकहरूलाई सैद्धान्तिक ज्ञानको अलावा कर्तव्यको बारेमा घनिभूत प्रशिक्षण गराइनु जरूरी रहेको छ किनभने कुनै पनि सवारी दुर्घटना नियतवश हुने गरेको पाइदैन । सबै दुर्घटनाहरू भवितव्य प्रकृतिका हुन्छन् तर दुर्घटना भइसकेपछि चालक जिम्मेवार नबन्नु र नागरिकले नियतवश गरेको हो भन्ने बुझाइले चालक माथि ज्यानै लिने गरी भएका कुटपिट लगायतका घटनाहरूले गर्दा चालक आफ्नो कर्तव्य निर्वाह गर्न भन्दा ज्यान जोगाउन घटनास्थलबाट उम्कने प्रयासमा लागेका हुन्छन् । जसको पीडा घटनामा घाइते भएका पीडितहरू माथि पर्न जान्छ ।

बेलायतमा तत्कालीन समयमा सडक दुर्घटना सम्बन्धी कानूनमा भएको एउटा व्यवस्था Issue को रूपमा रहेको थियो तर त्यहाँको अदालतले तत्कालीन Issue को रूपमा रहेको अस्मन्जस्यतालाई एउटा समयसापेक्ष रूपमा कानून व्याख्याको नियमको प्रयोग गरी हटाउने काम भएको थियो । जुन आज सम्म गोल्डेन नियमको प्रख्यात नमुनाको रूपमा रही सो नियम अन्तर्गत कानून व्याख्याको उत्कृष्ट नियम बनेको छ । विधायिकाको वास्तविक रूपमा रहेको मनसाय पत्ता लगाई कानूनलाई उपचारमूलक बनाई कानूनलाई सार्थक तुल्याई कानूनले सबैको रक्षा गर्छ भन्ने कुरा सन् १९६७ मा बेलायतको Lee VS Knapp को मुद्दामा गरिएको व्याख्यालाई लिन सकिन्छ । उक्त मुद्दामा बेलायतको Road Traffic Act 1960 को Section ७७ (१) मा "The driver of a motor vehicle to stop after an accident" (चालकले दुर्घटना हुने बित्तिकै गाडी रोक्नु पर्दछ) भन्ने कानूनी प्रावधान थियो तर सवारी दुर्घटना पछि चालकले आफ्नो गाडी एकपल रोकेर गन्तव्य स्थान तिर प्रस्थान गरेकोमा उक्त ऐनको ७७ (१) को आशय पूरा भयो की भएन भन्ने प्रश्न उठेकोमा यदि शाब्दिक रूपमा व्याख्या गर्ने हो भने चालकले ऐनमा उल्लेख भए अनुसार नै आफ्नो कर्तव्य पूरा गरेको मानिन्छ तर त्यस्तो कार्यले उक्त ऐन वा दफाको प्रयोजनहीन एवं विसंगतियुक्त अर्थ निस्किन जान्छ । त्यस्तो अर्थले

विधायिकाको वास्तविक मनसायको प्रतिरक्षा गर्दैन बरू मर्दछ । यसर्थ सम्पूर्ण ऐनलाई अध्ययन गरेर हेर्दा यसमा विधायिकाको आसय त्यो हो, चालकले दुर्घटना पछि त्यसबेला सम्म गाडी घटनास्थलमा रोकेर राख्नु पर्दछ जबसम्म दुर्घटनाको अनुसन्धान गर्ने अधिकारी आएर सो सम्बन्धी अनुसन्धान गर्दैन । तसर्थ यस मुद्दामा चालकले उक्त दफाहरूको कानूनी प्रावधान अनुसारको कर्तव्य पूरा गरेको मानिदैंन भनि व्याख्या गरेको थियो ।

नेपाल प्रहरी संगठनले स्थापना कालदेखि नै समाजमा रहेका विभिन्न निकायहरूसँगको सहकार्य र समन्वयमा शान्ति सुव्यवस्था कायम राख्ने र अपराध नियन्त्रण गर्ने कार्यलाई प्रमुख प्राथमिकताका साथ कार्यान्वयन गर्दै आइरहेको छ । देशमा शान्ति सुरक्षा कायम गर्ने कार्य आफैमा एउटा अत्यन्त चुनौतीपूर्ण कार्य हो । सामान्य किसिमको प्रहरी अड्डनखटनले मात्र वा चोकचोकमा प्रहरी तैनाथी गर्दा मात्र शान्ति व्यवस्था कायम हुन्छ भन्नु किमार्थ सही मान्न सकिदैंन । कानूनको सही रूपमा पालना गर्ने दायित्वबोध आमरूपमा हुन सकेमा समाजलाई शान्त र सुरक्षित बनाउन कोशेढुङ्गा साबित हुन सक्छ । हुनत यसको लागि समग्र राज्य संयन्त्र नै प्रयोग भएको हुन्छ । तथापि नागरिकमा हुने कर्तव्यबोध नै यसको लागि उत्कृष्ट सहकार्य हुन सक्छ । राज्यद्वारा निर्मित कानूनको कार्यान्वयनमा नेपाल प्रहरीले गरेको सकारात्मक र जिम्मेवारयुक्त प्रयासमा सबैले आ-आफ्नो तहबाट सहयोग गरेको खण्डमा पक्कै पनि देशलाई शान्त र समुन्नत बनाउन कुनै कसर बाँकी रहने छैन । ♦♦♦

## गजल



✍ **एच.के. धिताल**

तिमी महँगो जुत्ता हौं, च्यातिए फालिनु पर्छ
म चप्पल हुं, छिने पछि पनि जोडिनु पर्छ

माया छाडेर घरबाट निस्केको आमा हुं म
कुनै दिन छोराले बोलायो भने फर्किनु पर्छ

सधैंभरि सबैको अस्तित्व कहां हुन्छ यहां
हेर, जुन उदाए पछि घाम अस्तिनु पर्छ

राम्रो हुदैमा सबै चिज सधैं टिक्छ नठान्नु
फूल पनि त देवताको लागि भाँचिनु पर्छ

अरे, कहाँ सकिन्छ, छ भन्दैमा तुरून्त दिन
बैंकको पैसा झिक्न पनि चेक काटिनु पर्छ ।

निबन्ध

# सङ्गत



छायादत्त न्यौपाने 'बगर'

१. कति दूरदर्शी हाम्रा पुर्खा ? सङ्गत गुनाको फल ! उहिल्यै भन्दिएका । आगो घिउ पगाल्छ, बालुवा ढुङ्गो चिल्याउँछ, माटो उत्पादन दिन्छ, बाटो गन्तव्य देखाउँछ, काँडा फूल जोगाउँछ, पानी माछा खेलाउँछ, घाम ताप दिन्छ, जून शीत बाँड्छ, गाई दुध दिन्छ, रूख फल दिन्छ, मौरी एक भई बस्छ, कमिला श्रम गर्छ, कोइली गीत गाउँछ, परेवा सूचना बोक्छ, गौँथली चिरबिराउँछ, वसन्त न्यानो ल्याउँछ, कुकुर इमानदारी निभाउँछ, कुखुरो समय जनाउँछ, प्रकृति निरन्तर गति थप्छ, परिश्रमी कर्मयोगी बन्छ, न्यायाधीश न्याय दिन्छ, स्रष्टा सिर्जना गर्छ, समालोचक परिष्कार गर्छ, प्रहरी सुरक्षा दिन्छ, यिनै सुन्दर सङ्गतको खोजीमा चुलबुलाइरहन्छ मन, मान्छे मनसँगै हिँड्छ, मन सङ्गतले डोरिन्छ ।

२. म प्रकृतिसित लय मिसाएर हुर्किएको मान्छे । मलाई प्रकृति मन पर्छ । प्रकृतिमा लहलहाउने डालीपात र यिनमा खेल्ने पशुपन्छी औधी मन पराउँछु म । त्यस्तै झरनाको कलकल र खोलाको सुसेली कर्णप्रिय लाग्छ । वर्षाको स्यारस्यार र हावाको सिरसिरसँग खेलिरहुँ लाग्छ । आकाशमा उड्ने चरा र झाडीमा मडारिने गैंडाको दृश्यले आँखा तान्छ । लम्किने हात्ती र उफ्रिने बाँदरको स्वभाव बिचको अन्तर्य खोज्छ मन । यो सूर्यको तापसित चन्द्रमाको शीतमा हुँडलिने मान्छेको बानी भने अनौठो लाग्छ मलाई । मन भन्छ र म चाहन्छु अविच्छिन्न हिँडिरहुँ प्रकृतिजस्तै निरन्तर ।

३. पूर्णिमा पक्षका तारा गन्ने अभ्यास नपुगेर खुम्चिन बल गर्ने जीवन हावासँग डोऱ्याउन मन लाग्छ । पहाड चढेर हिउँचुलीको सिरेटो पछ्याउन रहर पाल्ने मन प्रफुल्लित बनेको क्षण सम्झिरहन बल गर्छु । खेतका गरा र बारीका पाटाहरूमा बगेका पसिना उब्जनीसित साटेर रमाउने संस्कार फर्काउन मन अभ्यासरत छ । पहरा फोर्ने पाखुराहरूको सङ्गत चाहिएको छ मलाई । धमिलो खोलामा पसेर खुवाँ

थापेर माछा अल्भ्राउने बानी छाडेर सङ्लो पानीमा पौडिन मन छ । प्रकृतिको अनन्त हरियालीसित लय मिलाउने पुतलीको फुरफुर र भँगेराको भुनभुन हेर्ने/सुन्ने तीव्रेच्छाले मन-मस्तिष्क कोटयाइरहन्छ मेरो ।

**४.** मलाई थाहा छ, मौरीको मित्र बन्न सजिलो छैन तर मेरो विवेक कर्मयोगी प्रयत्नमा छ । लाग्छ आफूले घाँस खाएर गोठालालाई दुध दिने गाईको सेवा गरूँ तर विलासको फेरले तानेर डङ्गुरमा पुऱ्याउँछ मलाई । त्यहीं डङ्गुरको माखो बनेर सृष्टिको श्रेष्ठ प्राणी मान्छे हुँ भन्दै ऐना हेरी हेरी करबलमा अनुहार मिलाउने उद्देश्यले वकालत गर्ने मन पटक्कै छैन तर कालोकोट न छ यो शरीरमा । मेरो चेतनाले मानवीय संवेदनाको खोजी गर्छ तर हाबी बनेको स्वार्थले संवेदना चोइटयाइदिन्छ । चेतना र विवेकी बाटोमा पर्खाल उभ्याएर नसा खुवाउँछ छुचो मन । मलाई सज्जनको सत्वगुणले छाडिदिन्छ अनि त रजगुणको लहडसँग लहसिएर जिन्दगीको गोरेटो भत्काउन पुग्छु । यसले खुब आनन्द दिएको भ्रम पालेपछि आफूलाई कुम्भकर्णको अनुयायी सम्भेर मस्त निदाउँछु ।

**५.**मलाई प्रष्ट थाहा छ, सङ्गतले मानिसलाई महान बनाउँछ, असल सङ्गतले जीवनमा गति थप्छ । बुद्धको सङ्गतले सहिष्णु बनायो, अरनिकोको सङ्गतले कला मौलायो, पृथ्वीनारायण शाहको सङ्गतले एकता अडयायो, जय पृथ्वी बहादुर सिंहको सङ्गतमा मान्छे बाँच्यो, दयावीरसिंह कंसकारको सङ्गतले परोपकार सिकायो, गङ्गालालहरूको सङ्गतले माटो उठायो, महात्मागान्धीको सङ्गतले हतियार बिसायो, कन्फ्युसियसको सङ्गतले सामाजिक थिति बसायो, अब्राह्म लिङ्कनको सङ्गतले दासप्रथाको अन्त्य गऱ्यो, नेल्सन मन्डेलाको सङ्गतले विभेद हटायो । यसरी सङ्गत गर्दै जाँदा मान्छे सहृदयी बन्यो । गतिशील जीवन गन्तव्यमा पुग्यो र जीवनको अर्थसित अङ्कमाल गरी मुस्कुराउने भयो ।

**६.** हो नि ! मेरो मूल्य कामले बताउने हो अनुहारले होइन । कर्मयोग नै मानवीय उचाइ नाप्ने यन्त्र अनि हो जीवनको गहिराइ छाम्ने चेतना पनि । भलीभाँती जानकार भएर पनि पहिराकै छेउछाउमा रमाउने सङ्कीर्ण विचार बोकेपछि खुम्चिन सजिलो लाग्छ । उद्यमशील बानी बसाउनु छ रीत, दुध, मकै, कोदो, गहुँ, फापर, जौ, आलु, बोडी, सिमीहरूको स्वाद लिन हिंडेको साथी भेटिन्छ भट्टीमा र सक्षम जनशक्तिलाई सल्लाह दिन्छ अरब, मलेसिया कोरिया जाने र आफ्ना फाँटबारी बाँभै राख्ने । कस्तो गजब छ ! दुध खाने अभ्यास

बोझ लाग्छ रक्सी खान सहज । संयम अपनाएर शालीनताको अनुशरण गर्न सक्दिनँ भन्छ सल्लाहकार । निउ खोजीखोजी अहङ्कारी पर्खाल उभिएको आँगनमा उफ्रन्छ स्वघोषित पुरूषार्थी ।

**७.** खेतका गरामा पाँजा फिँजारेर पौरखी भएको ठानी आफै पगरी गुत्ने रहर पुऱ्याउँछु म । सज्जनमा गफ भरी रक्सीका बोतल फुटाउने दम्भी आदर्श पछ्याउन लाज मान्दिनँ । घरको काम गरे बेइज्जत हुन्छ भन्ठान्ने मैले विदेशीका शौचालय सफा गर्न परिवारसँग बिछोडिंदा गौरव गर्छु । आफ्नै गाउँठाउँको विकासमा जुटौं, हातेमालो गरौं भन्ने सल्लाहमा सहमत हुन्न बरू विदेशिने दाउपेचमा पैतृक सम्पत्ति बेचेर जाँडभोजमा सहभागी हुन्छु । अलि कति जान्ने बुझ्ने र प्रगतिका सम्भावना विषयमा तर्क गर्न सक्ने जनशक्तिलाई विदेशीको दास बनाउने राजनीतिकर्मीका चिल्ला कुरा पत्याउँछु । आहा ! क्या गजबको सल्लाह ! भएको जग्गाजमिन सस्तैमा बेच्यो विदेशियो । यसैमा जीवनको जग देख्ने अदूरदर्शी आँखा र क्षणिक सुखमा दूरगामी प्रभाव थाहा नपाउने अचेतनको सिकार बनेर गर्व गर्ने निम्छरो विचारप्रेमी भई औंसीको भँगालोमा हराएर पूर्णिमाको रात खोज्छु ।

**८.** प्रकृतिले खेपिरहने परिवर्तन मानव जीवनको पनि स्वभाव हो । बालक जन्मेर किशोर, प्रौढ र वृद्ध हुँदै जीवन जानुमा बिउ, विरूवा, कोपिला र फूलको विकासक्रम झल्किन्छ । फूल शान्ति, सिर्जना, प्रेम र जीवनको प्रतीक हो । यसमा सिङ्गै प्रकृति अटाएर सृष्टि-सूत्र सम्प्रेषण गरिरहेको तथ्यबाट म अपरिचित छैन तर व्यवहारमा सचेतानाको पोयोमा बाटिनुको सट्टा मनका लड्डु घिउसित खान्छु । यसैमा पौरखी बिगुल बजाउने अनौठो गतिविधिसित भौंतारिएको मान्छे म मसिनो गरी भुइँ टेकेर भञ्याङ सजाउने उद्देश्य एकातिर मिल्काएर वैयक्तिक सुखशयलमा सीमित भएको छु । विदेशीको उपलब्धिमा सफलताको गजुर देख्ने आँखाहरूको उपचार नगरी दौडिएको मान्छे म सही र सत्य अर्थ बिना मनभित्र पुष्पकोमलता बसाउने अभ्यास गर्छु । धुर्त मान्छेका चिल्ला आश्वासनको खुराकले बाँचेको अभिनय गर्छु । म बुझ्छु, मान्छेलाई सङ्गतले फूल, पात र काँडा बनाउँछ । पात र काँडा सुरूदेखि उम्रन्छन् । फूलले कोपिला झिकेर फक्रिन समय लाग्छ । फूल हावाहुरीबाट जोगिन अनेक प्रयत्न गर्छ । फक्रेको फूल मान्छेको जीवनमा उमङ्ग भर्छ । सुख दिन्छ, उत्साह र उत्प्रेरणा भरिदिन्छ । मान्छेले मुस्कुराउन फूलको सहारा खोज्छ म प्रतीक्षा गर्छु । मसित खेल्ने फूलजस्तै सरल मनको सहृदयी भावनामा जीवन बाँच्ने विश्वास

ओढेर उभिन्छु । यही आस्थाले जीवन प्राप्त गर्छ । म योजना बनाउँछु, सर-सहयोग जुटाउँछु र फूलजस्तै फक्रेर सुगन्ध छर्न तम्सिन्छु । जीवनलाई सृष्टि सौन्दर्यको अनुपम उपहार मानेर अनन्त भिडमा बेग्लै उभ्याउन बल गर्छु । धेरै मान्छेमध्ये छुट्टै र विशेष परिचय लिएर कुद्ने रहरले सताएको छ मलाई । मेरो चाह मान्छेसँग सत्सङ्ग गरेर गतिशील विचारको बिउ रोपिरहने हो ।

९. पुर्खाको आकाङ्क्षा र बा-आमाको चाहले मलाई असल मान्छे बन भनिरहेको हुन्छ । पितृआज्ञा शिरोपर गरेर जीवनसङ्ग्राममा होमिएको मैले धेरै जनालाई न्यानो पुग्ने गरी समताको बर्को बुन्न चाहन्छु । मलाई परिवारसँग खेल्नु छ, छिमेकीसँग दौडिनु छ, मूल्य चिनेर समाजसँग भिड्नु छ, देशको निर्देश मान्नु छ तर यी दौड, मूल्य र निर्देश समग्र जीवन हितैषी कति छन् ? विश्लेषण नगरी नहुने छ । मलाई हेक्का छ वैयक्तिक सुखमा जीवनको अर्थ खुल्दैन, एकल व्यक्ति समाज होइन ।

सामूहिक सुखका लागि समाज जुट्नुपर्छ र जीवन चल्नुपर्छ भन्ने विवेकले मलाई बिउँझाइरहन्छ । यही विचारले तानेको छ मेरा कन्सिरी । मेरो गोरूको बाह्रै टक्का शैलीको मेरै हितको हाँडी बोकाइले समग्र अधर खोल्दैन । समताको दियो बालेर परिवार, समाज र देश अटाउने झोपडीहरूमा उज्यालो छर्ने मेरो दायित्व बिर्सनु बहादुरी हो र यसैले जीवन सहज बनाउँछ भन्ने लाग्दैन । मेरा गतिशील पाइलाहरू हिमाल, पहाड र तराईका गाउँसम्म पुग्नुपर्ने दायित्वबोधले मलाई बाँधिरहेको छ । म नैतिक बन्धन चुँडालेर वैयक्तिक सुखको पोखरीमा डुबुल्की मार्नुलाई जीवन ठान्दिनँ । म महमा हामफाल्ने विवेक गुमेको लोभी माखो होइन ।

१०. म ढुक्क छु, विगतका पाइलातिर वर्तमान डोऱ्याउने चिन्तनले चहकिलो भविष्य निर्माण गर्दैन । अँध्यारोबाट सुरू गरेको यात्राले प्रकाशपुञ्ज फेला पार्ने विश्वास चुँडालेर बिच बाटोमा प्यात्त फाली फूलबारीका पुतली निमोठ्न तम्सिनेहरू वा दाउपेचमा लिप्त भई व्यक्तिमा सीमित स्वार्थको सातु खाने बहादुरलाई अगुवा मान्न सक्दिनँ । म त विचारमा स्पष्ट, गन्तव्यमा दूरदर्शी, कर्तव्यमा प्रतिबद्ध, नैतिक मूल्यमा अडिएको इमानदार अगुवाको खोजीमा छु । मेरो यात्रा निरन्तर छ । मलाई मौरीको एकता, कमिलाको श्रम, किसानको सेवा, गाईको त्याग, अजिङ्गरको धैर्य, कछुवाको साधना, खरायोको दौड, पानीको गति, रूखको परोपकार, प्रकृतिको परिवर्तनमा जीवनको समग्र अर्थ भेट्नु छ । मलाई विवेकी सङ्गत गर्नु छ ।

यो मेरी आमाको इच्छा र बाको सल्लाह पनि हो । मलाई हरिनको वेगसित बाघको आँट राखेर निरन्तर कुद्नु छ । साथीभाइ भन्छन् पानी जस्तै प्राणी हितमा समर्पित भई विपरीत नहुने गरी चलिरहनुपर्छ तैंले । मेरो रहर छ बाक्लो वनमा सुन्दर बगैंचा निर्माण गरी फूलहरूसँग खेल्ने ।

म चाहन्छु मैले पछ्याएको क्रियाशील स्वरूप र स्वभाव सृष्टि–परम्परामा हुर्किएको समस्त जीवन सर्वसुख सम्पन्न भई बाँचोस् । मेरै वरिपरि उभिने बेथितिका पर्खाल उधिनेर समताको मझेरीमा सबै सँगै रम्ने परिवेशले एकसाथ वरण गरोस् हामीलाई ।

**११.** मलाई दुवै अधर खोलेर मुस्कुराउने रीतिथितिको खाँचो छ । हो, मलाई छट्टुस्याल, र धोकेबाज गोहीको विश्वास छैन, सकुनि जालबाट सुरक्षित अवतरण गर्नु छ मैले, सतरन्जामा मिसिनु छैन मैले । मेरो गन्तव्य सकुनिको जुवा र दुर्योधनको अभिमान बोकेर सुखी हुने होइन । दुध खाएर विष ओकल्ने सर्प र छाउरा खाने ढाडेको जन्ती बन्ने त झन् हुँदै होइन । म बाच्छाबाच्छी मिच्ने साँढे शैलीमा हुँडार चरित्र देखाउने दुस्साहस त पटक्कै गर्दिनँ । आफ्नो स्वार्थका लागि अरूको उपयोग गर्ने वैयक्तिक चेतको डल्लो फुटालेर मनमन्दिरमा निर्बाध विचरण गर्ने र सुरक्षित रहने सुखद परिवेश जुटेको आत्मीय सङ्गतमा रमाउनु छ मैले । ♦♦

**गजल**



✍ **गङ्गा कर्माचार्य पौडेल**

बस्नु हुन्न नारी तिमी आफ्नो मन जलाएर
अघि बढ कुरीतिको अग्लो पर्खाल ढलाएर

जति सह्यो उति हेप्ने चलन बनि सक्यो यहाँ
आउनु पर्छ तिमी भित्र आँट हिम्मत पलाएर

अरूको भर पर्नु हुन्न स्वार्थी यो समाजमा
बाँच्नु पर्छ शान सित आफ्नै पौरख फलाएर

अनगिन्ति बाधाहरू तेर्सिइन्छन् बाटाभरि
सार्नु पर्छ पाइलाहरू तिखा काँडा छलाएर

चेतनाको राँको बाली चिर्नु पर्छ अन्धकार
तर्नु पर्छ भवसागर ज्ञानको डुङ्गा चलाएर

कथा

# गुलाफी



✍ बिन्दु अधिकारी ढकाल

छोरी सिधा थिई । जन्मेका मध्ये बल्लतल्ल बाँचेकी हुनाले परिवारमा खुसी ल्याउने नै उही हो भन्थे । हुन त नेपाली समाजमा छोरीलाई घरको गहना मान्ने हाम्रो पुरानो परम्परा नै हो । "हँ...हँ...ए, गुलाफी ! काँ छेस् तँ ? मलाई सन्च भएन । पेट दुखेर मर्न लागें । थोरै मनतातो पानी पिउन पाए अलि अथवा हुन्थ्यो कि भनेर नि...।"

"आमा, मैले भर्खर घाँसको भारी ल्याएँ । हेर्नु त कत्रो छ ? अब दाउरा लिन जानु छ । त्यो सकेर गाई गोरू चराउने काम कति खेर गर्नु ? तपाईंलाई चाहिँ एक्कासी के भाको ? एक दुई पटक मलमुत्र त्याग्दैमा यसरी आत्तिनु पर्छ र...?" खुइया गर्दै गुलाफी भान्सा भित्र पसी ।

"ऐया...ऐया...मरे नि आमा... ।" दिनको चौबिस घण्टा आमा बोल्याबोल्यै भइन् । खानु न पिउनु सुर बेसुर के-के भनिन्, भनिन् । गुलाफीले जे गरे पनि चित्त नबुझ्ने । जसो गरे पनि धन्यवाद न साधुवाद । दिन बित्यो । अनि, रात हिंड्यो ।

घरको गहना एक दिन गुलाफीको बिहे भयो । जन्म घरबाट कर्म घर राजाकै छोरी भए पनि जानै पर्ने थिति । धेरै टाढा पुगी ऊ । लोग्नेका घरबाट सबै भन्दा धेरै आमाको याद आयो । त्यो सम्झनाले छिन्छिन्मा सतायो । सुर्ताको बोझले भित्रभित्रै गाल्यो ।

राति ओछ्यानमा पऱ्यो कि ऐठन होला जस्तो सपना पनि त्यस्तै देख्थी । एक रातको कुरा "आमा, किन मलाई अक्षर चिनाएनौ ? बल्लतल्ल बाँचेकी छोरी भनेर फुर्काइफुर्काइ काम धन्दा मात्र गरायौ । मेरो बाल मस्तिष्क बुद्धि पलाउनु अगावै यो सिन्दूर यो पोते अनि ओठमा लाली कन्यादान गर्नै हतार कसले सिकायो । हो, आमा घरबाट यति धेरै टाढा पठायौ । सम्झ, सात दिन पैदल हिंडेको बाटो घरिघरि ओहोरदोहोर कल्पनासम्म गर्न सक्दिन ।

आँखामा भएको कालो बादल यो संसार उज्यालो भए पनि म सधैं

अँध्यारो सुरूङ्ग भित्र छु जस्तो लाग्छ । यहाँ मलाई मान्छेले के भन्छन्, थाहा छ ? मेलापर्मको काम न घरको धाम ढङ्गले जान्दिन, जाने पनि छेउ पार गर्दिन । हसमुख चेहेरा खुलेर बोल्दिन । अनपढ मानिसको बानी यस्तै हुन्छ अरे, हो आमा ?

पल्ला घरकी बाटुलीले जुन कुरा भनि सुनेर मेरो मन कति दुख्यो, कति घोच्चो ? त्यो महिला म भन्दा धेरै चलाख छे । हाँडीमा मकैका फुल उठे जसरी बोल्छे । मान्छेसँग कसरी घुस्ने ? कसैले सिकाउनु पर्दैन । मलाई यस्तो लाग्छ, उमेर भन्दा चाँडै व्यवहार गर्न सिकेकी उसले के खाएर हुर्की । अर्को आश्चर्य कसैका छेउ पर्न सरम मान्दिन ।

हो, आफूलाई चित्त नबुझेको कुरा सार्वजनिक गर्न एकछिन त के सेकेन्ड ढिलो गर्दिन । म जस्तै ऊ नि विवाहिता नारी हो । हाउभाउ अनुसार राजाकी छोरी हुनुपर्ने तर कुरो बुझ्दा सामान्य नागरिककै सन्तान हो । आमा ! पत्याउनै मुस्किल बात कसरी बताऊ ?

मूल्याङ्कन भनेको के हो ? हो, आमा सुनेर मात्र नबुझिँदो रहेछ । कालो अक्षर भैंसी बराबर हुनुको तात्पर्य यस बेला झन् खड्केको छ । सिधा सादा मन सोच्दासोच्दै हैरान भा'छु । मूल्याङ्कन भनेको पकाएर खाने चिज पो हो कि या त शरीर ढाकछोप वस्त्रादी के भनेको ? अथवा, जुत्ता चप्पल झोला मोजा यस्तो उस्तोलाई चाहिँ के भन्दा हुन् ।

जति नै वफादार हुन्छु भनेर सुर गरे पनि आखिरमा कुवाको भ्यागुत्तो मै सीमित भएँ । भन्छन्, परिवारको भलाइका लागि हदैसम्म लचक हुनु पर्छ । कोही पटमूर्ख नै किन नहोस् त्यसलाई समेत मायाको घडाले सिन्चित गर्नुको विकल्प हुदैन । यहाँ आएर मैले जति ताउरमाउर कसले गऱ्यो ? त्यागका कुरा कति छन् कति । अहिले त्यो विगत कोट्याउनु हो भने स्वयं अखानो हुन बेर लाग्दैन । यस कारण यो विषयलाई यहीं टुङ्ग्याएँ ।

बाटुली हो मेरी साथी । सकारात्मकताकी सारथी । घाँस दाउरा गर्न हिँड्दा होस् वा मेला पर्म धाउन । हरेक भेटमा मलाई भन्ने शब्द हुन्, "सुन्, गुलाफी हामीले जे काम गर्छौं, अठोटका साथ मनैबाट अग्रसर हुनुपर्छ । जागर फैलाउन सक्यो भने हीरा हुन बेर लाग्दैन ।" उसले भने जस्तो जागर कसरी पहिल्याउने ? के गरेर फैलाउने ? लम्बाइ चौडाइ कुन रंगले ? कुन वर्णले ? घाम उदाए पछि तरखर हुने कि घाम अस्ताए पछि । उसका कुरा छेउ न कुना । अनपढ मेरो मगजमा घुसेको भए सधैं भालेको डाक पहिल्यै उठ्ने थिएँ । साँच्चै हो आमा । समय अगावै तत्पर हुन्थें ।

घरमा आएका अतिथि भगवानका रूप-स्वरूप हुन् भनेर नपढे पनि जानेको विषय तर यो कुरा यहाँ कसैलाई मान्य भएन, हुँदैन । एउटा गुदी कुरो के हो भने मैले सिकेर बोलेको यहाँ कसैलाई पच्दैन । बरू कालोलाई रातो भन्न लगाउँछन् । अनि, रातोलाई सेतो तर अक्षर चिनेको छैन भन्दैमा यति साह्रो हेप्न पाइन्छ ?

मान्छे हुँ । आँखाले देखेका कुरा बोल्न सक्छु तर खै मौका ? किसिमको प्रवृत्तिमा गुलाफ फक्रेको देखेर चित्त बुझाउँछु । मैले जानेका कैयौँ कुरा बालुवामा पानी सरह हुन्छ तैपनि हरेस खाएर बस्न मन लाग्दैन । लाग्छ, हुँदा खाने र हुने खानेमा यही फरक छ । शरीरको ड्राइभर मन एकछिन सबै भुलेर झाङ्गिएको लटरम्म ऐसेलु हेरेर स्वयं मुस्कुराउँछु ।

म सत्य बाहक हुनाले आँखामा आँखा जुधाउन गाह्रो छ । केही उदाहरण भनौ ? फेरि, कसैले तोडमोड गरी बुझे भने मलाई नै गाल पर्ला । यस कारण पितृसत्ताले लादेको हाम्रो समाजमा सासुको बुहार्तन मै सारा जीवन व्यथित गर्नु पर्ने बाध्यता घरमा जो जसरी आए गए दर्शन-नमस्कार गऱ्यो, छड्क्यो ।

यी कुरा पछि के भनेर हल्ला फैलियो, बताऊ ? नाग प्रसादकी छोरी गुलाफीको सोमत, घरमा आएका मान्छेसँग बोल्ने ढङ्ग छैन । आमा भन त सानैदेखि म त्यस्तै थेँ ? तल्लाघर माथ्लाघर अनि पल्लाघर कत्रो हल्ला ? त्यो फुइले पृथ्वी फन्को माऱ्यो। मसँग जोरी खोज्ने टिमलाई सम्झन चाहन्न । राति आगो बलेको सपना देखेको साँझ भयो, यो भन्दा बढी बयान गर्दिन ।

मानवजाती कसको चाहिँ बुद्धि पूर्ण हुन्छ ? कत्राकत्रा ठूलाबडाले त ठाउँ-ठाउँमा कति धेरै गल्ती गरिरहेका हुन्छन् भने म परेँ सामान्य नागरिक । त्यो पनि अल्लारे उमेरकी अपठित ठिटी । हाड मासुबाट बनेको यो शरीरले सबै तिर ढङ्ग पुऱ्याउँछ नै भनेर कुन संविधानमा लेख्या छ ? सफेद पानामा कोरिएका ती धारा उपधारामा मलाई लागेको कुरा चाहिँ परिवार भनेको नङ मासुको सम्बन्धभन्दा पनि गाढा निकट नाता हो । यस कारण नबिराउनु नडराउनु कि होइन आमा ?

परिवारले अर्तिबुद्धि गर्ने कुरा जब बाटुलीका मुखबाट सुन्थेँ । सम्झ रिसको पारो कहाँ पुग्यो तर सवाल जवाफ गर्न तिर लागिन म । हो, त्यो बाटो कुनै दिन तातिन । मुखमा आइसकेको बात बरू टेप टालेर बसेँ । मैले ठिक गरे कि बेठिक गरेँ, आमा ? तिमीलाई किन ढाट्नु । अर्को यौटा कुरा मलाई माइनस गर्ने जमातको बिगबिगी छ भन्छन् तर मेरो अन्तस्करण भुक्ने कुकुरले टोक्ला जस्तो लाग्दैन । चोर

औंलाले कसैलाई देखायो भने अरू तीन औंलाले के गर्छन् ? ती सबैले आफैंलाई ताकिरहेका हुन्छन् । कि, होइन आमा ? हुन त यसको तात्पर्य पढे लेखेकालाई जति ज्ञान छैन मलाई र म अनपढले बोलेका कुरा कसले सुन्ने ? एक दुई तीन कसैले सुन्दैनन् तर आमा यदि म शिक्षित थिएँ भने, अनुमान गर त पहिलो काम के गर्थें ?

अर्काको मेलामा काम गरेर भए पनि एउटा मोबाइल किन्थें, जसरी पनि किन्थें । इन्टरनेट भन्छन् नि सुन्या छौं ? २१औं शताब्दीमा प्रविधिको विकास अरे। भन्छन्, यो सञ्चार वास्तवमै चमत्कारपूर्ण छ । संसारका मान्छे मोबाइल भित्रै छन् जस्तो भौतिक उपस्थिति बिनै घण्टौं बात मार्छन् । यस्तो प्रकृयालाई भिडियो कल भनिँदो रहेछ । तिम्री छोरी अनपढ भए पनि पहिला-पहिलाको तुलनामा बोल्न जान्ने भाकी छे । थाहा छ, यसको श्रेय को हो ? बाटुली ।

हो, जीवन के हो उसैले बताइ । आँसु र हाँसोको सङ्गम दुःख पर्दा नआत्तिनु र सुख भयो भनेर नमात्तिनु । अनि, माया के हो ? बन्धन के हो ? सुनेर सिक्ने कला पनि हुँदो रहेछ भनेर त्यही बेलादेखि जानें । हो, आमा मैले आफूलाई चिन्न थालेपछि सम्हालिन पनि जानें ।

पढ्न उमेरले छेक्ने रहेनछ । राजनीति गर्न पनि पढ्नु पर्ने रहेछ । कुटनीति त झन् अनपढका लागि कालो अक्षर भैंसी बराबर । अभिनय कलालाई तिखारेर लैजान कत्राकत्रा कलाकारले पनि पढ्दा रहेछन् । मलाई यस्तो लागिरहेछ, अब म पनि पढ्छु । स्कुल धाएरै अक्षर चिन्छु । कामधन्दा झ्याएर जसरी पनि शिक्षित बन्छु, किनभने खाने मुखलाई जुङ्गाले छेक्दैन ।

गीत, कथा, कविता, गजल, हाइकु र मुक्तकलगायत साहित्यिक विधा मन पर्छ । रेडियो सुन्दैखेरी त लेख्ने मन भयो भने कलम समाएर कोर्न सक्ने हुँदा कस्तो होला ? अझ, युट्युब सुट्युब के जाति भन्छन् नि हातैमा मोबाइल पूरै सिनेमा देखिँदो रहेछ । आमा, ए आमा ! यति पारङ्गत मान्छेलाई घरमा अब चाहिँ यो पनि जान्दिन र त्यो पनि मान्दिन नभन्दे हुन्थ्यो नि ।

खैर, छोरी सिधा छे भनेर पीर नगर्नु । पढेरभन्दा परेर जान्नु पनि शिक्षा रहेछ । विद्यालय विश्वविद्यालयमा पढाइने शिक्षालाई कोरा किताबी ज्ञान भन्न जान्ने भाकी छु म । किनभने कृषि पढेर पीएचडी गर्ने विद्यार्थीलाई कुन बेला खेतमा धान रोप्ने ? कस्तो मौसममा बारीमा मकै छर्ने ? हो, कोदो आलु फापर गहुं र जौं रोप्न पनि समय नछोपे उब्जनी हुदैन । सीप साधेर काम गर्न जानेन भने त्यो पढाइ के पढाइ ? अनि, त्यो लेखाइ के लेखाइ ?

सुन्छु, हाम्रो देशका

ठूलाबडाहरूले पनि धेरै पढेका छैनन् रे । अल्पज्ञानीलाई बढी लोभ लाग्छ । जसको परिणाम समाजको हितमा भन्दा व्यक्तिगत स्वार्थमा अल्झिन्छ मन । त्यसको नतिजा देश विकासमा अवरोध खडा हुन्छ । यस्ता कुरा म जस्ती अनपढलाई त थाहा छ भने कि, आमा तिमी पनि पढ्छ्यौ त...? "बर्बराउनु पनि झल्यास्स निन्द्राबाट बिउँझी गुलाफी । निथ्रुक्क भिजेको शरीर आम्खोराबाट घटघट पानी पिई ।" हैन, आज कसरी यति लामो सपना देखें ? त्यो पनि आमासँगै बसेर बात मारेको । उताको सन्चो बिसन्चो कसरी बुझ्नु ?

'हँ...हँ...ए, गुलाफी ! नानी तँ काँ छेस् ? मलाई सन्च भएन । पेट दुःखेर मर्न लागें । भित्र भान्सामा गएर अगेनामा आगो फुकेर पानी तताइ दिन्थिस् कि भनेर नि...।' त्यो बेला गुलाफीका बाउ घरमा थिएनन् । आमाको त्यो दर्द सुत्केरी बेथा भनेर पाँच वर्षकी गुलाफीले कसरी बुझोस् । कोहोलो स्थिति आमाले जन्माएका जम्ल्याहा छोरा गुलाफीको बिहेमा सानै थिए । तिनीहरूको खबर सोध्नै नपाई ब्यूँझदा दिक्दार भए पनि विरक्त चाहिं भइन गुलाफी ।

"आहा ! तामाका मुनाजस्ता ती मेरा माइती हिंड्दै लड्दै दुई वर्ष नि पुगेका थिएनन् । यतिखेर ठूला भएर अड्को फड्को आमालाई काम सघाउने भए होलान् । भविष्यका कर्णधारहरू असल र ज्ञानी बनेको हेर्ने इच्छा छ ।" राम लक्ष्मण जस्ता माइतीलाई सम्झेर हर्ष विभोर बनेकी गुलाफीको जड मन्त्र आदरको बदला अनादर होइन, हुँदैन तर शिष्यलाई जस्तो सिकाइन्छ त्यस्तै बाड्छ । मङ्गलमय कामना जोर हात सूर्य नारायण उदाए तर्फ लम्काएर जल अर्पण गर्दै नमस्कार टक्राएर बिहानीको सुरूवात आफ्नो दैनिकी तर्फ लागि । ♦

## माया



✍ **घनश्याम नेपाल**

माया अघात मनमा अति नै छ मेरो
छोडौं कसो गरी हरे जनसेवा प्यारो ।
सेवा गरें जति सकें प्रहरी भएर
स्याबासको थपडीमा सजिएँ अडेर ।
तक्मा लगाइछु बडो दिल टल्किएछ
मेरो छ संगठन यो उही झल्किएछ ।
यो राष्ट्रको जति छ प्रेम भनौं कसोरी
जो साइँनोसित डुले प्रहरी हुं फेरि ।
भुल्ने म छैन दिन रात म गर्छु सेवा
जाँदैछु आज अवकास दिनेछु टेवा ।
साहित्यको छ अति मर्म बुझेछु मैले
बाचा म दिन्छु अहलै कविता छ जैले ।

# आत्महत्याको वर्तमान अवस्था र न्यूनीकरणमा नेपाल प्रहरीको प्रयास



✍ प्र.नि.जनार्दन घिमिरे

मानिसको मृत्युका विभिन्न कारणहरूमध्ये आत्महत्या पनि एक हो । मृत्यु आफैँमा स्वाभाविक प्रकृया भएता पनि आत्महत्यालाई स्वाभाविक मान्न सकिन्नँ । सामान्य अर्थमा भन्नु पर्दा मानिसले आफैँलाई समाप्त पार्ने कार्य आत्महत्या हो । सन् २००३ देखि हरेक वर्ष सेप्टेम्बर १० लाई अन्तर्राष्ट्रिय आत्महत्या रोकथाम दिवसको रूपमा मनाउने गरिएको छ तर पनि पछिल्लो विश्व तथ्याङ्कलाई हेर्ने हो भने हरेक वर्ष करिब ८ लाख मानिसले आत्महत्या गर्ने गरेको पाइएको छ । अर्थात हरेक ४० सेकेण्डमा एक जनाको मृत्यु आत्महत्याको कारण हुने गरेको छ । त्यस कारण पनि आत्महत्यालाई विश्वव्यापी समस्याको रूपमा लिन सकिन्छ ।

नेपालकै सन्दर्भमा हेर्ने हो भने हरेक वर्ष आत्महत्याबाट ज्यान गुमाउनेको संख्या ६ हजार भन्दा माथि छ । यसबाट पनि यकिन गर्न सकिन्छ आत्महत्याको अवस्था कति भयावह छ । अझ भन्नु पर्दा आत्महत्याको घटनामा न्यून देखि उच्च आर्थिक हैसियत भएका, सामान्य नागरिकदेखि उच्च ओहोदामा पुगेका व्यक्तिहरू साथै समाजमा प्रतिष्ठित कहलिएका र हरेक समस्याको समाधान गर्न सक्षम तथा अरूलाई समेत उत्प्रेरित गर्ने व्यक्तिहरूले समेत आत्महत्या गरेका घटना हाम्रो समाजमा प्रशस्तै छन् । आत्महत्या गर्नेमा वृद्धदेखि तन्नेरी एवम् बालबालिका समेत रहनुले पनि आत्महत्या समाजको ठूलो समस्या रहेकोलाई नकार्न सकिन्न ।

तथ्याङ्कगत रूपमा हेर्ने हो भने पछिल्लो ३ आर्थिक वर्षको आत्महत्याको दरलाई तुलना गर्दा हरेक वर्ष आत्महत्याको दर बढ्ने क्रममा छ । यस क्रममा नेपाल प्रहरी प्रधान कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७६/७७ मा आत्महत्याको कारणबाट मर्नेको संख्या ६ हजार २ सय ५२ जना रहेको छ ।

जसमा पुरूष ३ हजार ४ सय ७ रहेको छ भने महिलाको संख्या २ हजार १ सय ८४ रहेको छ । त्यस्तै त्यस आर्थिक वर्षमा २ सय ५२ बालक र ४ सय ९ बालिकाले आत्महत्या गरेको देखिन्छ । यसै गरी आर्थिक वर्ष २०७७/७८ मा आत्महत्याको दर बढेर ७ हजार १ सय ४१ जनाले आत्महत्या गरेका थिए भने आत्महत्या गर्नेमा ३ हजार ९ सय २८ पुरूष र २ हजार ४ सय ४९ जना महिला रहेका छन् । त्यस्तै आत्महत्या गर्नेमा २ सय ९४ बालक र ४ सय ७० बालिका रहेका छन् । यसै गरी आर्थिक वर्ष २०७८/७९ मा आत्महत्या गर्ने दरमा अघिल्लो आर्थिक वर्षको तुलनामा केही कमी आएता पनि समग्रमा त्यो संख्या सानो छैन । उक्त आर्थिक वर्षमा आत्महत्या गर्नेको संख्या ६ हजार ८ सय ३० रहेको छ । जसमा पुरूषको संख्या ३ हजार ८ सय ६० र महिलाको संख्या २ हजार २ सय ६१ रहेको छ । त्यस्तै उक्त आर्थिक वर्षमा आत्महत्या गर्नेमा २ सय ५३ बालक र ४ सय ५६ बालिका रहेका छन् ।

चालु आर्थिक वर्षको सुरूको ६ महिनाको तथ्याङ्कलाई हेर्ने हो भने पनि आत्महत्या गर्नेको संख्या ठूलो देखिन्छ अर्थात चालु आर्थिक वर्षको साउनदेखि माघ महिनासम्मको अवधिमा ३ हजार ६ सय ७७ जनाले आत्महत्या गरिसकेका छन् । त्यसमा २ हजार ९० पुरूष र ११ सय ७० महिला रहेका छन् भने १ सय ५८ बालक र २ सय ५९ बालिका रहेका छन् ।

नेपालको आत्महत्यादरलाई हेर्ने हो भने काठमाडौं उपत्यकालाई छोडेर प्रदेशगत रूपमा सबैभन्दा बढी कोशी प्रदेशमा रहेको छ जहाँ आर्थिक वर्ष २०७६/७७ मा १३ सय ४१ जनाले आत्महत्या गरेका थिए भने आर्थिक वर्ष २०७७/७८ मा १५ सय १८ र आर्थिक वर्ष २०७८/७९ मा १४ सय ९१ जनाले आत्महत्या गरेको देखिन्छ । त्यसै गरी चालु आर्थिक वर्षको सुरू ६ महिनाको अवधिमा ८ सय २६ जनाले आत्महत्या गरेकोमा ४ सय ९६ पुरूष र २ सय ३७ महिला रहेका छन् भने ३६ जना बालक र ५७ जना बालिकाले आत्महत्या गरेको तथ्याङ्कले देखाउछ । यसै गरी आत्महत्याको दरमा सबैभन्दा कम कर्णाली प्रदेशको छ जहाँ आर्थिक वर्ष २०७६/७७ मा २ सय ९० जनाले आत्महत्या गरेका थिए भने आर्थिक वर्ष २०७७/७८ मा ३ सय ६५ र आर्थिक वर्ष २०७८/७९ मा २ सय ९१ जनाले आत्महत्या गरेको देखिन्छ । त्यसै गरी चालु आर्थिक वर्षको सुरू ६ महिनाको अवधिमा १ सय ४५ जनाले आत्महत्या गरेकोमा ८६पुरूष र ४४ महिला रहेका छन् भने ७ जना बालक

र ८ जना बालिकाले आत्महत्या गरेको तथ्याङ्कले देखाउछ ।

काठमाडौं उपत्यकाकै आत्महत्यादर हेर्ने हो भने पनि कर्णाली र सुदुरपश्चिम प्रदेशको भन्दा बढी देखिन्छ । यो आफैंमा चिन्ताको विषय हो । चालु आर्थिक वर्षका शुरूको ६ महिनामा मात्र काठमाडौं उपत्यकामा २ सय ८६ जनाले आत्महत्या गरेको देखिन्छ । जसमा १ सय ९१ पुरूष र ८९ महिला रहेका छन् भने आत्महत्या गर्नेमा ४ जना बालक र २ जना बालिका रहेका छन् । आत्महत्या दरलाई हेर्ने हो भने समग्र रूपमा पुरूषको संख्या बढी देखिन्छ भने बालकको तुलनामा बालिकाको संख्या बढी देखिन्छ ।

यसरी दिनानुदिन हुने आत्महत्याको वर्तमान अवस्थालाई हेर्ने हो भने यसलाई निकै भयावहको रूपमा लिन सकिन्छ । विश्वव्यापी रूपमा देखिएको यस्तो समस्याको कारण खोजी गर्ने क्रममा आत्महत्या हुनुमा कुनै न कुनै रूपमा मानसिक समस्याको कारण आत्महत्या हुने गरेको पाइएको छ । यस प्रकारको मानसिक समस्या सिर्जना हुने कारणहरू विभिन्न हुन सक्छन् । जस्तो आर्थिक कारण, पारिवारिक कारण, घरेलु हिंसा, व्यावसायिक एवम् शैक्षिक असफलता, दीर्घ रोग, मादक पदार्थ तथा लागूऔषधको सेवन जस्ता कारण मानसिक समस्या देखा पर्न सक्छन् । नेपालकै सन्दर्भमा हेर्ने हो भने कुल नसर्ने रोगहरूका समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको देखिन्छ । मानसिक स्वास्थ्य सर्वेक्षण २०७७ अनुसार १३ देखि १७ वर्षका ५.२ प्रतिशत किशोर किशोरीमा मानसिक समस्या देखिएको छ ।

हुन त नेपालमा आत्महत्या रोकथामका विभिन्न उपायमध्ये कुनै पनि व्यक्तिलाई मर्न वा आत्महत्या गर्न बाध्य पारिनु हुँदैन भनेर मुलुकी अपराध संहिता ऐन २०७४ मा आत्महत्या दुरूत्साहनलाई कसूरको रूपमा उल्लेख गरिएको छ । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १२ को दफा १८५(१) मा कसैले कसैलाई आत्महत्या गर्न दुरूत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन भनेर उल्लेख गरिएको छ भने त्यसैको उपदफा २ मा १ बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ भनेर व्यवस्था गरिएको छ । यसबाट आत्महत्या दुरूत्साहनलाई पनि कानूनले अपराध मानेको स्पष्ट हुन्छ ।

यसरी आत्महत्याका घटनासँग प्रत्यक्ष परोक्ष रूपमा जोडिएको कारण

मध्येको मानसिक समस्यालाई निराकरण गर्न नेपाल सरकारले पनि विभिन्न प्रयास भने नगरेको होइन । जस अन्तर्गत स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४(ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचिमा समावेश गरिएको छ । यसै गरेर नेपाल सरकारको १५औं पञ्च वर्षिय योजना (२०७६-०८१) मा मानसिक स्वास्थ्य सेवाको पहुंच सबै तहमा विस्तार गर्दै लैजाने भनेर समावेश गरिएको छ । यसै गरी संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (२०१६-०३०) मा मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखि मानसिक स्वास्थ्य सेवाको प्रबर्द्धन गरी नसर्ने रोगहरूबाट हुने मृत्युलाई एक तिहाई कम गर्ने लक्ष्य राखिएको छ ।

यसै गरी राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७ अन्तर्गत आत्महत्याको कारण मध्ये एक मानिएको मानसिक स्वास्थ्य समस्या न्यूनीकरणको लागि तयार पारिएको रणनीति तथा कार्यनीति अन्तर्गत आधारभूत मानसिक स्वास्थ्य सेवालाई समुदायस्तरमा पुऱ्याउने योजना रहेको छ । यसै गरेर आत्महत्या रोकथामको लागि चेतना अभिवृद्धि गर्ने योजना रहेको छ भने मानसिक स्वास्थ्यमा केन्द्रित रहेर पत्रकार, कानून व्यवसायी र सुरक्षाकर्मीलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने रणनीति रहेको छ । उक्त कार्ययोजनामा आत्महत्या लगायत मानसिक स्वास्थ्य सम्बन्धी सूचकहरू निर्धारण गरी सोको आधारमा सूचना प्रणालीलाई परिमार्जन गर्दै लैजाने कार्यनीति तयार पारिएको छ । यसै गरेर आत्महत्या सम्बन्धी घटनालाई निरन्तर निगरानी पद्धतिमा समावेश गर्दै आत्महत्या रोकथाम दिवसको अवसरमा सबै तहमा जनसहभागितामा कार्यक्रम सञ्चालन गर्ने समेतको योजना रहेको छ।

नेपाल प्रहरीको सन्दर्भमा चर्चा गर्ने हो भने समाजमा हुने विभिन्न अपराध रोकथाममा पुऱ्याएको योगदान जस्तै आत्महत्या रोकथाममा पनि नेपाल प्रहरीले विभिन्न उत्प्रेरणामूलक एवम् जनचेतनामूलक कार्यक्रमहरू गर्दै आइरहेको छ । जस अन्तर्गत विद्यालय केन्द्रित तथा समुदाय केन्द्रित अन्तर्क्रिया तथा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन हुँदै आएका यस्ता कार्यक्रम हरेक स्थानीय तह र त्यसको पनि वडा र टोलसम्म पुगी प्रहरीले नागरिकसँग अन्तर्क्रियात्मक कार्यक्रम गर्दै आएको छ । यस्ता कार्यक्रममा देखिएको जनसहभागिता र जन चासोलाई मध्यनजर गर्दै आगामी

दिनमा आत्महत्याका घटनामा कमी आउने अपेक्षा नेपाल प्रहरीले राखेको छ ।

हुन त प्रहरीको एकल प्रयासबाट मात्र आत्महत्यामा ह्वात्तै कमी आउने भन्ने हैन । त्यसको लागि समुदायस्तरमै आम मानिसमा सकारात्मक सोचको विकास गराउने कार्य हुनु जरूरी छ । खास गरेर आत्महत्याको घटनामा मानसिक स्वास्थ्य कतै न कतै जोडिएकोले मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई तत्काल पहिचान गरी उचिन उपचार र परामर्शको व्यवस्था हुनु जरूरी हुन्छ ।

अर्को कुरा परिवार र समाजमा रहेका आफन्त र साथीभाइको गतिविधि निग्रानी गर्ने एवम् फरक र निराशाजनक व्यवहार देखाउने व्यक्तिका साथै सामाजिक आर्थिक एवम् पारिवारिक समस्याबाट गुज्रिरहेका व्यक्तिको पहिचान गरी त्यस्ता व्यक्तिलाई उचित परामर्श सल्लाह र सहयोगको तत्परता देखाउने कार्य गर्न सकियो भने मात्र पनि आत्महत्या न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ । अर्को कुरा मानिस आफैंमा खुसी र सुखी हुने हो कुनै पनि व्यक्तिले आफूले महसुस नगर्ने हो भने संसारका कुनै पनि कुराले व्यक्तिलाई खुसी र सुख दिन सक्दैन भन्ने कुरालाई मनन गराउन सकियो भने पनि आत्महत्यामा कमि आउन सक्छ । ♦

## गीत



✍ **दिपकराज विश्वकर्मा**

सास मैले देखेको छैन
यदि हुन्छ भने, त्यो मेरो तिमी हौ
धड्कन यही हो भन्छन्
यदि हुन्छ भने, त्यो मेरो तिमी हौ
ओ.... माया तिमी त मेरो सबथोक हौ

मेरो कोही छ भने त्यो तिमी हौ
मेरो केही छ भने त्यो तिमी हौ
फुल यही हो भन्छन् मेरो लागि तिमी हौ
जुन त्यही हो भन्छन् मेरो लागि तिमी
ओ.... माया तिमी त मेरो सबथोक हौ

मेरो सपना भन्नु तिमी हौ
मेरो कल्पना भन्नु तिमी
मेरो लक्ष मेरो सारा जीवन तिमी हौ
ओ.... माया तिमी त मेरो सबथोक हौ

नियात्रा

# तातोपानी यात्राको चिसो गन्थन



✍ घनबहादुर थापा

'खै दोधारमा पो परियो, म सोधेर आउँछु है !' यति भनेर म गाडीबाट फुत्त ओर्लिएँ ।

मुस्ताङको मुक्तिनाथ मन्दिर दर्शन सकेर २०७८ चैत १८ गते दिउँसो हामी म्याग्दीतर्फ फर्किंदै थियौं । धुलौटे कच्ची बाटोको कारण गाडी स्पीडमा थिएन । आजको लक्ष्य म्याग्दीको तातोपानी पुग्ने थियो । म्याग्दी सदरमुकाम बेनी पुगेर पश्चिम लागेपछि तातोपानी कुण्ड पुगिन्छ भन्ने थाहा थियो । तर बिच बाटोमै 'भुरूङ तातोपानी म्याग्दी' लेखेको साइनबोर्ड देखिएपछि दोधारमा परियो ।

'ओहो, तातोपानी त आइसक्यो कि क्या हो ? कतै यहीं त हैन ? मनमा आशङ्का उब्जियो । यही आशङ्का मेटाउन आवश्यक भयो र, सोधपुछ गरी निश्चित हुनु नै पऱ्यो । गाडीबाट ओर्लिने बित्तिकै नजिकैको प्रहरी चौकी अगाडि एक जना सई साहेब देखिए । मेरा पाइला त्यतै बढे ।

'कुन चाहिँ तातोपानी जाने ?' मेरो जिज्ञासामा सई साहेबले उल्टै प्रश्न गरे । अब कुन जाने भन्ने ? त्यही नबुझेर, दोधारमा परेर त सोध्न लागेको ! म केही अकमकिएपछि उनले प्रष्ट पारे, 'यहाँ १२/१४ वटा तातोपानी कुण्ड छन् । ती मध्ये सिङ्गा तातोपानी र भुरूङ तातोपानी कुण्ड प्रख्यात छन् ।'

अहो यति धेरै कुण्ड ? झन् दोधार थपियो ।

भुरूङ तातोपानी पर्यटकीय दृष्टिकोणले बढी राम्रो रे । पर्यटकीय स्थलका रूपमा विकास गरिएपछि यहाँ घुइँचो हुन थालेको रे । पर्खालले घेरिएर व्यवस्थित पारिएपछि तीर्थाटन पर्यटकको ओइरो लाग्न थालेछ । उता सिङ्गा तातोपानी प्राकृतिक चिकित्सालयका रूपमा विकसित भएछ । विकास नै विकासका कुरा सुन्दा लाग्यो देश विकासको श्रीगणेश म्याग्दीबाटै सुरू भएछ । जानकारी यस्तै यस्तै थुप्रै पाइयो ।

'सिङ्गा तातोपानी यस अघि पनि गएको हुँ । अहिले बेनी बजारदेखि २३

किलोमिटर यता आएको बेला भुरूङको स्वाद चाखौं न त!' मनमा नयाँ आइडिया पलायो । फेरि भुरूङ तातोपानी स्वास्थ्य, पर्यटन र मनोरञ्जनको हव पनि भन्छन् । यही बेला हो पृथक अनुभव बटुल्ने । थकाइ मेटाउन घण्टौं कुण्डमा डुबुल्की मार्छन् रे पर्यटकहरू । हामी पनि थाकेका छौं । मुक्तिनाथ यात्राको थकाइ पनि कतै यही पानीले निमिट्यान्न पारिदिन्छ कि ! आशाको त्यान्द्रो बढ्दै गयो । आजको रात यतै बसेर भुरूङ तातोपानीको मज्जा लिने विचार एक्कासि पलायो ।

तर यो आइडियाले केही छिनमै काम दिएन । कारण मुस्ताङ गएर फर्किनेहरूले भुरूङका सबै होटलहरू भरिएछन् । 'अब कहाँ बस्ने ?' साँझ पर्न लागि सक्यो । बासको प्रश्न उठ्यो । मुक्तिनाथबाट फर्किनेहरूको भिड र होटलको क्षमताबारे पूर्वानुमान लगाउन नसक्नु अर्थात नलगाउनु ठूलो भुल ठहरियो । यताउताको प्रयत्न पछि पनि बास नपाउने पक्का भयो ।

अब दोस्रो विकल्प बेनीबजार जाने रह्यो । त्यहाँ त प्रशस्तै होटल र लजहरू छन् । त्यही पुगेर बास बस्ने र भोलि उतैबाट सिङ्गा तातोपानी जाउँला। हामी बिच आन्तरिक कुरा भए । भुरूङ तातोपानीको सपना यत्तिकै सेलायो । चालकले गाडी अगाडि बढाए । 'अब विरहको गीत लाउनुस् गुरूजी !' पूर्ण पराजुली कड्किए ।

करिब दुई किलोमिटर हिँडेपछि पोखरे बगर पुगियो । खै यता होटल पाइन्थ्यो कि ! कुनै ख्याल राखिएन । करिब १८ किलोमिटर छिचोल्दा गलेश्वर पुगियो । सिमसिम पानी परिरह्यो, यात्रा जारी रह्यो । रात छिचोल्दै पुगियो बेनीबजार । बेनीका भिलीमिली बत्तीहरूले काठमाडौं पुगेको छनक दिए । दुई/चार वटा होटल र लज चाहरेपछि थाहा भयो, बेनीबजारको फराकिलो क्षेत्रले पनि मुक्तिनाथका पाहुनाको चाप थाम्न नसकेर आफै छट्पटिएको रहेछ । हामीलाई छहारी के दिन्थ्यो र ?

'अब के गर्ने ?' बस्ने कि जाने पर्वततिर । पुनः हामीलाई दोधारले घेर्‍यो । अब तातोपानीमा स्नानको तिर्खा घरमै पुगेपछि चिसोपानीमै नुहाएर मेटौंला' टोलीले छड्के कुरा गर्न थाले ।

मन चिसो भयो । बिहानै होटल बुकिङ नगरेकोमा पछुताउ भयो । तै पनि 'कसो नपाइएला र ?' हिम्मत भने हारिएन । अरूलाई गाडीमै राखेर सावित्रीजी र म लाग्यौं बजार चाहार्न । सबैले 'छैन', भन्दै मुन्टो हल्लाए । एक होटलवाला अलि दयावान् रहेछन् । एउटा कोठा त खाली नै छ । तर सबै बस्न पुग्दैन । त्यो कोठा र किचनमा मिलेर बस्नुहुन्छ भने बस्नुस् । किचन पनि फराकिलो

छ । पोहोर साल पनि एउटा ग्रुप यसरी नै बसेका हुन् ।' अप्ठेरोको समाधान त हो तर मन मानेन । अर्को एक जना होटलवालाले खाना खाने ठाउँका कुर्ची हटाएर सुत्नु हुन्छ भने व्यवस्था गर्ने बताए । त्यो पनि झन् दुःख लाग्दो ठहर भयो । सबै मौकाकै ताकमा हुने रहेछन् । जसरी हुन्छ पैसा कमाउने ।

केही सीप नलागेपछि बेनी बसपार्कमा कार्यरत 'एकजना मित्र'लाई गुहारियो । उहाँले दुई/चार वटा होटलमा फोन गर्नुभयो । एउटा खाली कोठा भएको होटल साहुजी पनि त्यही आए । भर्खरै देखेको मान्छे पो रैछन् । छक्क परे ।

बेनी खोला वारी म्याग्दी र पारीपट्टी पर्वत जिल्ला पर्ने रहेछ । अन्त्यमा मित्रले रातको अन्धकारमा टर्चलाइट बालेर झोलुङ्गे पुल तराउनु भयो । एउटा अँध्यारो घरभित्र छिराउनु भयो । रातको नौ बजिसकेको थियो । मान्छे सुतिसकेका रहेछन् । उठाएर खाना बनाउने वातावरण बन्यो । पाहुना नपाएर बन्द भएको होटल रहेछ त्यो । सफाइ शून्य, ओढ्ने लुगा गनाएर हैरान । बाध्यताको बसाइं भएकोले निद्राले दुर्गन्ध चिनेन र मात्रै निदाउन पाइयो । नत्र रातभर जागा बस्नुपर्ने अवस्था थियो ।

साँझ निकै उदार देखिएकी होटल साहुनी बिहान त साँढ झै व्यवहार गरिन् । तीर्थव्रत, धर्मकर्मको यात्रा भएकोले नाइनास्ती नगरी भनेजति पैसा दिई हिँडियो । यस्तो बेला नवआगन्तुकसँग जति ठग्न सकिन्छ ठग्ने भन्ने व्यापारी मान्छेको मानसिकता हुँदो हो जस्तो लाग्यो । नयाँ ठाउँको यात्रामा जाँदा सचेत हुन तथा खाने र बस्ने ठाउँको सुविधा र मूल्य पूर्व निश्चित गरी मात्र बस्नुपर्ने रहेछ भन्ने शिक्षा पनि पाइयो ।

बिहानै चिया पिएर सिङ्गा तातोपानीतर्फ हिँडियो । दुई वर्ष पहिला जाँदा सडक कच्ची थियो । अहिले पक्की भएछ । कतै त मर्मत पनि हुँदै थियो । सरर नौ किलोमिटर कुदेपछि गाडी रोकियो ।

सडकबाट केही ओरालो झरेपछि आउँछ कुण्ड । दुई पाइला हिँड्न नपाउँदै एउटी हिसी परेकी महिला आएर भनिन्, 'लौ दाइ कट्टु किनेर लैजानुस् । कुण्डमा डुबुल्की मार्न अनिवार्य किन्नु पर्छ ।'

'अनिवार्य चाहिँ किन नि !' हाम्रा कान ठाडा भए । मैले त कट्टु उतैबाट ल्याएको छु । फेरि किन किन्ने ? कतै व्यापार बढाउने दाउ त हैन ! शङ्का उपशङ्का उब्जिनु स्वभाविकै थियो । पहिले 'अनिवार्य' भनेकी ती महिला हाम्रो तर्कदेखि दिग्दार भइछन् कि के हो ?

'खोई कस्तो कट्टु ल्याउनु भएको छ हेरौं त' भनिन् ।

झोलाबाट कट्टु झिकेर देखाएपछि उनको प्रतिकृया थियो, 'यो लगाए त हुन्छ । तपाईंले किन्नु पर्दैन ।' खासमा कुण्डमा नुहाउन आउनेहरूले छोटा-छोटा लुगा लगाएर विकृति फैलाउन थालेपछि तातोपानी कुण्ड व्यवस्थापन समितिले घुँडामुनीसम्म आउने कट्टु लगाउनुपर्ने नियम बनाएको रहेछ । नजिकै समितिको सूचनामा लेखिएको थियो, 'कुण्डमा प्रवेश गर्दा महिलाले बन्दी (स्याण्डो) तथा लामो कट्टु र पुरूषले लामो कट्टु लगाउन अनिवार्य छ ।' तर व्यापारीहरूले 'अनिवार्य' किन्नुपर्छ भन्दै बाटोमै छेक्न आएपछि उठेको झोक बल्ल शान्त भयो ।

कुण्डमा बिरामी लक्षित पूर्वाधार विकास गरिएको रे ! '१२ दिनदेखि लगातार कुण्डमा डुब्दै आएको छु', एक जना दाजुले खिस्स हाँसेर सुनाए । रोगव्याधी निको पार्ने हिसाबले पो मान्छेहरू बढी विश्वास गर्दा रहेछन् यता । बोकेर ल्याएका बिरामी हिंडेर फर्केका छन् रे, उनले सुनेको कुरा हामीलाई सुनाए ।

यत्ति जानकारी पाएसी प्रष्ट भयो । निश्चित प्रकृया पूरा गरी तोकिएको दिनसम्म नुहाएपछि धेरै रोग निको हुन्छ रे । वाथ, ढाड तथा घुँडा दुख्ने, युरिक एसिड, स्क्रिन एलर्जी, ग्याष्ट्रिक, गानोगोला, चर्मरोग चट्टै । एक पटकमा तीन सय जनाले प्रतिव्यक्ति ३५० रूपैयाँ तिरेर नुहाउनेको घुइँचो देखेर यस्तै चट्टैका अनुमान लगाउन सकियो । उता कुण्ड बाहिरको तातोपानीमा निःशुल्क नुहाउनेको भिडले यै अनुमानलाई झन् पुष्टि गर्दैछ !

ओरालो बाटो झर्दै गयौं । बाटोमा कुण्ड छिर्नेहरूको लाइन रहेछ । अगाडि काउन्टरसम्म पुग्दासम्म लाइनले छोडेन । केहीबेर वातावरण नियाल्यौं । 'झट्टै टिकट लिनु भयो भने महिला जति यही टोलीमा छिर्न पाउनुहुन्छ । त्यसपछि अर्को ग्रुपमा पुरूष जान पाइन्छ' काउन्टरवालाले भने । हाम्रो महिला टोलीले नाक खुम्चाए । खाली रहेछ, त्यही बेला। मौका छोपी कुण्डभित्रै छिरेर अवलोकन गरे । फोटो पनि लिइहाले । अनि भने, 'भो भयो, हामी त स्नान नगर्ने !'

पुरूष टोलीको पारा पनि उही । कुण्डमा नुहाए रोगव्याधी निको हुन्छ भन्ने सन्देश गौण बन्यो । मनोरञ्जन हुन्छ भन्ने तर्कले पनि अनुहार उज्यालिएन । 'भर्खर भित्र गएर हेरेको हैन, के छ र त्यहाँ !' प्रतिकृया यस्ता पो आए । 'टाढाबाट दुःख खर्च गरेर आइयो । एक पटक स्नान गरी हेरौं न त' भन्ने भावनाको बीउ पनि कसैले रोपेन । सुन्दर तातोपानी कुण्ड नजिकै छ तर मन चिसोचिसो हुँदै गयो ।

तल मुहानको तातोपानीले मन

खिच्यो । सबै जना उतै नजर डुलाए । बाहिरपट्टीका धारामा गएर नमःनमः गर्दै पानी छर्के । तातो पानी र मुस्कान छरेका तस्विर कैद भए । लौ पुग्यो बा तातोपानीको तातो रहर । नबोलेरै सायद मनमनै यसै भन्दै थिए हाम्रा टोलीका सबै जना ।

'के थिए र हामीलाई चिसो पार्ने तत्व ?' मेरो भने मनभित्र खुलदुली मच्चियो । टिकटदर ? कट्टु खरिद ? फर्किने हतार ? समय धेरै लाग्नु ? डुब्ने रहर नहुनु ! अथवा विश्वास ? जे सोचे पनि चित्त बुझ्दो कारण देखिएन । स्वभाव यस्तै भए पछि के गर्ने ? हाम्रो तातोपानी यात्रा चिसैमा सकिने सम्भावना बढ्यो । चिसै हात फर्किने निश्चित भयो ।

'चालक भाइ खोई ?' पूर्ण बहादुर भिनाजु जुर्मुराउनु भयो । तीर्थयात्री टोलीलाई त खानाको ख्याल आउने कुरै भएन । चालक विचरा यसो फुर्सद पाएको बेला रेष्ट्ररेन्टमा छिरेछन् । केही समयमा फर्किए ।

'लौ छिटो जाम् । उता घर (स्याङ्जा) पुग्न ढिला हुन्छ !' महिला टोलीले चालकलाई आदेश दिए । गाडी स्टार्ट भयो । सरर अगाडि बढ्ने बेलामा गाडीको झ्यालबाट हेर्दा तातोपानी कुण्ड ओझेल पर्दा नपर्दै तातोपानीको चिसो यात्रा ओझेलमा पऱ्यो । तातोपानी कुण्ड नजिकै खोला थियो । त्यही खोलासँगै हाम्रो तातोपानीमा डुब्ने रहर पनि बग्यो । हामी भने स्कारपियोमा हुँइकियौं ।

स्मरण रहोस्, म्याग्दीको बेनी नगरपालिका वडा नम्बर ४ स्थित सिङ्गा तातोपानी सदरमुकाम बेनी बजारबाट करिब ९ किलोमिटर र मुक्तिनाथ जाने बाटोपट्टी पर्ने भुरूङ तातोपानी २३ किलोमिटर टाढा छ । यहाँ बस, ट्याक्सी, जीप आदिबाट जान सकिन्छ । ♦

## गजल



✍ **टिकाराम दुलाल**

हुरी चल्दछ घरी घरी
आँसु हुन्छ आखा भरी

मनको घाँउ देखिदैन
र बहाना पार्छु थरी थरी

भौतारिदैछु यताउती
न घाम छ न छ झरी

खुसी हुन्छु चक्षु चिम्लि
खोल्दा रित्तो वरिपरी

अरूको अगाडि सधैं
हासी दिन्छु मरी मरी

छुटिदैन जीवनको
गोधुली र विभावरी

# अदालतमा दायर हुने रिट निवेदन र लिखित जवाफ पेश गर्दा ध्यान दिनुपर्ने कुराहरू



✍ प्र.व.ना.नि. सुरेश कुमार हायु

## १. पृष्ठभूमि

रिट भनेको कुनै विषयमा न्यायिक निकायले कुनै काम गर्न वा नगर्नका लागि कुनै व्यक्ति वा निकायलाई दिइने आदेश हो । अर्को शब्दमा न्याय सम्पादनको कार्य आफ्नो अधिकारक्षेत्र भित्र रही वैधानिक रूपमा गर्नु पर्दछ भनी अधिकार प्राप्त अधिकारी वा निकायले तल्लो निकाय वा अधिकारीलाई गर्ने निर्देशन हो । यसले न्याय सम्पादनलाई वैधानिक र उचित बनाउँदछ । अदालतले रिटको माध्यमबाट असाधारण अधिकारक्षेत्रको प्रयोग गरी संविधानसँग बाझिएको कानून अमान्य घोषित गर्ने, संविधान प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएमा त्यस्तो हकको प्रचलन गराउने, अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको गर्न आवश्यक र उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने र त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने गर्दछ । नेपालको संविधान अनुसार देहायको अदालतलाई रिट सुनुवाइ गर्ने अधिकार प्रदान गरिएको छ ।

### (क) सर्वोच्च अदालत

नेपालको संविधानको धारा १३३ ले सर्वोच्च अदालतलाई रिट जारी गर्न सक्ने असाधारण अधिकारक्षेत्र प्रदान गरेको छ । संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून सो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले

बनाएको कुनै कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएमा त्यस्तो कानून वा यसको कुनै भाग बदर घोषित गरी पाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा सो कानूनलाई प्रारम्भ देखि नै वा निर्णय भएको मिति देखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुन्छ । संविधानतः सर्वोच्च अदालतले अधिकारपृच्छा, उत्प्रेषण, परमादेश, प्रतिषेध र बन्दी प्रत्यक्षीकरण तगायतको ५ (पाँच) किसिमको रिट जारी गर्न सक्ने प्रावधान रहेको छ ।

**(ख) संवैधानिक इजलास**

नेपालको संविधानको धारा १३७ मा सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहेने व्यवस्था रहेको छ । सो इजलासले संविधानको धारा १३३ को उपधारा (१) बमोजिम परेको निवेदनका अतिरिक्त संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद सम्बन्धी मुद्दा तथा संघीय संसद वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद र संघीय संसदका सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यता सम्बन्धी मुद्दा समेत हेर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएमा त्यस्तो मुद्दा संवैधानिक इजलास हेर्ने गरी प्रधानन्यायाधीशले तोक्न सक्ने व्यवस्था रहेको छ ।

**(ग) उच्च अदालत**

नेपालको संविधानको धारा १४४ मा उच्च अदालतको अधिकार क्षेत्र उल्लेख गरिएको छ । जस अनुसार संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ भन्ने व्यवस्था रहेको छ । उच्च अदालतले मौलिक हकको प्रचलन गराउन तथा सार्वजनिक सरोकारको विवाद निरूपण गर्न अधिकारपृच्छा, उत्प्रेषण, परमादेश, प्रतिषेध, बन्दीप्रत्यक्षीकरण लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्दछ ।

**(घ) जिल्ला अदालत**

नेपालको संविधानले जिल्ला अदालतलाई मुख्यतः संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक

आफ्नो अधिकारक्षेत्र भित्रका जुनसुकै प्रकृतिका मुद्दाको सुरू कारबाही र किनारा गर्ने र बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञा लगायतको रिट दर्ता गरी उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेको छ ।

**२. रिटका किसिमहरू:-**

संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएमा वा त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएमा वा कुनै कानून संविधानसँग बाझिएमा रिटको माध्यमबाट उपचार खोजिन्छ । यस्तो रिट मुख्यतः रिट पाँच किसिमका हुन्छन् ।

**क) अधिकारपृच्छा(Quo warranto)**

अधिकारपृच्छा अदालतको स्वविवेकमा जारी गरिने रिट मानिएको छ । निषेधाज्ञा जारी गर्दा अनुशरण गर्ने सिद्धान्तलाई अधिकारपृच्छाको रिट जारी गर्दा साधारणतया अपनाइने गरिन्छ । कुनै न्यायिक वा अर्धन्यायिक निकाय वा कुनै सार्वजनिक अधिकार पाएको व्यक्तिले अधिकार क्षेत्रको अभावमा कुनै काम कारबाही वा निर्णय गरेमा त्यस्तो काम वा निर्णय गर्ने अधिकार कसरी प्राप्त भयो र कुन कानून अन्तर्गत त्यस्तो गरियो भनी जवाफ माग गरी जारी भएको रिट आदेशलाई बुझ्नु पर्ने हुन्छ । समग्रमा अनाधिकृत रूपमा कसैको अधिकार स्वतन्त्रता वा पद खोसिएमा वा प्राकृतिक न्यायको सिद्धान्त विपरीत निर्णय भएमा पनि अदालतले यो रिट जारी गर्छ ।

**ख) उत्प्रेषण(Certiorari)**

कुनै पनि सार्वजनिक संस्था वा निकायले आफूलाई क्षेत्राधिकार नभएको विषयमा वा अधिकारक्षेत्र भन्दा बढी कार्य गरेकोमा वा प्राकृतिक न्यायको सिद्धान्तको विपरीत भई मिसिलबाट प्रत्यक्ष गल्ती भएको देखिएमा, मौलिक अधिकार वा अन्य कुनै संवैधानिक व्यवस्थाको हक हनन् भएमा उत्प्रेषण रिट निवेनदन दिन सकिन्छ । आफ्नो क्षेत्राधिकार नाघेर वा क्षेत्राधिकार नभई कुनै प्रशासनिक वा अर्धन्यायिक वा तल्लो न्यायिक निकायले गरेको निर्णय गैर कानूनी र बदरभागी भएमा उत्प्रेषणद्वारा त्यस्तो निर्णय बदर गरिन्छ । त्यस्तै न्यायिक वा अर्धन्यायिक निकायले निर्णय गर्दा कानूनमा तोकिएको कार्यविधि पालन भएको छैन भने अथवा निर्णय गर्ने अधिकारीले बदनियत राखी निर्णय गरेमा उक्त निर्णय त्रुटिपूर्ण छ भन्ने कुरा सम्बन्धित मिसिलबाट देखिएमा पनि उत्प्रेषणको रिट जारी हुन्छ ।

**ग) परमादेश(Mandamus)**

मौलिक अधिकारको संरक्षण गर्न संवैधानिक परिधिलाई स्थिर राख्न, सार्वजनिक कर्तव्य पालन गराउन,

कानूनबमोजिम गर्नुपर्ने कर्तव्य पालना नगरेमा सो गराउन परमादेशको रिट निवेदन दिन सकिन्छ । परमादेशको कार्यक्षेत्र जतिसुकै फराकिलो भए पनि यसको उद्देश्य कुनै खास काम गर्नका लागि आदेश दिने भएकोले त्यही आदेशको परिधिसम्म मात्र सिमित हुन्छ । वास्तवमा क्षेत्राधिकार नभई वा भएको अधिकारभन्दा बढी अधिकार प्रयोग गरी काम गरेको अवस्थामा परमादेश जारी हुन्छ ।

**घ) प्रतिषेध(Prohibition)**

कुनै न्यायिक वा अर्धन्यायिक निकायले आफ्नो अधिकारक्षेत्र बाहिर गई काम गर्न लागेको देखिएमा सो गर्न लागेको कार्य रोक्न प्रतिषेधको आदेश जारी गरिन्छ । संविधानको व्यवस्थाको अधिनमा रही सो संविधानद्वारा प्रदत्त हकको प्रचलनका लागि वा अन्य; उपचारको व्यवस्था नगरिएको भए तत्काल प्रचलित अन्य कानूनद्वारा प्रदत्त हकको प्रचलनको लागि प्रतिषेधको आदेश जारी रिट दिन सकिन्छ ।

**ङ) बन्दीप्रत्यक्षीकरण(Habeas corpus)**

अनाधिकृत वा गैर कानूनी रूपमा कुनै व्यक्तिलाई थुनामा राखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरण रिट जारी गरिन्छ । यस रिटले कुनै व्यक्ति गैर कानूनी रूपमा थुनामा परेको हो वा होइन भन्ने मात्र हेर्छ । अनाधिकृत ढङ्गले वा अधिकार नपाएको व्यक्तिले वा कानूनले तय गरेको कार्यविधि नपुऱ्याई गैर कानूनी रूपमा कुनै व्यक्तिलाई बन्दी बनाइएको छ भने अदालतले त्यस्तो व्यक्तिलाई थुना मुक्त गर्ने दिने आदेशलाई बन्दीप्रत्यक्षीकरण भनिन्छ ।

**३. म्याद र म्याद तामेली प्रकृयाः-**

अदालतमा मुद्दा परेको व्यहोरा खुलाई सो मुद्दाका सम्बन्धमा आफ्नो भनाई राख्नको लागि निश्चित अवधि भित्र सबुद प्रमाण सहित अदालतमा उपस्थित हुनु भनी विपक्षीको नाममा जारी गरिने सूचनालाई म्याद र उक्त सूचना बुझाउने प्रकृयालाई म्याद तामेली भनिन्छ । साधारणतया निवेदन र निवेदनमा उठान गरिएका विषयवस्तु, निवेदनको प्रकृति र त्यसको गम्भीर्यता अनुसार म्यादहरू २१ दिने, १५ दिने, ७ दिने, ३ दिने र २४ घण्टे हुन्छन् । यो म्याद विपक्षीउपर निवेदन परेको सूचना पाएको मितिबाट सुरू हुने गर्दछ ।

**४. अदालतबाट तामेल भएको म्याद कसले बुझ्नेः-**

अदालतबाट विपक्षीहरूको नाममा तोकिएको म्याद भित्र लिखित जवाफ पेश गर्नु होला भनी जारी गरिएको म्याद सूचना रिटमा विपक्षीको महलमा उल्लेखित व्यक्ति, अधिकारी वा अख्तियार प्राप्त सम्बन्धित अधिकारीले मात्र बुझ्नु

पर्दछ । विपक्षीको महलमा उल्लेख गरिएको कार्यालय वा व्यक्तिको नाम थर नमिलेमा वा सरूवा भई अन्यत्र गएमा मा अवकाश भएमा सोही व्यहोरा उल्लेख गरी म्याद फिर्ता गरी दिनु पर्दछ ।

**५. अदालतबाट तामेल भएको म्याद गुज्रेमा के गर्नेः-**

काबु बाहिरको परिस्थिति वा कार्यालयको कार्यव्यस्थताको कारणले अदालतमा पेश गर्नुपर्ने लिखित जवाफ तोकिएको समय भित्र वा मितिमा फिराउन नसकी म्याद गुज्रेको अवस्थामा काबु बाहिरको परिस्थिति हेरी फरक फरक गुज्रेको म्याद थाम्न सकिने व्यवस्था गरिएको छ । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५५(१) मा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन भए बढीमा ७ (सात) दिन र अन्य रिट निवेदन भए बढीमा १५ (पन्ध्र) दिन गुज्रेको म्याद थामी लिखित जवाफ पेश गर्न सकिने व्यवस्था रहेको छ । यसरी म्याद गुजारी लिखित जवाफ पेश गर्नु पर्ने अवस्था भएमा लिखित जवाफको साथमा गुज्रेको म्याद थाम्ने निवेदन पनि पेश गर्नु पर्दछ । तर गुज्रेको म्याद थप गर्ने म्याद तारेख गुजारेमा पुनःथाम्न पाइने छैन ।

**६. लिखित जवाफ बुझाउँदा ध्यान दिनु पर्ने कुराहरूः-**

अदालतबाट रिट निवेदनको लिखित जवाफ पेश गर्ने म्याद प्राप्त भए पश्चात मागबमोजिम आदेश जारी हुन नपर्ने आधार र कारण उल्लेख गरी म्याद सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेको तोकेको समय भित्र आफूसँग भएका प्रमाण कागजात समेत साथै राखी सरकारी कर्मचारी भए महान्यायधिवक्ताको कार्यालय, उच्च सरकारी वकिल कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय (रिट दर्ता भएको अदालत अनुसार) मार्फत र अन्यको हकमा स्वयम् वा कानूनबमोजिमको वारेस मार्फत लिखित जवाफ पेश गर्नु पर्दछ । लिखित जवाफ प्रस्तुत गर्दा निम्न कुरामा ध्यान दिनु पर्दछः-

- लिखित जवाफ Unicode मा टाइप गर्नुपर्ने र लिखित जवाफको साथमा त्यसको विद्युतीय प्रति (CD) पनि संलग्न गर्नुपर्ने अथवा अदालतको Email ठेगानामा पठाई सो कुरा पत्रमा उल्लेख गर्ने ।
- म्याद बुझेको मितिले आदेशमा उल्लेखित म्याद भित्रै अदालतमा दाखिला हुने गरी सरकारबाट प्रतिनिधित्व हुनेमा सम्बन्धित कार्यालय मार्फत र व्यक्तिको हकमा स्वयम् उपस्थित भई वा कानूनबमोजिमको वारेश मार्फत लिखित जवाफ प्रस्तुत गर्ने ।

- म्याद नाघेमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५५, उच्च अदालत नियमावली, २०७३ को नियम ४९ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ३८ बमोजिम म्याद तारेख थाम्ने निवेदन समेत प्रस्तुत गर्नु पर्नेछ । पुनः म्याद तारेख गुजारेमा थाम्न पाइने छैन ।
- लिखित जवाफ ३ पेज भन्दा बढी भएमा सोही ढाँचामा २ पेजमा नबढाई लिखित जवाफको सारसंक्षेप साथै प्रस्तुत गर्नु पर्नेछ ।
- प्रमाण कागजहरू भएमा स्पष्ट बुझिने प्रतिलिपि समेत संकलन गरी प्रस्तुत गर्नु पर्नेछ ।
- कानून रित पुऱ्याई म्याद भित्रै सम्बन्धित अदालतमा दाखिल हुने गरी लिखित जवाफ पठाउनु पर्नेछ । ♦♦

**लघुकथा**

# बाल अधिकार



✍ **ममता मृदुल**

स्कुल अगाडि धेरै भिड छ । नारा लगाइरहेका केटाकेटीलाई देखें । के भएको रहेछ भनेर भिडलाई छिचोल्दै परें । विवश सरलाई कारबाही गर भनेर अभिभावक चिच्याइरहेका थिए ।

माइक बोकेको केटाको छेउमा गएँ । मलाई पनि बोल्न दिनु ल भाइ भने । खुसी भयो । हुन्छ दिदी, एक छिन पछि तपाईंको पालो आउँछ । कुरा के रहेछ बुझें ।

मेरो पालो दुई जना पछि आयो ।

शिक्षकले काँचो माटोको डल्लोलाई आकार दिनुपर्छ । इमानदार बन्न सिकाउनु पर्छ । देशका कर्णधार जन्माउने शिक्षक हुनुपर्छ । सबैको गल्ती क्षमा गर्न सक्नुपर्छ । भिडबाट परर ताली बज्यो । सर कै दोष हो । कुटेर पढाउन मिल्दैन । गाली गर्न पाइदैन । बाल अधिकार थाहा हुनुपर्छ ।
अभिभावक सबै एकैखाले हुँदैनन् ।

पटक्कै पढ्न नमान्ने कसै गरी सुधार्न नसकेको मेरो छोरा जसलाई बाल अधिकार भन्ने थाहा भएको भए आज सफल सर्जन कहाँ हुन्थ्यो विवश सर ? पररर बजेको तालीसँगै भिड तितरबितर भयो ।

लघुकथा

# दुलहाजी



✍ **राजबाबु श्रेष्ठ 'सागर'**

राममाया छोरीको विवाहको कारण निकै चिन्तित् थिइन् । उनी साठ्ठी कटिसकेकी थिइन् । केटा खोज्दाखोज्दा हैरान् भएकी थिइन् । छोरी पनि तीस वर्ष पुगिसेकेकी थिई । तर जति केटाहरू आए पनि उनकी छोरीलाई कसैले विवाह गर्न मान्दैनन् थिए । कारणः राममायाकी छोरीलाई विवाह गर्नु भनेको राममायालाई पाल्नुसँगै दुलहाजी बस्नुपर्थ्यो । तर कोही दुलहाजी बस्न मान्दैनन् थिए ।

एक दिन लमीबाजेले एउटा केटा लिएर आए राममायाको घर । छोरीले भान्साबाट चिया बनाई लिएर आई ।

लमीबाजे र केटाले चिया लिए । राममायाले पनि चियाको कप समातिन् । छोरी गएर राममायाको छेउमै ढेस्सिएर बसी ।

"बाबु, यिनै हुन् मेरी छोरी फूलमाया । नाम जस्ती मान्छे नि फूलजस्ती छिन् । यी घर वरिपरिका आँखाले भ्याउनेजति बारीखेत गरी सय रोपनी सबै मेरै हुन् ।" उनले चियाको सुर्को लगाउँदै दायाँ हातले देखाउँदै भनिन् । "मेरो बारेमा त सबै भन्नुभएकै होला बाजेले, हैन र, बाजे ?" राममायाले सोधिन् ।

"हजुर ! मैले सबै भनिसकेको छु । केटा देखिहाल्नुभो ।" लमीबाजेले भने ।

"अनि ! बाबुको उमेर कति नि ?" राममायाले केटालाई सोधिन् ।

"पैंतीस। "

"ए !"

राममाया खुसी भइन् । फूलमाया पनि खुसी भई ।

"लौ ! छोरी, बाबुलाई तेरो कोठा लिएर जा र कुराकानी गर् ।" छोरीलाई भनिन् राममायाले ।

फूलमाया उठी र केटालाई "आउनुस" भन्दै इसार गर्दै कोठातिर छिरी । केटा पनि फूलमायापछि लाग्यो ।

एकछिनपछि कोठाबाट दुवै जना मुस्कुराउदै निस्के ।

"केटी मन पर्‍यो त बाबु ?"

लमीबाजेले सोधे ।

"मन पऱ्यो।" भन्दै केटाले थप कुरा राख्यो । "मेरो बारेमा पनि जान्न जुरुरी छ हजुरहरूलाई । मेरा कोही छैनन् । म टुहुरो हुँ । जसले मलाई पढाए लेखाए उनीहरू पनि पहिरोले पुरिएर मरे । खेतबारी सबै बाढीपहिरोले बगर बनाए । म दुलहाजी बन्न तयार छु ।"

"बाबु, हामी छौं । म पनि आमा नै हुँ । बाबुलाई छोरो नै स्वीकार्छु ।" राममायाले यति भन्दै केटा र छोरीलाई अँगालिन् र आँसुका ढिका झार्दै रुँदै भनिन्, "तिमी दुलहाजी हैनौ, मेरो भाग्यमा छोरो भएर आयौ । नत्र त मलाई पाल्नुपर्छ भनेर कसैले मेरी छोरीलाई विवाहा नै गरेनन् ।" ♦

लघुकथा

# व्यावसायीकरण

✍ **माधव बिडारी 'चेतनपथ'**



"लेखकलाई सम्मान गर्नुपर्छ, लेखन बिजनेसको रूपमा आउनुपर्छ । यसले लेखक र साहित्य दुवैको उत्थान हुन्छ ।" एकजना अभियन्ताले कानेखुसी गर्नुभयो । हो ! कति छाक कटाएर किताब छाप्नु ! यस्तो लाग्नु स्वभाविक थियो । "के गरौं त ?" मैले प्रश्नले घोचें ।

"तपाईं मेरो मातहतबाट आएका मान्छेका मात्रै समीक्षा लेख्नु । म एक जनाबाट पाँच हजार लिन्छु । दुई मेरो तीन तपाईंको" उहाँले प्रस्ताव गर्नुभयो । हो त । निन्द्रा मारेर सित्तैमा लेख्नुभन्दा यो राम्रो तरिका लाग्यो मलाई । हामी बिच भद्र सहमति भयो ।

धमाधम समीक्षा लेख्न थालें । पैसो पाउँदा जाँगर दुगुना हुँदोरहेछ । अलि पछि आफूले समीक्षा लेखेका केही लेखकसँग भेट पनि भयो । केही कुरा भए । केही खिन्नता भयो पनि । "म सिङ्गै खान्न बाले आधा, आमाले आधा दिए हुन्छ ।" कथाको एउटा शब्द सम्झिएँ । बिस्तारै मेरो चर्चाको दायरा अझै फराकिलो भयो । अचानक एक दिन टेलिभिजनको चर्चित साहित्यिक कार्यक्रममा अन्तर्वार्ताको लागि निमन्त्रणा आयो । गएँ पनि ।

"साहित्यमा व्यवसायीकरण हुँदा तपाईंलाई कस्तो अनुभूति हुँदैछ ?" पहिलो प्रश्न आयो । "कृषकदेखि उपभोक्तासम्म पुऱ्याउने तरकारी बजार जस्तो लाग्यो ।" मैले उत्तर दिएँ र शीर झुकाएँ ।

# दृष्टिविहीनका दृष्टिः लुइ ब्रेल



✍ **राजेशमान के.सी.**

लुइ ब्रेलको जन्म सन् १८०९ को जनवरी ४ तारिखका दिन फ्रान्सको पेरिसदेखि करिब २५ माइल टाढा रहेको 'कुप्रे' भन्ने गाउँमा भएको थियो । सामान्य परिवारमा हुर्केका लुइ आफ्ना मातापिताका सबैभन्दा कान्छा छोरा थिए । लुइका पिता एउटा वर्कशपमा घोडाको लगाम र 'जिन' बनाउने काम गर्दथे ।

आफ्ना पिता वर्कशपमा कार्यरत रहँदा बालक लुइ पनि खेल्दै त्यहाँ पुग्ने गर्दथे । लुइका पिता भने आफ्नो छोराले कुनै घातक औजार चलाएर चोटपटक लगाउला भनेर हमेसा त्राहिमाम हुने गर्दथे । तर दुर्घटना भन्ने कुरा कसले टार्न सक्दो रहेछ र ? एक दिन लुइका पिता वर्कशप बाहिर कुनै ग्राहकसँग कुरा गरिरहेको बेला चञ्चल स्वभावका बालक लुइले छाला काट्ने एउटा हतियार उठाउन पुगे, जुन हतियार उछिट्टिएर सिधैं लुइको आँखामा लाग्न पुग्यो । लुइ चिच्याएर रून थाले । उनको आँखाबाट रगतको धारा बग्न लाग्यो । लुइको चिच्याहट सुनेर लुइका पिता तत्काल भित्र गएर हेरे । त्यतिबेलासम्म लुइका दुवै आँखामा गहिरो चोट लागिसकेको थियो । त्यतिखेर अहिलेको जस्तो नेत्र चिकित्सा पद्धतिको विकास पनि भएको थिएन । गाउँ घरको सामान्य उपचारबाट लुइको आँखा ठिक हुन सकेन । त्यसैले उनको आँखाको ज्योती विस्तारै हराउँदै जान थाल्यो । लुइका पिताले उनलाई उपचारार्थ पेरिसस्थित प्रसिद्ध नेत्र विशेषज्ञ कहाँ पनि पुऱ्याएका थिए । तर त्यतिबेर सम्म निकै ढिलो भइसकेको थियो । अर्थात लुइले आफ्नो दुवै आँखाको ज्योती सदाको लागि गुमाइसकेका थिए ।

यसरी आफ्नो दुवै आँखाको ज्योती गुमाउँदा लुइको उमेर तीन वर्षको मात्र थियो । उनी अवोध थिए । उनलाई आफू संसार देख्न सक्ने क्षमताबाट वञ्चित भएको ज्ञान पटक्कै थिएन । तर ६-७ वर्षको उमेर पुगिसकेपछि भने लुइको स्वभावमा एकाएक परिवर्तन

देखिन थाल्यो । घरभित्रै रहँदा पनि उनी घण्टौंसम्म सोच मग्न रहने गर्दथे । आफ्ना मातापिताले उनलाई आत्मनिर्भर बन्नु पर्ने शिक्षा दिएको हुँदा उनी आफ्नो दैनिक जीवनको प्रत्येक काम सकेसम्म आफै पूरा गर्ने हुन थाले । आफ्नो दृष्टिविहीनताका कारण उनले एउटा सेतो छडीको सहायता लिएर गाउँका विभिन्न महत्वपूर्ण ठाउँहरूको जानकारी पनि हासिल गरे ।

यसै सिलसिलामा लुइले जेकिबस पेलुई नामक धार्मिक पादरीद्वारा नैतिक शिक्षा पनि हासिल गरे । लुइका पादरी सुशिक्षित र दयालु स्वभावका व्यक्ति थिए । उनको प्राकृतिक वस्तु तथा दृष्यहरूप्रति विशेष रूची थियो । त्यसैले प्रकृतिको कुनै रमणीय स्थलमा लगेर उनले लुइलाई विभिन्न ध्वनिहरूको माध्यमबाट पशुपंक्षी सम्बन्धी विविध ज्ञान दिलाए । साथै शारीरिक स्पर्शको माध्यमबाट विभिन्न रूख तथा बोट विरूवाहरूको जानकारी पनि दिलाए । यसबाहेक उनले लुइलाई संगीत सम्बन्धी सामान्य ज्ञान पनि दिलाएका थिए । त्यसो त बाइबलमा लेखिएका कुराहरूले पनि उनलाई त्यत्तिकै सकारात्मक बनायो । उनले आफ्नो जीवनप्रति सकारात्मक दृष्टिकोण राख्न थाले । लुइको यस मनोभावनालाई बुझेर उनका पादरीले कुप्रे गाउँकै एउटा विद्यालयमा भर्ना पनि गरिदिए । त्यतिखेर उनको उमेर नौ वर्षको थियो । आफ्नो अध्ययन प्रतिको रूची र लगनशीलताका कारण उनी आफ्नो दिमागलाई कुनै महत्वपूर्ण विषयमा केन्द्रित गर्ने, तथ्यहरूलाई तर्क संगत ढङ्गले ग्रहण र तिनलाई लामो समयसम्म हेक्का राख्ने जस्ता कुराहरूमा अभ्यस्त हुन थाले । कक्षामा पनि प्रथम नै भइरहने हुनाले विद्यालयका शिक्षकरू शिक्षिकाहरू पनि उनीप्रति निकै प्रशन्न हुने गर्दथे ।

यसै क्रममा १५ जनवरी १८१९ का दिन लुइ पेरिसको एक विद्यालयमा भर्ना हुन पुगे । त्यस बेला उनी १० वर्षका थिए । त्यहाँ उनले नौ वर्षसम्म अध्ययन गरे । अध्ययनको क्रममा उनले संगीत, इतिहास, भूगोल, गणित आदि विषयहरूको अतिरिक्त फ्रेन्च, ल्याटीन आदि भाषाहरूको पनि अध्ययन गरे । साथै उनले वर्कशपमा कपडा र स्लीपर बनाउने व्यावहारिक ज्ञान समेत हासिल गरे । त्यसपछि ८ अगष्ट १८२८ का दिन सोही विद्यालयमा लुइले सहायक अध्यापकको रूपमा काम गरे । त्यतिखेर सहायक अध्यापकको वेतन भने अत्यन्त थोरै थियो । तर आफ्नो अथक प्रयास र कार्यप्रतिको समर्पणले गर्दा उनी चाँडै नै अध्यापकको पदमा नियुक्त हुन पुगे । त्यसो त सन् १८२५ तिर नै लुइले बाटवियरद्वारा

तयार पारिएको सैनिकहरूका लागि राती सन्देश पठाउने १२ सूत्रीय एक पद्धतिको अध्ययन गरेर त्यसमा आवश्यक संशोधन गरी ६ सूत्रीय बनाई विभिन्न संयोगहरूद्वारा शिक्षण पद्धतिको विकास गरिसकेका थिए । जुन पछि गएर उनकै नामबाट "ब्रेल पद्धति" को नामले चिनिन थाल्यो । आरम्भमा यो पद्धति त्यति फस्टाउन सकेको थिएन । तर १५ वर्ष सम्मको निरन्तर सङ्घर्ष पश्चात सन् १८४० मा आएर विश्वका धेरै भन्दा धेरै दृष्टिविहीन सम्बन्धी संघ संस्थाहरूले यस पद्धतिलाई मान्यता प्रदान गरे ।

यस्ता प्रतिभाशाली व्यक्तिको स्वास्थ्य पछि अचानक बिग्रन थाल्यो । उनी क्षयरोगबाट पीडित हुन पुगे । जीवनको अन्तिम अवस्थासम्म लुइ आफ्नो स्वास्थ्यको लागि सङ्घर्षरत रहे । अन्ततः ६ जनवरी १८५२ का दिन ४३ वर्षको अल्प उमेरमै उनको दुःखद् निधन हुन पुग्यो । ♦♦♦

लघुकथा

# फोटो

✍ **गंगा खड्का**



"कहाँ अहिलेको जमानामा नि सामान्य मोबाइलले फोटो खिच्ने ? सीमाको आइफोनले खिचौं न ।" रमिताले फोटो खिच्नको लागि निकालेको फोन पन्छाउँदै सुधाले भनी ।

"भाइको बिहेको फोटो देख्दा नि राम्रै हुनु पर्‍यो नि । ल अब उस्तै रङको सारी लाउनेहरू जतिको एउटा फोटो खिचिहालौं त !" सुधाको बोलीले फोटो खिच्नको लागि अगाडि बढिसकेकी रमिताको पाइलालाई पछि हटायो ।

"अब चाहिं रानीहार लाउने लाउनेको पालो !" सीमाको विचारले दोस्रो फोटोमा पनि रमिता अटाइन ।

"आहा ! फोटाहरू क्या राम्रा आएछन् ।" उनीहरू भुरूप्प भएर फोटो हेर्न थाले । "ओइ रमिता ! तँ पनि आइज न फोटो हेर्न ! हाम्रो फोटो त कुनै हिरोइनको भन्दा कम आएनछ बुझिस् ?"

सीमालाई कटाक्ष गर्दै रमिताले भनी, "जसको फोटो मेरो दिलदिमागमा फिका बनिसकेको छ, उसको फोटो बाहिर जति नै सुन्दर भए नि मेरो लागि के अर्थ भयो र ?"

बालकथा

# वृक्षहरूको सम्मेलन



✍ देवकी के.सी

वैशाख महिना आयो । जङ्गलमा काफल पाकेर लटरम्म भयो । काफलले गाउँमा काफल पाक्यो, काफल पाक्यो भन्दै सन्देश दिन चरीलाई गाउँमा पठायो । काफल पाक्यो चरीको सन्देश सुनेर मानिसहरू काफल खान जङ्गल आए । मानिसहरूले मीठो मानेर काफल त खाए तर काफल खाइसकेपछि काफलको वृक्ष सबै भाँचेर टुक्रा टुक्रा पारिदिए । यती मिठो काफल खान दिएर पनि मानिसहरूले मलाई किन यस्तो गरेका होलान् भनेर काफल निराश भएर बसेको थियो ।

त्यसै बेला काफलले आफूसँगै रहेको लालीगुँरासले नजिकैको पिपललाई जोडले केही भन्दै गरेको सुन्यो– ए पिपल तिमी किन यति ठूलो भएको हँ ? तिमी चाहिँ जति ठूलो भए पनि मानिसहरू तिमीलाई भगवान भन्छन् काट्दैनन् किन ? तिम्रो चाहिँ बिहे नि गरिदिन्छन् । म यति सुन्दर फूल फुलाएर आनन्द दिन्छु । मेरो फूललाई मात्र राष्ट्रिय फूल मान्छन् तर मलाई किन राष्ट्रिय वृक्ष घोषणा गर्दैन सरकारले ? तिमी, म र काफल एकै ठाउँमा छौ तर तिमी भगवान हुने हामीहरू चाहिँ काटिने किन ? मलाई मानिसहरू काटेर दाउरा बनाउँछन् । विचरो ! काफललाई मानिसहरूले भाँचकुच पारेर कति दुःख दिएका छन् । हेर त काफल रोइरहेको छ ।

लालीगुँरासको कुरा सुनेर पिपलले भन्यो– हो नि त लालीगुँरास म तिमी भन्दा ठूलो छु । म धेरै वर्ष पनि बाँच्छु । अक्सिजन पनि धेरै दिन्छु । धेरै थरिका औषधीमा पनि मलाई प्रयोग गर्छन् । हिन्दू र बौद्ध धर्मालम्वीहरूले भगवानको रूपमा मेरो पूजा नि गर्छन् । मेरो पात हृदय आकारको हुन्छ त्यसैले मलाई मायाको प्रतिकको रूपमा पनि लिन्छन् । म हाम्रो देशको जताततै पाइन्छु । तर पनि लालीगुँरास म तिमी जस्तो सुन्दर फूलले सबैलाई मोहित पार्न सक्दिन । विडम्बना ! विश्वका धेरै राष्ट्रले विभिन्न वृक्ष भनेर घोषणा गरेको छैन । बरू तिम्रो त फूललाई भए पनि राष्ट्रिय फूल मानेको छ सरकारले । के गर्नु मलाई पनि सरकारले राष्ट्रिय वृक्ष

घोषणा गरे त हुन्थ्यो नि ?

पिपलको कुरा सुनेर नजिकैको नीमको वृक्षले भन्यो- भो भो पिपल तिमी ठूलो हुँदैमा राष्ट्रिय वृक्ष घोषणा गर्नु पर्छ र ? म त हरेक औषधीको राजा हुँ। मलाई मानिसहरूले हजार वर्ष भन्दा अघिदेखि नै आयुर्वेदका प्रभावशाली औषधी बनाउन प्रयोग गर्दै आएका छन् । हेर पिपल मलाई तिमी जस्तो मिठो बोल्न आउदैन । म त तितो छु । तितो भए पनि गुणकारी छु । त्यसैले हाम्रो देशले मलाई राष्ट्रिय वृक्ष घोषणा गर्नु पर्छ ?

यसै गरी जङ्गलका अमला, वर, साल, सिसौ, सिमल, टिमुर, जटामसी, धुपी लगायत विभिन्न वृक्ष र जडिबुटीहरूले आफ्नो गुणको बखान गर्दै आफूहरूलाई नै राष्ट्रिय वृक्ष घोषणा गर्नुपर्ने माग राख्दै जङ्गलमा होहल्ला गरेर अशान्ति मच्चाउन थाले । जङ्गल अशान्त हुन थालेपछि पिपलले सबैलाई शान्त पार्दै भन्यो, साथीहरू हामी साना, ठूलो, तितो, मिठो, तराई, पहाड, हिमाल जहाँ भए पनि आखिर वृक्ष नै हौ । हाम्रो धर्म हानिकारक कार्बन पचाएर मानिसहरूलाई अक्सिजन दिएर स्वस्थ बनाउनु नै हो । हामीहरू एउटै वृक्ष जातका भएकाले यसरी सरकारले राष्ट्रिय वृक्ष घोषणा गरिदियोस् भनेर तछाडमछाड गर्नुभन्दा पनि हामीले हाम्रो अस्तित्व संरक्षणको लागि पहल गर्नुपर्छ । हामीले बिर्सनु हुन्न अघिल्लो साल केही बदमास मानिसहरूले आगो लगाई दिँदा हाम्रा कयौं साथीहरू जलेर नष्ट भए । त्यसैले हामीहरू पनि एकजुट भएर हाम्रो संरक्षणको लागि सरकारलाई दबाब दिऊँ केवल उपाधिको लागि लडाई गर्ने होइन । पिपलको कुरामा जङ्गलका सबै वृक्षहरू सहमत भए र एकआपसमा भनाभन् गर्न छाडे । ♦♦♦

## गीत

**✍ बद्री प्रसाद ढकाल**

लहरै लहरमा लहरिए म
रहरै रहरमा बिथोलियो मन
के भयो ? किन भयो, जान्दै नजानी
कता अडिन्छ कता ठोकिन्छ
थाहै नपाई भौतारिएर म

कता बत्तिन्छ कता भासिन्छ
चोकमा कुरेर
सडकमा हेरेर
कतिञ्जेल अडिन्छ
कता गडिन्छ
लहरै लहरमा लहरिए म
रहरै रहरमा बिथोलियो मन

पुग्नु पर्ने कहाँ बाटो भुलेर
जानुथ्यो कहाँ कता पो डुलेर
के हुन्छ थाहा नपाइ नपाइ
बतासिएछ किन रहर यो
कहाँ अडिन्छ
लहरै लहरमा लहरिए म
रहरै रहरमा बिथोलियो मन

# लैङ्गिक हिंसा परिचय, कानूनी व्यवस्था र यसको न्यूनीकरणमा नेपाल प्रहरीको भूमिका



✍ प्र.व.ना.नि.सरस्वती बुढाथोकी

## १.परिचय

आज विश्वकै महिला, पुरूष, बालक, बालबालिका र तेस्रो लिङ्गी सबैले कुनै न कुनै हिंसा खेपिरहेका छन् । कोही आफ्नै नजिकका आफन्त, चिनजानका मानिसबाट पीडित छन् त कोही अपरिचित व्यक्तिबाट पीडित भएका छन् । नेपालको परिवेशमा पनि दैनिक रूपमा कुनै न कुनै व्यक्ति पीडामा परी न्यायको लागि प्रहरी कार्यालय तथा अन्य सरकारी तथा गैरसरकारी कार्यालयमा पुगेका छन् । लैङ्गिक हिंसाबाट महिला पुरुष वा अन्य लिङ्गी जो कोही पनि पीडित हुन सक्छ । हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति र निर्णय प्रकृयामा महिलाको कम पहुँच छ । त्यसै गरी स्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ । पुरूष प्रधान पारिवारिक संरचनामा पुरूषको नियन्त्रण बढी हुन्छ त्यसैले लैङ्गिक हिंसाबाट बढी महिला पीडित हुने गरेका छन् ।

साधारण अर्थमा अरूप्रति नराम्रो व्यवहार गरिनु नै हिंसा हो । अरूको कमजोरीबाट फाइदा लुट्नु, अरूको मान सम्मानमा बाधा पुऱ्याउन खोज्नु, अरूलाई कुनै न कुनै ढंगबाट दुःख दिनु आदि सबै हिंसा हुन् । हिंसा मानव अधिकारको उल्लङ्घन र विकासको बाधक तत्व पनि हो ।

त्यसै गरी लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा महिला पुरूष वा तेस्रो लिङ्गी भएकै आधारमा हुने शारीरिक मानसिक, यौनिक, आर्थिक वा अन्य तरिकाबाट दुःख, पीडा, हानी नोक्सानी पुऱ्याउने कार्य भन्ने बुझिन्छ । लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ अनुसार लैङ्गिक हिंसा भन्नाले 'सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक हानि वा पीडा पुऱ्याउने कार्य सम्झनुपर्छ र सो शब्दले लैङ्गिक आधारमा हुने वा

हुन सक्ने कुनै पनि प्रकारको अपराधजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्न कुनै कार्य समेतलाई जनाउँछ ।'

**२.लैङ्गिक हिंसाका प्रकार**

**क) शारीरिक हिंसाः–** कुटपिट, जबरजस्ती, गर्भपतन गर्न लगाउनु महिलालाई कामको बोझ थपेर दुःख दिनु, शारीरिकरूपमा घाउ, चोटपटक वा क्षति पुऱ्याउनु सबै यस अन्तर्गत पर्दछन् ।

**ख) मानसिक हिंसाः–** शारीरिक यातनाको डर, धम्की त्रासपूर्ण व्यवहार, गाली गलौज, अपशब्द बोल्ने, अरूको अगाडि होच्याउनु, तिरस्कार गर्नु झुट्ठा बात लगाउनु, घरबाट निकाला, इच्छा विपरीत काम गर्न लगाउने, धार्मिक, साँस्कृतिक तथा परम्पराका आधारमा गरिने भेदभाव आदि मानसिक हिंसा हुन् ।

**ग) सामाजिक साँस्कृतिक हिंसाः–** सामाजिक संस्कार, धर्म परम्परा र रीतिरिवाजका आधारमा गर्ने हिंसाहरू जस्तैः बालविवाह, बोक्सीको आरोप, झुमा, देउकी, वादी, बोक्सी बहुविवाह, सुत्केरी तथा रजस्वलाको समयमा गरिने छुवाछुतको व्यवहार वा छाउपडि आदि साँस्कृतिक सामाजिक हिंसा अन्तर्गत पर्दछ ।

**घ) यौन हिंसाः–** घर भित्र, काम गर्ने स्थान, अध्ययन अध्यापन गर्ने स्थान, सार्वजनिक यातायात वा अन्य सार्वजनिक स्थान वा जुनसुकै स्थानमा गरिने जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, यौन दुर्व्यवहार, यौन शोषण, जबरजस्ती संवेदनशिल अंगहरू छुने वा छुवाउने, झुक्काएर यौन चित्र फोटो वा फिल्म देखाउने वा जबरजस्ती संवेदनशील चित्र फोटो वा फिल्म खिच्ने, यौनजन्य कुराकानी वा शब्दहरू प्रयोग गर्ने आदि यौन हिंसा हुन् ।

**ङ) आर्थिक हिंसाः–** संगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य आर्थिक हिंसा अन्तर्गत पर्दछ ।

**३.लैङ्गिक हिंसा सम्बन्धी नेपालको कानूनमा भएका व्यवस्था**

- नेपालको संविधानमा समानताको हक, सम्पत्तिको हक, महिलाको हक, लैङ्गिक विभेद विरूद्द कानूनी व्यवहार र राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग आदि संरचनागत व्यवस्था गरिएको छ ।
- लैङ्गिक हिंसा अन्त्य गर्न बनेको ऐन, २०७२
- बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन २०७२
- मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

- घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६
- छाउपडी प्रथा उन्मूलन निर्देशिका २०६४
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७
- एकल महिला सुरक्षा कोष नियमावली, २०७०
- मुलुकी अपराध संहिता, २०७४ आदि ।

त्यसै गरी मुलुकी अपराध संहिता, २०७४ मा उत्पत्ति, धर्म, वर्ग, जात, जाति लिङ्ग, शारीरिक अवस्था अपाङ्गता स्वाथ्य स्थिति, वैवाहिक स्थिति गर्भावस्था, आर्थिक अवस्था भाषा वा क्षेत्रको आधारमा कुनै पनि नागरिक माथि जानीजानी भेदभाव गर्न हुँदैन भन्ने उल्लेख छ ।

**४.अन्तर्राष्ट्रिय कानूनहरू**

- मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८
- महिलाको राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९५२
- महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९७९
- बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा भएको बालअधिकार सम्बन्धी महासन्धीको इच्छाधीन आलेख, २००० आदि ।
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ आदि ।

**५.लैङ्गिक हिंसामा परेकाहरूका लागि गरिएको व्यवस्था**

- प्रहरी कार्यालयमा महिला तथा बलबालिका सेवा केन्द्रहरूको व्यवस्था गरिएको छ ।
- कानूनी उपचार दुरस्त नभएमा प्रधानमन्त्री कार्यालयमा स्थापित लैङ्गिक सशक्तिकरण समन्वय इकाइबाट उजुरी व्यवस्थापन र अनुगमन गर्न व्यवस्था गरिएको छ ।
- जिल्ला अस्पतालमा एकद्वार संकट व्यस्थापन केन्द्र स्थापना गरिएको छ जसमा पीडितलाई आश्रय दिने, घाइते भए उपचार गर्ने, सामाजिक मनोविमर्श दिने, कानूनी सल्लाह उपलब्ध गराउने र पुनर्स्थापनाको लागि पहल गर्ने काम हुन्छ ।
- सरकारी तथा गैर सरकारी संस्थाहरूले घरेलु हिंसा तथा मानव बेचविखनबाट पीडित भएकाहरूलाई पुनर्स्थापन केन्द्रको स्थापना गरिएको छ ।
- लैङ्गिक हिंसा निवारण कोषबाट आपतकालीन सेवा तथा राहत प्रदान गरिएको छ ।
- निःशुल्क कानूनी सहायताको व्यवस्था गरिएको छ ।

**६.लैङ्गिक हिंसा सम्बन्धी १६ दिने**

## अभियान र नेपाल प्रहरीको भूमिका

लैङ्गिक हिंसा नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत रहेको छ । अन्तर्राष्ट्रिय स्तरमा पनि महिलाहरू नै धेरै संख्यामा पीडित रहेका छन् । लैङ्गिक हिंसा मानव अधिकारको हनन हो त्यस कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा जनचेतना विस्तार गर्न, लैङ्गिक हिंसा विरूद्धमा पुरूषको सहकार्यलाई अभिवृद्धि गर्न, लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने विश्वका विभिन्न निकाय तथा अधिकारकर्मी बिच ऐक्यबद्धता जाहेर गर्नको लागि प्रत्येक वर्ष विश्वकै विभिन्न देशहरूमा लैङ्गिक हिंसा विरूद्ध १६ दिने अभियान सञ्चालन गरिन्छ । यो अभियान प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म मनाइन्छ ।

सन् १९८१ मा ल्याटिन अमेरिकाको डोमिनिकल गणतन्त्र राज्यबाट सुरू भएको लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानले अन्तर्राष्ट्रिय स्तरमा तीन दशक पार गरिसकेको छ भने नेपालमा सन् १९९७ देखि सञ्चालन हुँदै आएको छ । हरेक वर्ष छुट्टाछुट्टै नाराका साथ विश्वभरि नै एकै चोटी यो अभियान सञ्चालन गरिन्छ । सधैं झै यस वर्ष पनि नेपालमा 'सभ्य समाजको पहिचान लैङ्गिक हिंसा विरूद्धको अभियान' भन्ने नाराका साथ लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान विभिन्न कार्यक्रम गरी मनाइयो भने यस वर्षको अन्तर्राष्ट्रिय नारा "United Activism to end Violence Against Women & Girls !" रहेको थियो ।

नेपाल प्रहरीले लैङ्गिक हिंसा न्यूनीकरणको लागि महत्वपूर्ण भूमिका खेलेको छ । महिला तथा बालबालिकाहरू संवेदनशिल हुने हुँदा उनीहरूले आफ्नो समस्या जो कोहीसँग भन्न सक्दैनन् । पुरूष प्रहरीलाई आफ्ना समस्याहरू बताउन अप्ठ्यारो मान्ने, खुलस्त सबै कुराहरू भन्न हिच्किचाउने हुँदा अनुसन्धानमा समेत असर परेको र प्रहरीले दिने सेवालाई महिलामैत्री बनाउनको लागि वि.स. २०५२ सालमा नेपाल प्रहरीमा महिला सेलको स्थापना भयो । हाल यसको नाम परिर्वतन भई महिला तथा बालबालिका सेवा केन्द्र रहेको छ । हाल ७७ वटै जिल्लामा महिला तथा बालबालिका सेवाको स्थापना भएको छ भने केन्द्रमा महिला बालबालिका तथा जेष्ठ नागरिक निर्देशनालय रहेको छ ।

महिला तथा बालबालिका सेवा केन्द्रले कुनै पनि महिला तथा बालबालिका हिंसामा परेको छ भने उनीहरूको उजुरी महिला प्रहरीले नै हेर्ने, उजुरीलाई गोप्य

राख्ने, मुद्दामा सांकेतिक नाम राख्ने, पीडित महिला तथा साक्षीको सुरक्षाको व्यवस्था गर्ने, उनीहरूको उजुरीलाई प्राथमिकतामा राख्ने, विभिन्न विद्यालयहरूमा महिला तथा बालबालिकाको हिंसा न्यूनीकरण सम्बन्धी अनुशिक्षणहरू सञ्चालन गर्ने, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरी पीडितको पुनर्स्थापनाको लागि पहल गर्ने आदि कार्य गर्दछ ।

त्यसैगरी समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत समुदाय स्तरमा महिला हिंसा न्यूनीकरण गर्नको लागि स्थानीय निकाय, समुदाय, आमा समूह, महिला अधिकारकर्मी, लैङ्गिक सञ्जाल क्लब तथा विद्यार्थीसँग मिलेर विभिन्न जनचेतनामूलक कार्यहरू गर्ने, त्यो सम्बन्धी अडियो भिडियोहरू मार्फत कक्षाहरू सञ्चालन गर्ने जस्ता कार्यहरू नेपाल प्रहरीले गर्दै आएको छ ।

सधैंझैं यस वर्ष पनि नेपाल प्रहरीले विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थासँग मिलि २०७९ मंसिर ९ गतेदेखि २४ गतेसम्म लैङ्गिक हिंसा सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्‍यो । जुन निम्न प्रकारको छः

- महिला बालबालिका तथा जेष्ठ नागरिक निर्देशनालयबाट प्रहरी प्रधान कार्यालयको मेन गेटको Digital Scrollbar, Nepal Police website, Traffic FM एवम् सामाजिक सञ्जाल फेससबुकहरू मार्फत लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान अवधिभर सन्देश सम्प्रेषण गरिएको ।
- मिति २०७९ मंसिर १६ गते तदानुसार November 25 तारिखमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आयोजनामा लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको उद्घाटन सत्रमा काठमाडौं भृकुटीमण्डप स्थित र्‍याली कार्यक्रममा नेपाल प्रहरीको तर्फबाट सहभागिता एवं प्रतिबद्धता जनाइएको ।
- काठमाडौं जिल्ला लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल र काठमाडौं महानगरपालिकाको सहआयोजनामा Nepal Police Academy मा २०७९ मंसिर २१ गते अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको ।
- लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानमा देशभर घरेलु हिंसा, बालविवाह, जातीय छुवाछुत एवम् बोक्सिको आरोप लगायत अन्य सामाजिक हिंसा, बालयौन दुर्व्यवहार, लागूऔषध, साइबर अपराध आदि विषयहरूमा १,१७५ वटा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको ।

◆◆

आत्मकथा

# पाना नम्बर एक सय सतहत्तर



✍ मनिष अर्याल

मेरा आँखाहरू सधैं सधैं त्यहीं दृश्यहरू मै किन अडिग भइरहेका होलान् ? किन यसरी ऐठन बनिरहेछ समय ? कल्पना भन्दा पर, अनि मस्तिष्कको समझदारी भन्दा जटिल । सायद यो नै होला अहिलेको मानवीय प्रकृति । "कताबाट सुरू गरौं र कहाँ लगेर अन्त्य" ? मैले आफैंले आफैंलाई बेलाबेलामा प्रश्न गर्न बाध्य बनाएको हुँ कि जस्तो लाग्छ किनकी उत्तर दिने उत्तरदायित्व पनि त मसँगै छ । सायद त्यसैले गर्दा पो हो कि ? मैले करिब ५ दशकको मेरो जिन्दगीमा ५ हजार बढी कहानीहरू सुने होला र तीन दशकको मेरो पेशागत जीवनमा मैले कति कति घटना देखे होला। जागीर न हो । काम त हो, भने झैं लाग्थ्यो मलाई । बानी परिसकेको थियो । नपरोस पनि कसरी ? प्रहरी पेशामा आबद्ध हुनासाथ म सफल अनुसन्धान अधिकृतको रूपमा कहलिएको थिए । फलानो ठाउँमा कार्यरत वा फलानो फाँटमा कार्यरत प्रहरी अधिकृतको टोलीले अनुसन्धानमा अब्बलता देखाएको छ भन्ने सुन्न पाउँदा गर्व नै लाग्ने गर्थ्यो। हुन त म मात्रै हैन म भन्दा अघि पनि धेरैले सो काम गर्नुभयो र म भन्दा पछि पनि धेरैले गर्नु भयो र सबै अब्बल नै साबित हुनुभयो । आज पनि झल्झली याद आउँछ मलाई ती पलहरू ती क्षणहरू । आज बिहानको कुरा हो । मैले कोठा सफा गरिरहँदा मेरो नजर एउटा पुरानो डायरीमा पर्‍यो। त्यो डायरी जसमा मैलै मेरो पेशागत जीवनका दैनिकीहरू लेखेर राख्ने गरेको थिए । पानाहरू पल्टिदै गए म भावानुकूल हुँदै गए । टन्टलापुर घाम लागेर खुला देखिएको आकाशबाट असिना झरेझैं मेरो हातमा रहेको डायरीबाट एउटा पाना खस्यो । "पाना नम्बर एक सय सतहत्तर" ।

त्यस दिन म केही लामो समयको बिदा पास गराएर अफिसबाट घर भर्खरै पुगेको थिए । केही दिन परिवारसँग घुम्न जाने भन्ने थियो । छोराछोरी पनि घुम्न जान पाउने कुराले निकै उत्साहित

थिए । मेरी उनीले भोलिपल्ट सबेरै निस्किनलाई सबै तयारी गरिसकेकी थिइन । म पनि निकै उत्साहित थिए भोलिलाई लिएर । यस्तै बेलुकी बाह्र बजेतिर हुनपर्छ । मेरो मोबाइलमा निरन्तर फोनकलले झक्झकाई रह्यो । मिठो सपनाको केन्द्रमा पुगिसकेको म सपनाले मोड लिन नपाउँदै मेरो निन्द्रासँग विछोड भयो । फोन अफिसबाट आएको रहेछ । उहीं त हो, घटनाबारे । म त अनुसन्धान अधिकृत । मेरो कर्तव्यबाट कसरी विमुख हुन सक्थे र म ? कहीं केही नसोचिकन लागे सो स्थानतर्फ ।

आज म जे लेख्दैछु । मलाई मात्रै थाहा छ कि मेरा हातहरू कसरी कापिरहेका छन् । मेरा आँखाहरूले कसरी आँसुहरू झारिरहेका छन् र म कति लज्जित छु भनेर । कलम त सिसाकै हो जसबाट मैले यो सबै लेखिरहेको छु । तर मसी चाहिं रगतको । यो मैले के गरें त्यो मलाई थाहा छैन, यो लेख नै मेरो अन्तिम लेख हो । यस पछि मलाई बाँच्ने चाहा छैन । बस जतिबेलासम्म सक्छु त्यति बेलासम्म लेख्छु र मेरो घरमा पस्नेहरू अघिसम्म त रमेशको घर, मामाको घर, काकाको घर यस्तै यस्तै नाताले पस्नु भयो होला तर अब यो पत्र र यहाँको कर्तुतसँगै मेरो परिचय भरेको छ । एउटा साभा परिचयमा "हत्यारा" । हो, म हत्यारा नै हो । मैले नै हो मेरो कलेजोको टुक्रालाई टुक्रा टुक्रा पारेको । केही फरक जिन्दगी जिउने सोचेर, केही उन्नति र प्रगति गर्ने सोचेर र केही बेग्लै आभास दिलाउने सोचेर म चुडिनै लागेको मेरो जीवनको खुसी फिर्ता ल्याउन भनी परदेशिएको थिए । मेरी अर्धाङ्गिनी जसले मलाई दुःख सुखमा सधैं साथ दिइरहिन, जति नै दुःख परे पनि हाँसेरै टारिदिन्थिन उनी । बाध्यताको भूमरीमा आफ्ना आशाहरू मारिदिन्थिन् उनी । जसो तसो चलेको हाम्रो परिवारको खुसीलाई एउटा बेग्लै उचाई दिन भनेर म परदेशिए । आज भोलि पर्सी गर्दै दिनहरू बित्दै गए । नेपाल बस्दा गरेको कम तलबको नोकरी भन्दा विदेशमा आम्दानी धेरै नै भइरहेको थियो ।

जिन्दगी राम्रै चल्दै गइरहेको थियो, विदेशिएको करिब छ महिनामै ऋणबाट मुक्त भइयो । पैसा पनि टन्नै जम्मा हुन थाल्यो मिहिनेत पनि धेरै थिए । भनिन्छ नि मिठो धुनमा बगेको खोला यदि बाढीमा परिणत भयो बने त्यो मिठास सर्वनाशमा परिणत हुन्छ । हो यस्तै भयो भर्खर नौ महिना भएको थियो म विदेशिएको मेरी श्रीमतीलाई व्यथा लागेर अस्पताल लगेको भनेर फोन आयो । मैले सोचे सबै राम्रो भइरहेछ डेलिभरी पनि नर्मल नै हुन्छ होला ।

तर बिडम्बना छोरी त जन्मी तर उसकी आमा त्यो प्रश्रव पीडा सहन नसकेर मरिन् । मेरी श्रीमती मरी, हाम्रो संसार मऱ्यो । बस्दै गरेको हाम्रो घर मऱ्यो । लाग्थ्यो हाम्रा लागि भगवान मऱ्यो । म नेपाल फर्किए । छोरीलाई हुर्काउदै गए । बाबाको आमाको दुईटै माया दिँदै गए । जब रिमा मरी तब म आधा मरिसकेको थिए ।

जसोतसो जीवन चलिरहेकै थियो, जम्मा गरेका केही पैसाहरूले मैले सानो व्यापार सुरू गरे । एक्लो मान्छे त्यो पनि भित्री ज्यान खोक्रो । जसोतसो आत्मबल जुटाएर काम गर्दै थिए । छोरी पनि हुर्कदै थिई । दुःखको जालोलाई भर्खरै पन्छाएर केही राहतको सास लिँदै गरेको मैले, बिचमा आयो कोरोना जसले मेरो गतिशिल जिन्दगीमा लगाम लगायो । जसोतसो गुजारा चलाउन खोजेकै थिए । छोरीलाई भर्खरै स्कुल भर्ना गरेको थिए । एक दिन छोरीको स्कुलबाट फोन आयो कि तपाईंको छोरी बेहोस भई भनेर । पछि अस्पताल लगेपछि थाहा पाए कि उसको मुटुमा प्वाल परेको रहेछ, अप्रेशन गर्न निकै खर्च लाग्ने भयो, जो भएको खर्च गरे । मैले कहाँ मात्र गुहारिन ? कसलाई मात्र भनिन ? आफन्त, साथीभाइ, नातागोता को नै बाँकी थियो र मैले भन्नलाई ? कतैबाट निकास निस्केन, कोठाको कुनामा छटपटाइरहेकी मेरी छोरीलाई हेरेर म कहाँ सुख अनुभूति गर्न सक्थे र ? सानैमा टुहुरो बनेको म एउटा अस्तित्व बसेको मेरो अस्तित्व त लोप भइसकेको थियो । बाँकी के नै थियो र ? कोठाभाडा तिर्ने पैसा नि अभाव हुन थाल्यो ।

म हाँरे नातागोता परिवारसँग, हुन पनि भोलि फिर्ता गर्न सक्दैन भन्ने थाहा हुँदाहुँदै कसले सहयोग गर्छ र ? म हाँरे नियतिसँग । आफूलाई देखेर आफैमा घृणा लाग्न थाल्यो । कति रोए कति कराए, के सम्म गर्न खोजिन ? कहीं केही नलागेर म आफैंसँग हारिसकेपछि मैले यो निर्णय लिएको हुँ छोरी मलाई माफ गरिदेऊ म तिमीलाई मारेर आफू के का लागि बाँच्ने ? जिन्दगीभर हत्याराको बाबु बनेर ? मानवता हराएको क्रुर मान्छे बनेर ? म त्याग्दै छु आफैंलाई ।

यो सुसाइट नोटका पानाहरू अझै मेरा मस्तिष्कमा झलझल्ति आइरहेका छन्, हामीले सहज देखेको, हाँसेको, खेलेको देखेको जस्तो वास्तविकतामा कहाँ हुने रहेछ र ? आफ्नै बाबु रमेशले आफ्नै छोरीको विभत्स हत्या गरी घटाएको यो घटना मेरो जागिरे जीवनकै मेरो लागि पीडादायक घटना हो । सानो सानो निर्णयले यति ठूलो घटना निम्त्याउँछ । ♦♦

# परिवर्तन



✍ प्र.ज. प्रेमा भुषाल

प्रसङ्ग फोनको घण्टीको, कहिलेकाहीं प्रधानमन्त्रीको भन्दा बढी फोन आउँछ तेरो भन्दै बुबा कराउनुहुन्छ । जानकी भन्छिन्, अफिसको काम भन्दा साथीभाइ आफन्त इष्टमित्रहरूको काम गर्दिदा नै ठिक्क छ । फोन नउठाउ ठूलो मान्छे बनी भन्लान् की भन्ने डर । आफ्नो व्यक्तिगत र पारिवारिक काम गर्न त महिनौ कुर्नु पर्छ उनी भन्छिन् ।

एक दिनको कुरा हो दिनभरिको अफिस सकेर जानकी घरमा आई खाना खाई सुत्ने तरखरमा थिइन । उनको फोनको घण्टी बज्छ । मोबाइल तिर वास्तै नगरी आफ्नो काम गर्छिन् । पूरै घण्टी सकिएर पुनः अर्को घण्टी बज्छ । उनले मोबाइल हेर्छिन नयाँ नम्बर देखिन्छ । फोन उठाउँछिन् । नमस्कार फर्काउँछिन् र उताबाट बोल्ने व्यक्तिका कुरा सुन्छिन् । केही छिनमा

जानकी (नाम परिवर्तन) मेरो घरको पारिवारिक सदस्य मात्र नभई एक सक्षम युवा साथै एक अधिकृत स्तरको कर्मचारी पनि हुन । हिजो आज उनको मोबाइलमा निकै फोन आउने गर्दछ । बद्लिँदो समाजको परिकल्पना गर्न आजभोलि कुनै इतिहासका पाना पल्टाउनु नपर्ने अवस्था आएको छ । घरमै बसेर फोनको भरमा काम चाहानेहरूको पनि कमी देखिदैन यहाँ । उनको जागिर प्रवेश ३/४ वर्ष जति भयो । सानैदेखि स्वदेशमै बसी केही गर्नुपर्छ भन्ने उनको हुटहुटी पूरा भएको थियो । उनलाई भेट्ने जो कोहीलाई पनि उनले नेपालमै केही नयाँ गर्नुपर्छ भन्ने सल्लाह दिन्छिन् । नेपालमा जति नै दुःख गरे पनि पारिश्रमिक थोरै हुन्छ भन्नेहरूको लागि उनले भन्छिन्, “थोरै पारिश्रमिक अनि धेरै आवश्यकता यसैमा रमाउनुको आनन्द छुट्टै हुन्छ” । तपाईंहरू छोरानातीको लागि सम्पत्ति जोरेर राखिदिनु भयो भने आउने पुस्ताले दुःख गर्न जान्दैनन् । उनीहरूले पनि आफ्ना लागि मेहनत गर्नुपर्छ । उनको कुरा एक छिन त सबैलाई राम्रै लाग्ने गर्छ ।

तपाईंको काम सिस्टमले लिने हो हामीले गर्ने होइन । सिस्टमले भेरिफाई गरिदिएपछि मात्र हामीले प्रोसेसमा लाने हो । १/२ दिन त लाग्छ नै । कि त तपाईंले अलि पहिले अप्लाई गर्नुपर्थ्यो । उनले यसो भन्दा उताबाट केही प्रश्नहरू गरेको जस्तो सुनिन्छ । उनले पुनः भन्छिन् म पनि मान्छे नै हुँ जादु को छडी होइन नि साथी । कुरा बुझ्नु न, तपाईं जस्ता कैयौं मान्छेहरूको फारम पेण्डिङ्मा छ ।

सबैलाई सकेसम्म चाडै नै चाहिएको हुन्छ । आफ्नो पालो आउँदा बन्छ तपाईंले जस्तै यसरी सबैले फोन गर्न थालेपछि हामीले काम गर्ने की फोन मात्र उठाएर बस्ने ? तपाईं आफै भन्नुस् ? यती भन्दै भोलि म हेर्दिन्छु के रहेछ भन्दै फोन राख्छिन् । हाम्रो कार्यालयमा जस्तो कामको चाप अरू क्षेत्रहरूमा नि यस्तै हुन्छ होला त ? भन्दै उनले मलाई प्रश्न गर्छिन् । साच्चि नै जति बाहिरबाट हेर्दा सजिलो थियो सरकारी जागिर तर काम गर्न निकै गाह्रो छ । यस्तो फोन त दिनमा कति आउँथे कति । कसैको के गरिदिनु पर्‍यो कसैको के । सबैका सबै काम गर्दिन नि नमिल्ने नगर्दिन नि नमिल्ने । आफ्नो काम लगाउनको लागि २/३ कक्षादेखि एस.एल.सी ब्याजसम्मको साइनो, फलानाको मान्छे, साइनो पनि के-के हो के-के । यस्तै यस्तै कुरा गर्दा गर्दै उनले एउटा स्ट्याटस लेखेर फेसबुकमा पोष्ट गर्ने निर्णय गर्छिन् र लेख्छिन् । त्रुटीहरूलाई सच्याएर ल्याउनुपर्छ भन्दा मिलाएर गरिदिनु तपाईंले मिलाएपछि हुन्छ भन्ने मेरा साथीहरूलाई आग्रह "म त्यति ठूलो ओहोदामा पुगेको मान्छे होइन । यदि तपाईंहरूको काम मैले छिटो गरिदिन सकेको भए तपाईंहरू सीमित मान्छे खुसी हुनुहुन्थ्यो । तर कतै चिनजान नभएका, पहुँच नपुगेका, अविकशित क्षेत्रका मानिसहरूको काम कसले गरिदिने ? उनीहरूको पालो कहिले आउने ? अब तपाईंहरू पनि learn to wait को सिद्वान्तलाई पछ्याउनु हुन आग्रह गर्दछु" भन्ने लामो स्याटस लेखी फेसबुकमा पोस्ट गर्छिन् ।

भोलि पल्ट बिहान हेर्दा 2.5k Share/7.9 k like/ र 2.1 k Comments आएको थियो । सुरूमा उनलाई कमेन्ट सेक्सन खोल्न मन लाग्छ । सरसर्ती हेर्दा नकारात्मक कमेन्ट लेख्नेहरूको संख्या नै बढी देखिन्थ्यो । नकारात्मक कमेन्ट भनेकै मानिसका कमिकमजोरीहरू सुधार्ने अवसर ठान्दै उनले राम्रा भन्दा नराम्रा पढ्दै जान्छिन् । एक व्यक्ति लेख्नुहुन्छ, तिमी अफिसर भएर ठूलो कुरा नगर, हामीलाई थाहा

छ, एउटा सानो काम गर्न कति ठाउँ धाउनु पर्छ भन्ने ? उहाँको त्यो कमेन्ट जायज थियो । धेरै ठाउँ धाउनु पर्ने सिस्टम मेरो व्यक्तिगत प्रयासले परिवर्तन हुन सक्ने भए म सदैव तत्पर छु साथी भन्दै रिप्लाई गर्छिन् ।

जानकीको जस्तो व्यथा अन्य क्षेत्रहरूमा पनि नहोला भन्न सकिदैन । परिवर्तन क-कसले गर्ने सबैको आ-आफ्नै जिम्मेवारी हुन सक्छ की ? यो प्रश्न पाठकहरूको लागि । ♦♦♦

लघुकथा

# मनको मल्हम !



✍ **शान्ति शर्मा**

आजको प्रभातकालीन हिंडाइमा भेटिएकी आमोई, युएन पार्कमा एकैछिन थकाइ मार्ने क्रममा ।

“आमा थाक्नु भो ?” मैले सोधिहालें ।

“काँ थाक्नु नानी ! गाउँमा हुँदा छोरीहरू गोडामा चप्पल ल्याएर भिराइदिन्थे । मेरा खुट्टाका उम्लाले चेप्न जाने पो ! खाली खुट्टै सजिलो लाग्थ्यो। छोराले गाउँको जायजेथा बेचेर याँ ल्यायो ।

याँ ता खालीखुट्टा हिंड्न हुँदैन, बिजेत हुन्छ भन्दै एकजोर जुत्ता ल्याइदेछ। खुब सजिलो भा छ नानी ! गोडा बिजाका छैनन् । जत्ति पनि हिंड्छु ।” आमोईले ता एकैसासमा आफ्ना गोडा, जुत्ता र यात्राको कैरन सक्नुभयो ।

“हजुर, अब त बानी पर्नुभएछ नि!”

मेरा कुरा आँखाले सुने जसरी आमोई बोल्नुभयो, “हो नानी, उमेर बिते पनि हिंड्ने रहर त कत्ति मरेको छैन ।”

“तर नि नानी, सबैभन्दा धेर यो मन चाहिं दगुर्छ । कहिलेकाहीं त ठेस लागेर लड्छ र थलै पर्छ । दगुर्दा दगुर्दा घाइते नै भइसक्यो । यसलाई कुन मल्हम, कुन ओखती लाएर बिसेक बनाउनु होला नानी ?”

आमोई अरू थप्न खोज्दै हुनुहुन्थ्यो । म आमोई र वहाँको मन दुवैलाई हेरेर अवाक् !

# धार्मिक महत्व रहेको बहुउपयोगी नरिवल



✍ **श्यामकृष्ण डंगोल 'प्रतीक्षा'**

शुभफलको प्रतीकको रूपमा मानिइएको नरिवललाई संस्कृत भाषामा 'नारिकेल' भनिन्छ भने जसलाई 'श्रीफला' पनि भन्ने गरिन्छ । यसको अर्थ हो 'शुभफलको प्रतीक' का साथै नरिवललाई 'भूमि उर्वरताको प्रतीक' को रूपमा पनि लिने गरिएको छ । त्यसैले पहिला कुनै पनि शुभ कार्यको थालनी गर्नु अगाडि भगवानलाई नरिवल चढाउने परम्परा रहि आएको देखिन्छ । यस्तो धार्मिक मूल्य मान्यता रहेको नरिवललाई हाम्रो नेपाली समाजले शुभ प्राप्तिको लागि शुभ फलको रूपमा चढाउने गरिएको छ । हिन्दु परम्परा अनुसार सन्तानको इच्छा भएर पनि सन्तान नभएको महिलाले यो नरिवलको रूख रोपेमा सन्तानको श्रीवृद्धि हुने धार्मिक विश्वास पनि रहेको पाइन्छ । हिन्दु संस्कृति अनुसार चाँड पर्व, विवाह-व्रतबन्ध, नयाँ घर बनाउन जग हाल्दा, बाटो तथा पुल निर्माण लगायत सवारी साधनमा पूजा गर्दा नरिवल फुटाएर पूजा गर्ने चलन रहेको छ । त्यसैले नरिवलको रूखलाई फल जतिकै शुभ मानिन्छ भने नरिवलको रूख विनाश गर्नेको पनि नाश हुने धार्मिक मान्यता रहेको छ । त्यस कारण, पृथ्वीमा रहेका कुनै पनि प्राणीहरूको हिंसा नहोस् भनेर नै पूजा गर्दा नरिवल चढाउने गरिन्छ । तसर्थ वैदिक शास्त्र तथा पुराणहरूमा पनि पूजा गर्दा नरिवल चढाउनु पर्ने कुरा उल्लेख भएको छ । हिन्दु ग्रन्थमा उल्लेख गरिएअनुसार राजा सत्यवर्त मान्छेकै स्वरूपमा स्वर्गलोक जाने इच्छा भएको तर स्वर्गका देवताहरूले अस्वीकार गरेको कारणले गर्दा नै ऋषि विश्वामित्रले नै नरिवलको उत्पत्ति गराएका थिए भन्ने लोक कथन पनि रहेको छ । त्यसैले हाम्रो सामाजिक संस्कार अनुरूप नरिवल फुटाउँदा मान्छेमा भएको अहंकार हट्ने र सामाजिक साथै आध्यात्मिक भावनको विकास हुने विश्वास पनि रहेको पाइन्छ ।

नरिवल प्रायः इन्डोनेशिया देश र उत्तरी एशियातिर बढी उत्पादन हुने

फल हो । नरिवलको भित्री फल बाहेक बाहिरको बोक्रा कडा भाग विभिन्न सजावट सामानदेखि लिएर अन्य घरेलु सामान बनाउन प्रयोगमा ल्याइन्छ । त्यस्तै नरिवल मानव जीवनको लागि बहुउपयोगी फल मानिन्छ । नरिवल मीठो र स्वादिलो हुने हुनाले विभिन्न परिकारहरूमा पनि मिसाएर खाने गरिन्छ । नरिवलले जमिनको नुनिलो पानी सोसेर मिठो पानी उत्पादन गर्ने भएकाले काँचो नरिवलमा हुने पानी नियमति सेवन गरेको खण्डमा पेट सफा गर्ने देखि लिएर आन्द्रा तथा किड्नीमा पत्थरी भएकाहरूका लागि नरिवलको पानी सेवन गर्नु एकदम सहायक सिद्ध मानिन्छ । साथै नरिवलको तेल सौन्दर्य प्रशोधनको लागि पनि प्रयोगमा ल्याइन्छ । नरिवलको तेल प्रयोग गर्नाले कपाल कालो बनाउने देखि कपाल फूल्न र कपाल झर्ने समस्याबाट पनि छुटकारा पाउन सकिन्छ । यसका अलावा नरिवलको पानी नियमित सेवन गरेको खण्डमा अनुहारमा चम्मक ल्याउनुका साथै शरीरलाई फूर्तिलो बनाउँछ । ♦♦

## मुक्तक



✍ **मात्रिका घिमिरे**

गर्मी हुँदा पानी पर्दा छाता ओड्नु पर्ने
एक्लो हुदा कसैसँग नाता जोड्नु पर्ने
आखिरीमा एकमुठी सास रोक्न नसकी
तेरो मेरो केही नभनी साथ छोड्नु पर्ने
(१)

आफन्त बनाउन जुठो खुवायौ के सम्बन्ध खोज्नु र!
तिम्रो साथ चाहिँदा एक्लै रूवायौ के सम्बन्ध खोज्नु र!
बलियो सम्बन्ध जीवन साथीको हो भन्छन् नि सबैले
आशिर्वाद माग्दा खुट्टा छुवायौ के सम्बन्ध खोज्नु र!
(२)

जाँगरिलो हुनुपर्छ कुद्नु पर्छ सधैं
देशको सेवा गर्नलाई उठ्नु पर्छ सधैं
माया ममता भइरहे भेट हुन्छ फेरि
कर्मयोगी हातहरू जुट्नु पर्छ सधैं
(३)

घुमाउरो त्यो नागबेली बाटो रैछ कस्तो
बाङ्गोटिङ्गो जिन्दगीको पाटो रैछ कस्तो
छातीभित्र कहाँ दुख्छ चस्स चस्स घाउ
कहिल्यै पनि नमेटिने खाटो रैछ कस्तो
(४)

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३७ साल अङ्क, ४ को **विशेषांक पुलिस प्रकाशनमा** प्रकाशित **प्र.ना.नि.बालकुमार शाक्यद्वारा लिखित 'अपराध र प्रहरी'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

– ***सम्पादक***

देशमा प्रचलित सबै नियम कानूनको पालना गर्नु प्रत्येक नागरिकको कर्तव्य हुन आउँछ । कानूनले राम्रो, सुखी समाज सिर्जना गर्ने लक्ष्य राखेको हुन्छ । परन्तु आर्थिक प्रलोभन, ईर्ष्या शंका, घृणा अतृप्त इच्छा पूर्तिको कामना आदि विविध कारणहरूबाट मानिस प्रचलित कानूनको उल्लंघन गरी अपराध कार्य गर्दछन् । यदि अपराध घटना भैसकेको भए प्रहरीले त्यास अपराधको अनुसन्धान गर्ने, अभियोगको सम्बन्धमा छानवीन गर्ने, अपराधको कारण पत्ता लगाउने, तथा सही अपराधीलाई सजाय दिलाउनको लागि अदालत वा सम्बन्धित कार्यालयमा प्रस्तुत गर्दछ । यस पक्षबाट आपराधिक न्याय प्रशासनका तीन प्रमुख हतियार-प्रहरी, न्यायालय र कारागार मध्ये प्रहरी प्रथम हतियार हुन आउँछ ।

प्रहरी समाजको सुरक्षाको लागि ठडिएको संगठनात्मक एउटा संस्था हो जसले कानूनको विपरीत कार्य गर्न नदिने तथा ती कानूनको पालन गराउने काम गर्दछ । प्रहरी संगठन कानूनको मयार्दा पालन गराउने, अपराध अनुसन्धान र रोकथामको कार्यमा मात्र सीमित रहदैन, यसले संकटकालीन परिस्थितिमा देशको रक्षा गर्दछ, देशको सार्वजनिक उपयोग तथा औद्योगिक प्रतिष्ठानको संरक्षण गर्दछ अनि प्राकृतिक प्रकोप जस्तै बाढी, पैह्रो, भुइँचालो, आगलागी यस्तै अवस्थामा आपतमा परेका जनताको रक्षा गर्नुको अतिरिक्त विविध सेवाहरू पुऱ्याउने काम पनि गर्दछ ।

अपराधको जन्म कहिले देखि भएको हो भन्नेतिर खोजी गर्दै जाँदा मानिसको उद्‌भवको साथसाथै भएको हो भन्ने ज्ञान हुन आउँछ । त्यसवेला पनि अपराध प्रवृत्ति रोकथाम गर्ने प्रयास भएकै थियो । तर सामाजिक विज्ञानको रूपमा अपराध शास्त्रको विकास दुई शताब्दी पूर्व भएको हो भन्ने अनुमान गरिएको छ ।




**दुई केटा र केटी डेटिङ् गरिरहेका रहेछन् ।**

**केटी :-** छ्या, कस्तो मोजा गनाएको तिम्रो, हिजो मैले अब देखि त्यस्तो मोजा लगाएर नआउ भनेको हैन ?

**केटा :-** ल प्रिय पनि, मैले कहाँ त्यो मोजा लगाएर आको छु त मैले अर्कै मोजा लगाएको छु, बरू त्यो हिजोको मोजा चाहिँ गोजीमा छ क्या ......

♦ ♦ ♦

**पत्नी :-** हजुरले विवाह गर्नुभन्दा पहिला मलाई सधैं जसो विभिन्न किसिमका राम्रा-राम्रा उपहारहरू दिने गर्नुहुन्थ्यो आजकाल त किन दिनुहुन्न ?

**पती :-** (गम्भीर भएर) यो पनि सोध्ने कुरा हो । बल्छी थाप्ने मानिसले माछालाई बल्छीमा पारेपछि त्यस माछालाई फेरि बल्छीमा खानेकुरा राखेर खान दिन्छ ?

♦ ♦ ♦

**धेरै बोल्ने श्रीमतीसँग एक दिन श्रीमानले भने, "पाँच मिनेट नबोली बस्न सकेयौ भने तिमीलाई ५०० रूपैयाँ दिन्छु बुझ्यौ ?"**

**श्रीमतीः-** हुन्छ किन नसक्नु ! तर पैसा चाहिँ दिनु पर्छ है ।

**श्रीमानः-** हुन्छ दिन्छु भन्दै समय हेर्न लाग्छन् ।

**श्रीमतीः-** मौन रहेरै करिब दुई मिनेट बितेपछि कति मिनेट भयो घडी हेर्नुहोस् त ?

**श्रीमानः-** ल बोली हाल्यौ नि ।

♦ ♦ ♦

एक जना मान्छे होटेलमा गएछ र जेरी खाएछ र भनेछ, अस्तीको जेरी त मिठो थियो, आज किन नमिठो ? होटेल वालाले भनेछ अस्ति कै जेरी त हो नि ! मिठो भएन र ?

**संकलनः- प्र.स.नि.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स. २०१२ सालमा नेपालभरका प्रहरी कार्यालयहरूको सङ्गठनात्मक विकास सुरू भएको थियो ।
- वि.स. २०२१ सालमा पूर्वमा धरान र पश्चिममा नेपालगंजमा प्रहरी तालिम केन्द्रको स्थापना भएको थियो ।
- वि.स. २०५२ चैत १२ गते नेपाल प्रहरी विशेष कार्यदलको स्थापना भएको थियो ।
- वि.स. २०६१ वैशाख १७ गते मानवश्रोत विकास विभागको स्थापना भएको थियो

**संकलनःप्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**जिल्ला विकास समिति दाङ समेत विरूद्ध शुभ सन्देश पोल्ट्रीफर्म एण्ड ह्याचरीका प्रो. डिल्ली बहादुर डाँगी समेत मुद्दाः- उत्प्रेषण (ने.का. प.२०७८, अंक ८, निर्णय नं. १०७२५)**

"कानूनले खास कार्यविधि तोक्नु पर्ने मनसाय राख्नुको मतलब अन्य अवस्थाभन्दा विशेष अवस्थाको अनुमान गरेको मान्नु पर्ने हुन्छ । कानूनबमोजिम बाहेक कर लगाइने र उठाइने छैन भन्ने संवैधानिक व्यवस्थाले स्पष्ट कानूनको अभावमा करको दायित्व जनताले बोक्नु पर्दैन भन्ने मान्यता राखेको छ । कर लगाउन कानून बनेको छ, सो कर कानूनको दायरामा कुनै वस्तु वा सेवा प्रस्ट रूपमा समेटिएको छ, त्यस्तो कर उठाउने कार्यविधि पनि कानूनमा तोकिएको छ एवम् त्यस्तो कार्यविधि पूरा गरिएको छ भने त्यस अवस्थामा कर असुल गर्न मिल्ने" (प्रकरण नं.११) "स्थानीय विकासका लागि कर अत्यावश्यक भएको र कानूनबमोजिम स्पष्ट रूपमै कर लाग्नेमा त्यस्तो कर तिर्नु पर्नेले कठोर सिद्धान्तमा आधारित रही कर चुक्ता गर्नुपर्ने र तिर्नुपर्ने दायित्व भएबाट असुली गरिने हुन्छ । कानूनी राज्यमा कानूनले स्पष्ट तोकेको अवस्थाबाहेक कर लगाउन र कर उठाउन मिल्दैन । त्यसैले कर लगाउने सम्बन्धमा बिना प्रतिनिधित्व कर नलाग्ने (No taxation without representation) भन्ने तथा कर कानूनको व्याख्या गर्दा करदाताको हित हुने गरी व्याख्या गर्नुपर्ने करसम्बन्धी विधिशास्त्रीय मान्यता रहेको छ । यस अवधारणाले कर लगाउँदा विशेष विचार पुऱ्याउनु पर्ने अवस्थालाई समेत इङ्गित गर्दछ । कसरी कर लगाउने र असुल गर्न सकिने हुन्छ भन्ने सम्बन्धमा केही मान्य अवधारणाहरू छन् । कर उठाउनेले अनुचित फाइदा लिने गरी आफ्नो अधिकारको प्रयोग गर्नु हुँदैन (Principle of fair play or public trust) भन्ने न्यायको मान्य सिद्धान्त हो । जनप्रतिनिधिहरू जनतामाथि अनुचित भार थप्ने प्रतिबद्धताका साथ निर्वाचित वा मनोनित भएका हुँदैनन्, निज जनप्रतिनिधिहरू नै सामेल रहेको जिल्ला परिषद् र जिल्ला विकास समितिले कर शुल्क जस्ता आफ्ना जनताउपर दायित्व सिर्जना गर्नुअघि संविधान र कानूनको गहन अध्ययन गर्नु आवश्यक हुने । जनप्रतिनिधि आफैं कानून निर्माणमा सहभागी हुने हुँदा स्थानीय सरकार सञ्चालन गर्ने प्रयोजनार्थ राजस्व संकलन गर्न निर्णय गर्ने मात्र होइन, सो अधिकारको प्रयोग कानूनसँगत एवम् जनहितमा छ, छैन भन्ने बारे पनि विचार गर्नु पर्ने"(प्रकरण नं.१२) **संकलनः प्र.स.नि.जनक आचार्य**